# अर्जुनधारा राजपत्र

अर्जुनधारा नगरपालिका, झापाद्वारा प्रकाशित

खण्ड ४, संख्या २, शनिश्चरे, ज्येष्ठ २८ गते, २०७८ साल

भाग १

**अर्जुनधारा नगरपालिका, झापाको आठौं नगर सभाबाट पारित भएका तल लेखिए बमोजिमका ऐनहरु सबैको जानकारीका लागि प्रकाशन गरिएको छ ।**

## अर्जुनधारा नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७७

**प्रस्तावना:** नेपालको संविधानको अनुसूची ८ र ९ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तहलाई तोकिएको अधिकार क्षेत्रभित्रका विषयमा आवश्यक कानून बनाई प्रशासकीय कार्यविधि नियमित गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन (संशोधन सहित) ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम अर्जुनधारा नगरपालिकाको आठौं नगरसभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम, विस्तार र प्रारम्भ** : (१) यो ऐनको नाम अर्जुनधारा नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७७ रहेको छ ।

(२) यो ऐन अर्जुनधारा नगरपालिका क्षेत्रभित्र तुरुन्त लागू हुनेछ ।

२. **परिभाषा** : (१) बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "ऐन" भन्नाले अर्जुनधारा नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७७ सम्झनु पर्छ ।

(ख) "कार्यपालिका" भन्नाले अर्जुनधारा नगर कार्यपालिका सम्झनु पर्छ ।

(ग) "नगरपालिका" भन्नाले अर्जुनधारा नगरपालिकासम्झनु पर्छ ।

(घ) "सभा" भन्नाले संविधानको धारा २२३ बमोजिमको नगरसभा सम्झनु पर्छ ।

(ङ) "संविधान" भन्नाले नेपालको संविधानलाई सम्झनु पर्छ ।



अर्जुनधारा राजपत्र

३. **नियम बनाउने अधिकार** : (१) नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ( संशोधन सहित) ऐन, २०७४ बमोजिम नगरपालिकालाई तोकिएका अधिकार क्षेत्रभित्रका विषयमा तोकिएको कार्य जिम्मेवारी निर्वाह गर्न अपनाउनु पर्ने कार्यविधि नियमित गर्नको निमित्त अर्जुनधारा नगरकार्यपालिकाले आवश्यक नियमावली बनाउन सक्नेछ।
(२) उपदफा (१) वमोजिम नियम बनाउँदा संघीय तथा प्रदेश कानून बमोजिम स्थानीय तहको क्षेत्राधिकार भित्र पर्नेविषयमा मात्र बनाउनु पर्नेछ।

४. **निर्देशिका, कार्यविधि र मापदण्ड वनाउन सक्ने:** (१) संविधान, ऐन तथा यस ऐन अन्तरगत बनेको नियमावलीको अधिनमा रही अर्जुनधारा नगर कार्यपालिकाले आवश्यकता अनुसार नियमावली वा निर्देशिका वा कार्यविधि वा मापदण्ड वनाई लागूगर्न सक्नेछ।

५. **यस ऐन बमोजिम भएको मानिने :** संविधान, ऐन तथा यस ऐन अन्तरगत वनेको नियमावलीको अधिनमा रही अर्जुनधारा नगरपालिकाबाट यस अघि भए गरेका सम्पूर्ण काम कार्वाहीहरू यसै ऐन बमोजिम भए गरेको मानिनेछ।

अर्जुनधारा राजपत्र

# अर्जुनधारा नगरपालिका, कार्यपालिकाको निर्णय वा आदेश वा अधिकारपत्रको प्रमाणीकरण (व्यवस्थित गर्ने कार्यविधि) ऐन, २०७७

**प्रस्तावनाः** अर्जुनधारा नगरपालिका,नगर कार्यपालिकाको निर्णय वा आदेश वा अधिकारपत्र लगायतका अन्य लिखत प्रमाणीकरण गर्ने विधि र प्रक्रियालाई व्यवस्थित गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २१४ को उपधारा (५) बमोजिम अर्जुनधारा नगरपालिकाको आठौं नगर सभाले देहायको ऐन बनाएको छ ।

## परिच्छेद १

## प्रारम्भ

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "अर्जुनधारा नगरपालिकाको नगर सभा र नगर कार्यपालिकाको निर्णय वा आदेश वा अधिकारपत्रको प्रमाणीकरण (व्यवस्थित गर्ने कार्यविधि) ऐन, २०७७" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "नगरपालिका" भन्नाले अर्जुनधारा नगरपालिका सम्झनु पर्छ ।

(ख) "प्रमुख" भन्नाले अर्जुनधारा नगरपालिकाको नगर प्रमुखलाई सम्झनु पर्छ ।

(ग) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले अर्जुनधारा नगरापलिका, नगर कार्यपालिकाको कार्यालयका प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ ।

(घ) "प्रामाणिक प्रति" भन्नाले निर्णय वा आदेश वा अधिकारपत्र प्रमाणित गर्ने अधिकारीले हस्ताक्षर गरेको सक्कल प्रति सम्झनु पर्छ ।

(ङ) "लिखत वा कागजात" भन्नाले देहायका बिषयसँग सम्वन्धित निर्णय वा आदेश वा तत्सम्वन्धी अधिकारपत्रसँग सम्वन्धित लिखत वा कागजात सम्झनु पर्छः

(१) नगर कार्यपालिकाले बनाएको नीति, नियम, निर्देशिका, कार्यविधि,

(२) नगर कार्यपालिकाले जारी गरेको आदेश,

(३) नगर कार्यपालिकाद्वारा पारित प्रस्ताव,

(४) नगर कार्यपालिकाले जारी गरेको अधिकारपत्र,

(५) नगर कार्यपालिकाले गरेको निर्णय,

(६) नगर कार्यपालिकाबाट नियुक्ति हुने पदको नियुक्तिपत्र, सरुवा तथा अवकाश पत्र,

(७) नगर कार्यपालिकाले जारी गरेको सूचना तथा सिर्जना गरेको तथ्याङ्क वा अभिलेख सम्वन्धी लिखत वा कागजात,

(८) प्रचलित कानून बमोजिम प्रमाणीकरण गर्नु पर्ने अन्य लिखत वा कागजात ।

(च) "सभा" भन्नाले संविधानको धारा २२३ बमोजिमको नगरसभा सम्झनु पर्छ ।

(छ) "संविधान" भन्नाले नेपालको संविधानलाई सम्झनु पर्छ ।

(ज) "सूचना तथा अभिलेख केन्द्र" भन्नाले नगरपालिका अन्तर्गत स्थापना भएको दफा ११ बमोजिमको सूचना तथा अभिलेख केन्द्र सम्झनु पर्छ ।

## परिच्छेद २

## लिखत वा कागजातको प्रमाणीकरण कार्यविधि

३. **प्रमाणीकरण कार्यविधिः** (१) नगर सभाले बनाएको ऐन, कार्यपालिकाले बनाएको नियमावली, निर्देशिका, कार्यविधि र मापदण्ड कार्यपालिकाको बैठकबाट स्वीकृत भएपछि प्रमुखले प्रमाणीकरण गर्नेछ ।

(२) प्रमुखले उपदफा(१) बमोजिम प्रमाणीकरण गर्दा नेपाली कागजमा तयार गरिएको कानुनको कम्तीमा चार प्रतिमा मिति समेत उल्लेख गरी हस्ताक्षर गर्नु पर्नेछ र त्यस्तो प्रामाणिक प्रतिमध्ये एक एक प्रति देहाय बमोजिमका निकायमा पठाउनु पर्नेछः

(क) प्रमुखज्यू सचिवालयमा,

(ख) कार्यालयको सूचना तथा अभिलेख केन्द्रमा,

(ग) संघको संघीय मामिला हेर्ने मन्त्रालयमा,

(घ) प्रदेशको नगरपालिका हेर्ने निकाय (मन्त्रालय वा विभाग) मा,

(३) सूचना तथा अभिलेख केन्द्रले उपदफा (२) बमोजम प्रमाणीकरण भएका लिखत प्रकाशन गरी नगरपालिकाका सबै वडा कार्यालयमा पन्ध्र दिनभित्र पठाउनु पर्नेछ ।

(४) यस ऐन बमोजिम प्रमाणीकरण भएको नियम अर्जुनधारा अधिकृतले सर्वसाधारणको जानकारीको लागि सार्वजनिक गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

४. **ऐन, नीति, निर्देशिका, कार्यविधि र मापदण्डको प्रमाणीकरणः** (१) नगर सभाले पारित गरेको ऐन, कार्यपालिकाले बनाएको नियमावली, नीति, निर्देशिका तथा कार्यविधि अर्जुनधारा अधिकृतले तीन प्रतिमा हस्ताक्षर गरी प्रमाणीकरण गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रमाणीकरण भएको प्रामाणिक प्रतिमध्ये एक प्रति प्रमुख प्रशासकीय अधिकृतको सचिवलयमा, एक प्रति कार्यान्वयन गर्ने सम्बन्धित निकायमा र अर्को प्रति सूचना तथा अभिलेख केन्द्रमा पठाई कार्यान्वयन तथा अभिलेखबद्ध गर्नुपर्नेछ ।

(३) सूचना तथा अभिलेख केन्द्रले उपदफा (१) बमोजिम प्रमाणीकरण भएका नीति, निर्देशिका तथा कार्यविधि सबै वडा कार्यालयमा पठाउनु पर्नेछ ।

(४) यस ऐन बमोजिम प्रमाणीकरण भएको ऐन, नियमावली, नीति, निर्देशिका तथा कार्यविधि अर्जुनधारा अधिकृतले सर्वसाधारणको जानकारीको लागि सार्वजनिक गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

५. **कार्यपालिकाको निर्णय तथा प्रस्तावको प्रमाणीकरणः** (१) कार्यपालिकाको बैठकमा पेश हुने प्रस्ताव र बैठकको निर्णय प्रमुखले प्रमाणित गर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रमाणीकरण भएका निर्णय तथा प्रस्ताव सूचना तथा अभिलेख केन्द्रले सुरक्षित तवरले संग्रह गरी राख्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम प्रमाणित निर्णय अर्जुनधारा अधिकृतले कार्यान्वयन गर्ने सम्वन्धित निकाय वा अधिकारीलाई पठाई त्यस्तो निर्णय सुरक्षित राख्नु पर्नेछ ।

(४) यस ऐन बमोजिम प्रमाणीकरण भएको निर्णय अर्जुनधारानगरपालिका, नगर कार्यपलिकाको प्रमुख प्रशासकीय अधिकृतले सर्वसाधारणको जानकारीको लागि सार्वजनिक गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

६. **आदेश वा अधिकारपत्रको प्रमाणीकरण:** (१) संविधान वा अन्य प्रचलित कानून बमोजिम कार्यपालिकाबाट जारी हुने आदेश वा अधिकारपत्रको प्रमाणीकरण प्रमुखले गर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रमाणीकरण भएको आदेश वा अधिकारपत्रको प्रामाणिक प्रतिमध्ये एक प्रति कार्यान्वयन गर्ने सम्वन्धित निकाय वा अधिकारीलाई र अर्को प्रति सूचना तथा अभिलेख केन्द्रमा पठाई अभिलेखबद्ध गर्नु पर्नेछ ।

(३) यस ऐन बमोजिम प्रमाणीकरण भएको आदेश वा अधिकारपत्र अर्जुनधारा अधिकृतले सर्वसाधारणको जानकारीको लागि सार्वजनिक गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

७. **न्यायिक समितिको निर्णय वा आदेशको प्रमाणीकरण:**(१) न्यायिक समितिको निर्णय वा आदेश उक्त समितिका संयोजक र सबै सदस्यले प्रमाणित गर्नेछन् ।

(२) न्यायिक समितिका निर्णय वा आदेशको प्रामाणिक प्रति प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेकोसम्बन्धित शाखाको कर्मचारीले संरक्षण गर्नेछ ।

(३) यस ऐन बमोजिम भएको निर्णय वा आदेशको नक्कल लिन चाहेमा तोकिएको दस्तूर लिई सरोकारवाला व्यक्ति वा संस्थालाई अर्जुनधाराप्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको कर्मचारीले नक्कल प्रति प्रमाणित गरी उपलब्ध गराउनु पर्नेछ ।

८. **सूचना वा तथ्याङ्क प्रमाणीकरण:** (१) स्थानीयस्तरको सूचना तथा तथ्याङ्क , स्वीकृत वार्षिक कार्यक्रम, योजना तथा बजेट एवं कार्ययोजनाको प्रमाणीकरण अर्जुनधारा अधिकृतले गर्नेछ ।

(२) नगरपालिकामा रहेको सूचना वा तथ्याङ्क कसैले माग गरेमा अभिलेखमा जनाई सम्वन्धित सूचना अधिकारीले प्रमाणित गरी उपलब्ध गराउनु पर्नेछ ।

(३) यस ऐन बमोजिम कुनै सूचना, तथ्याङ्क वा लिखत वा कागजात नेपाल सरकार वा प्रदेश सरकारले माग गरेमा त्यस्तो सूचना, तथ्याङ्क वा लिखत वा कागजात प्रमुख प्रशासकीय अधिकृतले प्रमाणित गरी उपलब्ध गराउनु पर्नेछ ।

९. **अन्य लिखत वा कागजातको प्रमाणीकरण:** (१) दफा ३, ४, ५, ६, ७ र ८ मा लेखिएदेखि बाहेक नगरपालिकासँग सम्बन्धित अन्य लिखत वा कागजातको प्रमाणीकरण गर्दा कार्यपालिकाबाट भएका वा जारी भएका लिखत वा कागजातको प्रमाणीकरण प्रमुख प्रशासकीय अधिकृतबाट हुनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै खास लिखत वा कागजात प्रमाणीकरणका लागि नगरपालिकाको कानूनबमोजिम कुनै खास अधिकारी तोकिएको रहेछ भने त्यस्तो लिखत वा कागजात त्यस्तो अधिकारीबाट प्रमाणीकरण हुनेछ ।

१०. **कार्यपालिकाको निर्णयबाट र कार्यालयबाट हुने नियुक्ति, सरुवा तथा अवकासको प्रमाणीकरण** : (१) कार्यपालिकाबाट नियुक्ति हुने पदको नियुक्तिपत्र, सरुवा तथा अवकाश पत्रको प्रमाणीकरण प्रमुख प्रशासकीय अधिकृतबाट हुनेछ ।

(२) नगरपालिकाको विभिन्न सेवाको अधिकृत वा सो सरहको पद र स्थायी नियक्ति हुने अन्य पदमा प्रमुख प्रशासकीय अधिकृतले प्रमाणीकरण गरी नियुक्तिपत्र दिनेछ ।

(३) नगरपालिकाको विज्ञ सेवा वा करारमा नियुक्त हुने पदमा प्रमुख प्रशासकीय अधिकृत वा निजले अख्तियारी दिएको सम्वन्धित अधिकृत कर्मचारीले प्रमाणीकरण गरी नियुक्तिपत्र दिनेछ ।

(४) यस ऐनमा लेखिएदेखि बाहेक नगरपालिकाको कानून बमोजिम नियुक्ति हुने अन्य पदको नियुक्ति अर्जुनधारा अधिकृत वा निजले तोकेको अधिकारीद्वारा प्रमाणीकरण हुनेछ ।

(५) यस ऐन बमोजिमको प्रमाणित प्रति प्रमुख प्रशासकीय अधिकृतले सुरक्षित राख्नु वा राख्न लगाउनु पर्नेछ ।

## परिच्छेद ३
## सूचना तथा अभिलेख व्यवस्थापन सम्बन्धमा

**११. सूचना तथा अभिलेख केन्द्र रहनेः** (१) नगर कार्यपालिकाबाट हुने निर्णय, आदेश लगायतका लिखत वा कागजातको प्रामाणिक प्रति लगायतका सूचना तथा अभिलेख व्यवस्थापन गर्न नगर कार्यपालिकामाएक सूचना तथा अभिलेख केन्द्र रहनेछ ।

(२) उपदफा (१) बमोजिमको सूचना तथा अभिलेख केन्द्रले यस ऐन बमोजिम प्रमाणीकरण भएका लिखत वा कागजातको सक्कल प्रामाणिक प्रति सुरक्षितसाथ राख्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम सूचना तथा अभिलेख केन्द्रले यस नियम बमोजिम प्रमाणीकरण भएका महत्वपूर्ण लिखत वा कागजातको माइक्रो फिल्म तयार गरी राख्नु पर्नेछ ।

(४) उपदफा (१) बमोजिमको सूचना तथा अभिलेख केन्द्रले लिखत वा कागजातको सिलेसिलेवार रुपमासंग्रह गरी अभिलेख राख्नु पर्नेछ ।

**१२. अभिलेख व्यवस्थित गरी राख्नु पर्नेः** (१) यस ऐन बमोजिम प्रमाणीकरण भएको लिखत वा कागजातको नगर कार्यपालिकाको सम्वन्धित बिषयगत शाखा र सूचना तथा अभिलेख केन्द्रले सुरक्षितसाथ अभिलेखबद्ध गरी राख्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम अभिलेख राख्दा विद्युतीय प्रति समेत सुरक्षित गरी राख्नु पर्नेछ ।

**१३. सार्वजनिक गर्नुपर्नेः** यस नियममा जुनसुकै कुरा लेखिएको भए तापनि प्रचलित कानूनले गोप्य राख्नुपर्ने लिखत वा कागजात भनी तोके बाहेकका अन्य सबै लिखत वा कागजात सर्वसाधारणको जानकारीको लागि सूचना तथा अभिलेख केन्द्रले सार्वजनिक रुपमा प्रकाशन गर्नु पर्नेछ । साथै नरपालिकाको आधिकारिक वेभसाइभमा समेत राख्नुपर्नेछ ।

## परिच्छेद ४
## विविध

१४. **अन्य प्रचलित कानून बमोजिम प्रमाणीकरण हुने विषयमा असर नपर्ने**: कुनै निर्णय वा आदेश प्रमाणीकरण सम्बन्धमा प्रचलित नेपाल कानूनमा छुट्टै व्यवस्था भएकोमा त्यस्तो विषयमा यस ऐनमा लेखिएको कुनै कुराले असर पार्ने छैन ।

१५. **नियमावली, निर्देशिका वा कार्यविधि बनाउन सक्ने**: यस ऐनको उद्देश्य कार्यान्वयन गर्न कार्यपालिकाले आवश्यक पर्ने नियमावली, निर्देशिका वा कार्यविधि बनाउन सक्नेछ ।

१६. **बचाऊः** यस अघि यो ऐन जारी हुनु पूर्व स्थानीय तहबाट प्रचलित कानूनबमोजिम भए गरेका निर्णय वा आदेश वा तत्सम्वन्धी अधिकारपत्रको प्रमाणीकरण यसै ऐन बमोजिम भए गरेको मानिनेछ ।

अर्जुनधारा राजपत्र

# अर्जुनधारा नगरपालिकाको शिक्षा ऐन, २०७७

**प्रस्तावना :** नेपालको संविधानको अनुसुची ८ को बुँदा नं. ८ को कार्यक्षेत्र तथा स्थानीय सरकार सञ्चालन (संशोधन सहित) ऐन, २०७४ को दफा ११(२) को खण्ड(ज) अनुसार आधारभुत तथा माध्यमिक शिक्षाको नियमन तथा व्यवस्थापन गरी, अर्जुनधाराका भावी पुस्तामा थपसदाचार, शिष्टाचार र नैतिकता प्रबर्द्धन गरी सङ्घीय लोकतान्त्रिक व्यवस्था अनुकूल आचरण भएको जनशक्ति तयार गर्न नगरपालिकाभित्र स्थापना भएका र स्थापना हुने विद्यालयहरुको प्रभावकारी व्यवस्थापनमा जोड दिंदै बालबालिकाको शिक्षामा पहुँच, नियमितता र गुणस्तर सुधार गरी जीवनोपयोगी शिक्षा प्रदान गर्न वाञ्छनीय भएकोले, अर्जुनधारा नगरपालिकाको आठौं नगर सभाले यो ऐन बनाएको छ ।

**१.संक्षिप्त नाम र प्रारम्भ:** १) यस ऐनको नाम “अर्जुनधारा नगरपालिकाको शिक्षा ऐन, २०७७” रहेको छ ।

(२ ) यो ऐन अर्जुनधारा नगरपालिका भर लागु हुनेछ ।

(३) यो ऐन नगर राजपत्रमा प्रकाशन भए पश्चात प्रारम्भ हुनेछ ।

**२. परिभाषा:** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) “प्रारम्भिक बालविकास शिक्षा” भन्नाले चार वर्ष उमेर पुरा गरेका बालबालिकालाई एक वर्षका लागि दिइने शिक्षा सम्झनुपर्छ ।

(ख) “प्राथमिक शिक्षा” भन्नाले कक्षा एकदेखि कक्षा पाँचसम्म दिइने शिक्षा सम्झनुपर्छ ।

(ग) “आधारभुत शिक्षा” भन्नाले “प्रारम्भिक बालविकास शिक्षादेखि कक्षा आठसम्म दिइने शिक्षा सम्झनुपर्छ ।

(घ) “ माध्यमिक शिक्षा ” शिक्षा भन्नाले कक्षा नौदेखि कक्षा बाह्रसम्म दिइने शिक्षा सम्झनुपर्छ ।

(ङ) “विशेष शिक्षा” भन्नाले दृष्टिबिहीन, सुस्त श्रवण, अटिज्म, बौद्धिक अपांगता, अति अशक्त शारीरिक अपांगता भएका बालबालिकालाई छुट्टै समूहमा राखी विशेष प्रकारको सहयोगका साथ दिइने शिक्षा सम्झनुपर्छ ।

(च) “सभा” भन्नाले अर्जुनधारा नगरपालिकाको नगरसभालाई सम्झनुपर्छ ।

(छ) “नगरपालिका” भन्नाले अर्जुनधारापालिका नगर कार्यपालिकालाई सम्झनुपर्छ ।

(ज) “सामुदायिक विद्यालय” भन्नाले नेपाल सरकारबाट नियमित रुपमा अनुदान पाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालयलाई सम्झनुपर्छ ।

(झ) “संस्थागत विद्यालय” भन्नाले नेपाल सरकारबाट नियमित रुपमा अनुदान नपाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनुपर्छ ।

(ञ) “ विद्यालय शिक्षा ” भन्नाले आधारभुत र माध्यमिक शिक्षा सम्झनुपर्छ ।

(ट) “ शिक्षक” भन्नाले विद्यालयको अध्यापक सम्झनुपर्छ र सो शब्दले प्रधानाध्यापक समेतलाई जनाउँछ ।

(ठ) "कर्मचारी" भन्नाले सामुदायिक विद्यालयमा कार्यरत शिक्षक बाहेकका अन्य कर्मचारीलाई सम्झनुपर्छ ।

(ढ) "तोकिएको वा तोकिएबमोजिम" भन्नाले यस ऐन तथा यस ऐन अन्तर्गत बनेको नियमावलीमा तोकिएको वा तोकिएबमोजिम सम्झनुपर्छ ।

(ण) "शैक्षिक गुठी" भन्नाले विद्यालय सञ्चालन गर्नको लागि कुनै व्यक्तिले नाफा नलिने उद्देश्यले स्थापना गरेको सार्वजनिक वा निजी गुठी सम्झनुपर्छ ।

(त) " आधारभुत तह उत्तीर्ण परीक्षा" भन्नाले आधारभुत तह (कक्षा आठ)को अन्त्यमा हुने परीक्षा सम्झनुपर्छ ।

(थ) "अनुमति" भन्नाले नेपाल सरकार वा नगरपालिकाले स्थायी स्वीकृति र सहायता प्रदान गरिनसकेको कुनै तोकिएको ठाउँ वा क्षेत्र वा कक्षा थप गर्न दिएको अस्थायी स्वीकृतिलाई जनाउँछ ।

(द) "स्वीकृति" भन्नाले तोकिए बमोजिमको शर्त पुरा गरेको विद्यालयलाई नेपाल सरकार वा नगरपालिकाले दिएको स्थायी स्वीकृतिलाई जनाउँछ ।

(ध) "स्थायी आवासीय अनुमति" भन्नाले विदेशी मुलुकले कुनै शर्त तोकी वा मुलुकमा स्थायी रुपले बसोबास गर्न पाउने गरी नेपाली नागरिकलाई उपलब्ध गराएको डाइभर्सिटी इमिग्रेन्ट भिसा (डि भि), परमानेन्ट रेजिडेन्ट भिसा (पि आर) वा ग्रिन कार्ड सम्झनुपर्छ र सो शब्दले नेपाली नागरिकलाई विदेशमा स्थायी रुपमा बसोबास गर्न दिइएको जुनसुकै नामको स्थायी अनुमति समेतलाई जनाउँछ ।

(न) "आयोग" भन्नाले शिक्षक सेवा आयोग सम्झनुपर्छ ।

(त) "समावेशी शिक्षा" भन्नाले देहायको शिक्षा सम्झनुपर्छ :

(१) दृष्टिबिहिन, न्यूनदृष्टियुक्त, बहिरा, सुस्तश्रवण,अटिज्म, बौद्धिक, शारीरिक वा अन्य अपांगता भएका बालबालिकालाई नियमित शैक्षिक पद्धतिको अधीनमा रही दिइने शिक्षा,

(२) सामाजिक, आर्थिक वा भौगोलिक कारणले पछाडि पारिएका व्यक्तिलाई विभेदरहित वातावरणमा दिइने शिक्षा ।

३ **विद्यालय खोल्न अनुमति लिनुपर्ने :** (१) कुनै नेपाली नागरिकले सामुदायिक वा सहकारी वा शैक्षिक गुठीमा विद्यालय खोल्न चाहेमा तोकिएको विवरण खुलाई नगरपालिकामा निवेदन दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन परेमा तोकिएको अधिकारीले आवश्यक जाँचबुझ गर्नेछ र जाँचबुझ गर्दा विद्यालय खोल्न मनासिव देखिएमा तोकिएको शर्त बन्देज पालना गर्ने गरी अनुमति दिनेछ ।

(३) उपदफा (२) बमोजिम अनुमति लिई सञ्चालन भएको विद्यालयले तोकिएको शर्त बन्देज पालना गरेको देखिएमा तोकिएको अधिकारीले स्वीकृति प्रदान गर्नेछ ।

(४) यो दफा प्रारम्भ हुँदाका बखत कम्पनीको रुपमा सञ्चालनमा रहेका विद्यालयले चाहेमा कम्पनी खारेज गरी शैक्षिक गुठी वा सहकारी अर्न्तगत विद्यालय सञ्चालन गर्न तोकिएको अधिकारी समक्ष निवेदन दिन सक्नेछ ।

(५) उपदफा (४) बमोजिम निवेदन परेमा तोकिएको अधिकारीले सो निवेदन उपर आवश्यक जाँचबुझ गर्नेछ र जाँचबुझ गर्दा निवेदन दिने विद्यालयको माग मनासिव देखिएमा माग बमोजिम विद्यालय सञ्चालन गर्न स्वीकृति दिनेछ ।

(६) उपदफा (२), (३) वा (५) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायका विद्यालयलाई शैक्षिक गुठीको रुपमा सञ्चालन गर्न पाउने गरी अनुमति वा स्वीकति दिइने छैन :

(क) सरकारी वा सार्वजनिक भवनमा सञ्चालन भएको विद्यालय,

(ख) सरकारी वा सार्वजनिक जग्गामा भवन बनाई सञ्चालन भएको विद्यालय,

(ग) कुनै व्यक्ति वा संस्थाले विद्यालयको नाममा भवन वा जग्गा दान दातव्य दिएकोमा सो भवनमा वा त्यस्तो जग्गामा भवन बनाइ सञ्चालन भएको विद्यालय,

(७) पूर्वप्राथमिक विद्यालय, मन्टेश्वरी, भाषा कक्षा, कोचिङ जस्ता शैक्षिक संस्थाको सञ्चालन र व्यवस्थापन तोकिए बमोजिम हुनेछ ।

(८) यस ऐन वा प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्दा देहायका कुरामा देहाय बमोजिम गर्नुपर्नेछ :

(क) शैक्षिक गुठी सञ्चालन गर्ने गुठी सञ्चालक (ट्रष्टी) संगठित संस्थाको रुपमा हुनुपर्ने,

(ख) शैक्षिक गुठी सञ्चालन गर्दा सञ्चालक बोर्ड (ट्रष्टी) मा सार्वजनिक गुठी भए कम्तीमा पाँचजना र निजी गुठी भए कम्तीमा तीन जना सदस्य हुनुपर्ने,

(ग) शैक्षिक गुठीको आय व्ययको लेखा तोकिए बमोजिम खडा गरी मान्यता प्राप्त लेखा परक्षिकबाट लेखा परीक्षण गराउनुपर्ने,

(घ) शैक्षिक गुठीको तत्काल कायम रहेका गुठीका सञ्चालक (ट्रष्टी) ले आफ्नो जीवनकालमै वा शेषपछि गुठीयारको रुपमा काम गर्ने आफ्नो उत्तराधिकारी तोक्न सक्ने,

तर सार्वजनिक गुठीको हकमा त्यस्तो उत्तराधिकारी तोक्दा प्रदेश वा संघीय मन्त्रालयको स्वीकृति लिनुपर्नेछ ।

(९) कुनै सामाजिक, परोकारी वा कल्याणकारी संस्थाले मुनाफा नलिने उद्देश्य राखी विद्यालय सञ्चालन गर्न चाहेमा तोकिएको अधिकारीबाट स्वीकृति लिई सार्वजनिक शैक्षिक गुठी वा सहकारी अन्तर्गत विद्यालय सञ्चालन गर्न सक्नेछ ।

(१०) उपदफा ( ९) बमोजिम सञ्चालित विद्यालयले अध्यापन गराउनुपर्ने विषय, पालन गर्नुपर्ने शर्त तथा अन्य व्यवस्था तोकिए बमोजिम हुनेछन् ।

(११) उपददफा (१), (२) र (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै विदेशी शिक्षण संस्थासँग सम्बन्धन गर्नेगरी कसैलाई पनि विद्यालय खोल्न अनुमति वा स्वीकृति दिइने छैन ।

तर विदेशी शिक्षण संस्थासँग सम्बन्धन गरी विद्यालय खोल्ने सम्बन्धमा मन्त्रालयसँग सम्झौता भएमा वा त्यसरी विद्यालय खोल्न कुटनैतिक नियोगबाट सिफारिस भएमा मन्त्रालयले शर्त तोकी नगरपालिकाभित्र विद्यालय खोल्न अनुमति वा स्वीकृति दिन सक्नेछ। त्यसरी विद्यालय खोल्नको लागि नगरपालिकाको पूर्वस्वीकृति लिइ मन्त्रालय समक्ष सिधै निवेदन दिन सकिनेछ।

(१२) उपदफा (११) बमोजिम अनुमति वा स्वीकृति प्राप्त विद्यालयले शर्त बमोजिम विद्यालय सञ्चालन नगरेमा नगरपालिकाले जुनसुकै बखत त्यस्तो विद्यालय बन्द गर्न सक्नेछ।

(१३) उपदफा (११) बमोजिम अनुमति वा स्वीकृति प्राप्त विद्यालयको सम्बन्धमा यस ऐन बमोजिमको अन्य व्यवस्था लागु हुने छैन।

(१४) यस सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

४. **विद्यालयको सञ्चालन:** विद्यालयको सञ्चालन तोकिए बमोजिम हुनेछ।

५. **शिक्षाको माध्यम:** (१) विद्यालयमा शिक्षाको माध्यम नेपाली भाषा, अंग्रेजी भाषा वा दुवै भाषा हुनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा शिक्षाको माध्यम देहाउ बमोजिम हुन सक्नेछ :

(क) प्राथमिक शिक्षा उपयुक्त व्यवस्थापनका आधारमा मातृभाषामा समेत दिन सकिनेछ।

(ख) गैर नेपाली नागरिकले नेपालको विद्यालयमा अध्ययन गर्दा अनिवार्य नेपाली विषयको सट्टा अन्य कुनै भाषाको विषय अध्ययन गर्न सक्नेछ।

(ग) भाषा विषय अध्ययन गराउँदा शिक्षाको माध्यम सोही भाषा हुनेछ।

६. **विद्यालयको पाठ्यक्रम र पाठ्यपुस्तक:** (१) विद्यालयले नेपाल सरकारद्वारा स्वीकृत पाठ्यक्रम र पाठ्यपुस्तक लागु गर्नुपर्नेछ।

(२) नगरपालिकाले आफ्नो क्षेत्रभित्र तोकिए बमोजिम स्थानीय पाठ्यक्रम निर्माण गरी कार्यान्वयन गर्न उपदफा (१) ले बाधा पुऱ्याएको मानिने छैन।

७. **नगर शिक्षा समिति:** (१) नगरपालिका भित्रका विद्यालयको रेखदेख र व्यवस्थापन गर्न एक नगर शिक्षा समिति रहनेछ।

(२) नगर शिक्षा समितिको गठन तथा काम, कर्तव्य र अधिकार तोकिएबमोजिम हुनेछ।

८. **वडा शिक्षा समिति:** (१) नगरपालिकाभित्रका वडाका विद्यालयहरुको रेखदेख र व्यवस्थापन गर्न प्रत्येक वडामा वडा शिक्षा समिति रहनेछ।

(२) वडा शिक्षा समितिको गठन तथा काम, कर्तव्य र अधिकार तोकिएबमोजिम हुनेछ।

९. **परीक्षा सञ्चालन तथा समन्वय समिति:** (१) नगरपालिका भित्रका विद्यालयहरुमा परीक्षा सञ्चालन तथा समन्वयका लागि एक परीक्षा समन्वय समिति रहनेछ।

(२) परीक्षा समन्वय समितिको गठन तथा काम, कर्तव्य र अधिकार तोकिएबमोजिम हुनेछ।

(३) आधारभूत तहको अन्त्यमा सञ्चालन हुने परीक्षा उपनियम (१) बमोजिमको समितिले सञ्चालन गर्नेछ ।

१०.**<u>विद्यालय व्यवस्थापन समिति</u>:** (१) नगरपालिका भित्र सञ्चालित सामुदायिक र संस्थागत विद्यालयहरुको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्न प्रत्येक विद्यालयमा एक विद्यालय व्यवस्थापन समिति रहनेछ ।

(२) विद्यालय व्यवस्थापन समितिको गठन तथा काम, कर्तव्य र अधिकार तोकिएबमोजिम हुनेछ ।

११.**<u>नगरपालिकाले निर्देशन दिनसक्ने</u> :** (१) नगरपालिकाले आवश्यकता अनुसार नगर शिक्षा समिति र विद्यालय व्यवस्थापन समितिलाई निर्देशन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको निर्देशनको पालना गर्नु नगर शिक्षा समिति र प्रत्येक विद्यालय व्यवस्थापन समितिको कर्तव्य हुनेछ ।

१२.**<u>नगर शिक्षा कोष</u>:** (१) नगरपालिकामा एउटा नगर शिक्षा कोष स्थापना हुनेछ, जसमा देहाय बमोजिमका रकमहरु रहनेछन् :

(क) नेपाल सरकार/प्रदेश सरकारबाट प्राप्त अनुदान

(ख) जिल्ला समन्वय समितिबाट प्राप्त अनुदान

(ग) शिक्षा करबाट उठेको रकम

(घ) चन्दाबाट उठेको रकम

(ङ) अन्य स्रोतबाट प्राप्त रकम

(२) उपदफा (१) बमोजिमको कोषको सञ्चालन तोकिएको बमोजिम हुनेछ ।

(३) उपदफा (१) बमोजिमको कोषको लेखा परीक्षण तोकिए बमोजिम हुनेछ ।

१३.**<u>विद्यालय सार्ने, गाभ्ने, नाम परीवर्तन वा बन्द गर्ने सम्बन्धी व्यवस्था</u>:** नगरपालिका वा तोकिएको अधिकारीले नगर शिक्षा समितिको सिफारिसमा सञ्चालन भइरहेका कुनै विद्यालयलाई एक स्थानबाट अर्को स्थानमा सार्न वा दुई वा दुई भन्दा बढी विद्यालयलाई गाभी एउटा विद्यालय कायम गर्न वा विद्यालयको नाम परिवर्तन गर्न वा विद्यालय बन्द गर्न वा तोकिएको ठाउँ वा क्षेत्रमा विद्यालय खोल्न वा विद्यालय कक्षा थप गरी सञ्चालन गर्न अनुमति वा स्वीकृति दिन सक्नेछ ।

१४.**<u>विद्यालयको सम्पत्ति</u>:** (१) सामुदायिक विद्यालयको हकभोगमा रहेको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ ।

(२) शैक्षिक गुठी अर्न्तगत सञ्चालित संस्थागत विद्यालयको सम्पत्ति सोही विद्यालयको नाममा रहनेछ ।

(३) कम्पनी अर्न्तगत सञ्चालित संस्थागत विद्यालयको सम्पत्ति सोही कम्पनीको नाममा रहनेछ ।

१५.**विद्यालयलाई छुट र सुविधा :** प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि सामुदायिक विद्यालय र शैक्षिक गुठीको रुपमा सञ्चालित संस्थागत विद्यालयको नाममा जुनसुकै लिखत पारित गर्दा रजिष्ट्रेशन दस्तुर लाग्नेछैन ।

१६.**विद्यालयको वर्गीकरण:** विद्यालयलाई तोकिएको मापदण्डका आधारमा वर्गीकरण गरिनेछ ।

१७.**विद्यालयलाई शान्ति क्षेत्रको रुपमा कायम गर्नुपर्ने :** विद्यालयमा स्वतन्त्र र भयरहित रुपमा बालबालिकाले अध्ययन अध्यापन गर्ने वातावरण सिर्जना गर्न तथा विद्यालय हाताभित्र कुनै पनि किसिमको शान्ति खल्बलिने र दलीय गतिविधि हुन नदिने गरी सबै प्रकारका विद्यालयलाई सुरक्षित राखी शान्ति क्षेत्रको रुपमा सञ्चालन हुन दिनुपर्नेछ ।

तर, यसले शिक्षक वा विद्यालय कर्मचारीहरुले कानून बमोजिम विद्यालय समयभन्दा बाहिर गरिने ट्रेड युनियन गतिविधि सञ्चालन गर्न बाधा हुनेछैन ।

१८.**शुल्क सम्बन्धी व्यवस्था:** (१) नेपाल सरकार वा नगरपालिकाले निःशुल्क शिक्षा घोषणा गरेको विद्यालय शिक्षाका लागि सामुदायिक विद्यालयले विद्यार्थीका नाममा कुनै किसिमको शुल्क लिन पाउनेछैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि अभिभावकले आफ्नो इच्छाले सामुदायिक विद्यालयलाई दिएको दान, उपहार, चन्दा वा सहयोग लिन सकिनेछ ।

(३) सबै बालबालिकालाई आधाभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्म निःशुल्क शिक्षा प्रदान गर्नको लागि नेपाल सरकार, प्रदेश सरकार वा नगरपालिकाले आवश्यक स्रोतको व्यवस्था मिलाउनेछ ।

१९. **शिक्षक महासंघ, शिक्षक तथा कर्मचारीको पदीय आचारण र अन्य व्यवस्था:** (१) सामुदायिक विद्यालयका शिक्षक तथा कर्मचारीहरुको पेशागत हक हितको सम्बन्धमा कार्य गर्न नगरपालिकामा एक शिक्षक महासंघ रहनेछ ।

(२) शिक्षक महासंघको गठन तोकिए बमोजिम हुनेछ ।

(३) देहायका अवस्थामा शिक्षक वा कर्मचारीलाई पदबाट हटाइनेछ :

(क) पदीय दायित्व पुरा नगरेमा,

(ख) बिना सूचना लगातार पन्ध्रदिन भन्दा बढी समय विद्यालयमा अनुपस्थित भएमा,

(ग) विद्यालयमा मादक पदार्थ सेवन गरी आएको प्रमाणित भएमा ,

(घ) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा अदालतबाट सजाय पाएमा,

(ङ) सामुदायिक विद्यालयका शिक्षक वा कर्मचारीले विद्यालय/कार्यालय समयमा अन्यत्र अध्यापन वा काम गरेमा वा अन्य कुनै व्यवसाय सञ्चालन गरेमा,

(च) शिक्षक वा कर्मचारी राजनैतिक दलको कार्यकारिणी समितिको सदस्य रहेको पाइएमा ।

२०.**स्थायी आवासीय अनुमति लिन नहुने :** सामुदायिक विद्यालयमा कार्यरत शिक्षक वा कर्मचारीले स्थायी आवासीय अनुमति लिन वा त्यस्तो अनुमति प्राप्त गर्नको लागि आवेदन दिन हुदैन । यो दफा प्रारम्भ हुनु अघि कसैले स्थायी आवासीय अनुमति लिएको भए वा त्यस्तो अनुमति प्राप्त गर्नको लागि आवेदन दिएको भए त्यस्तो शिक्षक वा कर्मचारीलाई

भविष्यमा अयोग्य नठहरिने गरी सेवाबाट बर्खास्त गरिनेछ । यो नेपाल बाहिर जाने अवस्थाका लागि मात्र लागु हुनेछ ।

२१.**शैक्षिक योग्यता:** विद्यालय शिक्षकको लागि चाहिने शैक्षिक योग्यता तोकिएबमोजिम हुनेछ ।

२२. **शिक्षक विद्यार्थीको अनुपात मिलाउनु पर्ने:** नगर शिक्षा समितिले प्रत्येक विद्यालयमा नियमित अध्ययन गर्ने विद्यार्थी संख्या र विषयका आधारमा तोकिए बमोजम विद्यार्थी तथा शिक्षकको अनुपात कायम गर्नुपर्नेछ ।

२३. **बालबालिकालाई निष्काशन गर्न, शारीरिक र मानसिक दुर्व्यवहार गर्न नहुने :** (१) कुनै पनि बालबालिकालाई विद्यालयबाट निष्काशन गर्न पाइनेछैन ।

(२) विद्यालयमा अध्ययनरत बालबालिकालाई शारीरिक वा मानसिक यातना दिन वा दुर्व्यवहार गर्न पाइनेछैन ।

२४. **शिक्षकको सरुवा:** (१) सामुदायिक विद्यालयमा कार्यरत शिक्षकले तोकिए बमोजिमको फाराम भरी नगरपालिकाको शिक्षा शाखामा निवेदन दिनुपर्नेछ ।

(२) शिक्षकको सरुवा सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

२५.**तलव भत्ता नपाउने र सेवा अवधि गणना नहुने:** नियमानुसार विदा स्वीकृति गराई बसेको अवस्थामा बाहेक विद्यालयमा अनुपस्थित रहेको शिक्षकले अनुपस्थित अवधिको तलवभत्ता पाउनेछैन र त्यस्तो अवधि निजको सेवा अवधिमा गणना हुनेछैन ।

२६.**अध्यापन अनुमति पत्र लिनुपर्ने :**(१) शिक्षक सेवा आयोगबाट अध्यापन अनुमति पत्र नलिई कुनै पनि शिक्षकले विद्यालयमा शिक्षण गर्न पाउने छैन ।

(२) शिक्षक सेवा आयोगले तोकिएका विषय शिक्षकलाई आयोगले तोके बमोजिम अस्थायी अनुमति पत्र लिई वा अध्यापन अनुमति पत्र जारी नभएका प्राविधिक धारका हकमा अध्यापन अनुमति पत्र बिना पनि शिक्षण गर्न बाधा पुग्ने छैन ।

(३) अस्थायी वा करार शिक्षक नियुक्ति गर्ने प्रयोजनको लागि पहिलो पटक दरखास्त आह्वान गर्दा उपदफा (१) को अध्यापन अनुमति पत्र नभएकै कारणबाट कुनै पनि दरखास्त नपरी पठनपाठनमा बाधा पर्ने भएमा दोश्रो पटकको दरखास्त आह्वानमा अध्यापन अनुमति पत्र नभएको उम्मेदवारलाई समेत दरखास्त पेश गरी प्रतिश्पर्धामा सहभागी गराई अस्थायी वा करार नियुक्ति गर्न बाधा पर्ने छैन ।

२७. **विद्यालय कोष:** (१) प्रत्येक विद्यालयमा एउटा विद्यालय कोष रहनेछ, जसमा देहाय बमोजिमका रकमहरु रहनेछन् :

(क) नेपाल सरकार/प्रदेश सरकारबाट प्राप्त अनुदान,

(ख) जिल्ला समन्वय समितिबाट प्राप्त अनुदान,

(ग) नगर शिक्षा कोषबाट प्राप्त अनुदान,

(घ) शुल्कबाट प्राप्त अनुदान,

(ङ) चन्दा वा दान दातव्यबाट प्राप्त अनुदान,

(च) अन्य स्रोतबाट प्राप्त अनुदान,

(२) उपदफा (१) बमोजिमको कोषको सञ्चालन र लेखापरीक्षण तोकिए बमोजिम हुनेछ ।

२८. **अनुमति नलिई शैक्षिक परामर्श सेवा, ब्रिज कोर्ष कार्यक्रम वा शिक्षण कोर्ष सञ्चालन गर्न नहुने :** (१) कसैले पनि नगरपालिकाबाट अनुमति नलिई शैक्षिक परामर्श सेवा, ब्रिज कोर्ष, भाषा शिक्षण कक्षा वा पूर्वतयारी कक्षा र ट्यूसन वा कोचिङ सेन्टर सञ्चालन गर्न पाइनेछैन ।

(२) उपदफा (१) बमोजिमको शैक्षिक कार्यक्रम सञ्चालनको अनुमति लिने सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।तर, विद्यालयहरुले आफ्ना विद्यालयका विद्यार्थीको परीक्षाको तयारीका लागि सञ्चालन गरेको कोचिङ् कक्षा सञ्चालन गर्न बाधा हुने छैन ।

२९. **प्रारम्भिक बालविकास शिक्षाः** (१) प्रारम्भिक बालविकास शिक्षाको सञ्चालन तथा व्यवस्थापन तोकिए बमोजिम हुनेछ ।

(२) नगरपालिकाले प्रारम्भिक बालविकास केन्द्रलाई तोकिए बमोजिम अनुदान दिन सक्नेछ ।

३०. **अनौपचारिक शिक्षाः** नगरपालिकाले स्थानीय आवश्यकताको आधारमा अनौपचारिक शिक्षा, विशेष शिक्षा, निरन्तर सिकाइ, दूर शिक्षा तथा समावेशी शिक्षाका कार्यक्रमहरु सञ्चालन गर्न सक्नेछ ।

३१. **सामुदायिक सिकाइ केन्द्र सञ्चालन गर्न सक्नेः** नगरपालिकाले समुदायमा साक्षरता, सीप विकास, आयआर्जन तथा सीपमुलक कार्यक्रम सञ्चालनका लागि तोकिएबमोजिम सामुदायिक सिकाइकेन्द्र सञ्चालन गर्नसक्नेछ ।

३२. **प्रगति विवरण बुझाउनु पर्नेः** संस्थागत विद्यालयले प्रत्येक वर्ष तोकिए बमोजिमका विवरण सहितको प्रगति विवरण नगरपालिकामा बुझाउनुपर्नेछ ।

३३. **दण्ड र सजायः** (१) कसैले विद्यालयको सम्पत्ति हिनामिना गरेमा वा नोक्सान गरेमा त्यस्तो व्यक्तिलाई मुद्दा हेर्ने अधिकारीले बिगो असुल गरी बिगो बमोजिमको/बराबर जरिवाना गर्नसक्नेछ ।

(२) कसैले देहायका कार्य गरेमा, गर्न लगाएमा वा सो कार्य गर्न सहयोग पुऱ्याएमा त्यस्तो व्यक्तिलाई कसुरको मात्रा हेरी एक लाख रुपैयाँसम्म जरिवाना वा छ महिनासम्म कैद वा दुवै सजाय हुनेछ ।

(क)प्रश्नपत्रको गोपनियता भङ्ग गरेमा,

(ख) उत्तरपुस्तिका परीक्षण गर्दा लापरवाही वा गैरजिम्मेवारीपूर्ण कार्य गरेमा,

(ग) परीक्षा केन्द्रमा सम्बन्धित पदाधिकारीको स्वीकृति विना प्रवेश गरेमा वा परीक्षा केन्द्र नियन्त्रणमा लिई अमर्यादित कार्य गरेमा,

(घ) परीक्षाफल प्रकाशनमा अनियमितता गरेमा,

(ङ) अरुको तर्फबाट परीक्षा दिएमा,

(च) परीक्षाको मर्यादा भङ्ग हुने अरु कुनै कार्य गरेमा,

(छ) अनुमति नलिई कुनै शैक्षिक कार्यक्रम, शैक्षिक परामर्श सेवा, ब्रिजकोर्ष, भाषा शिक्षण कक्षा तथा पूर्वतयारी कक्षा सञ्चालन गरेमा ।

**३४. अदालतको आदेशबाट पुनर्बहाली हुनसक्ने :** विभागीय सजाय भई नोकरीबाट हटाइएको वा बर्खास्त भएको शिक्षक अदालतको आदेश वा फैसलाबमोजिम मात्र नोकरीमा पुनर्बहाली हुनसक्नेछ ।

३५.**मुद्दा हेर्ने अधिकारी:** (१) दफा ३३ बमोजिम सजाय हुने कसुर सम्बन्धी मुद्दामा कारवाही र किनारा गर्ने अधिकार स्थानीय न्यायिक समितिलाई हुनेछ ।

(२) यस ऐन बमोजिम कारबाही तथा सजाय हुने मुद्दामा अनुसन्धान तथा तहकिकात गर्ने अधिकारीले सम्बन्धित सरकारी वकिल कार्यालयको परामर्श तथा सहयोग लिन सक्नेछ ।

३६.**दरबन्दी सिर्जना गर्नसक्ने :** नेपाल सरकारद्वारा स्वीकृत दरबन्दी नभएका र दरबन्दी अपुग भएका सामुदायिक विद्यालयका लागि नगरपालिकाले आफ्नो स्रोतबाट आवश्यकता अनुसार निश्चित समयावधि तोकेर करार शिक्षक/बालबिकास शिक्षक तथा कर्मचारीको पद सिर्जना गर्न सक्नेछ ।

३७. **नियम बनाउने अधिकार:** यस एनको उद्देश्य कार्यान्वयन गर्न नगर कार्यपालिकाले नियम बनाउन सक्नेछ ।

३८. **नियमावली/निर्देशिका/कार्यविधि बनाउन सक्ने :** यस ऐनको कार्यान्वयनका लागि नगरपालिकाको शिक्षा हेर्ने निकायले आवश्यक नियमावली/निर्देशिका/कार्यविधि बनाइ नगर कार्यपालिकाबाट स्वीकृत गरी लागु गर्नसक्नेछ ।

३९.**बाधा अड्काउ हटाउने अधिकार:** यस ऐनको उद्देश्य कार्यान्वयन गर्न कुनै बाधा अड्काउ परेमा नगर कार्यपालिकाले त्यस्तो बाधा अड्काउ हटाउन आदेश जारी गर्न सक्नेछ, त्यस्तो आदेश यसै ऐन सरह मानिनेछ ।

**४०. बचाउ र लागु नहुने :** (१) यो ऐन तथा यस ऐन अन्तर्गत बनेका नियममा जुनसुकै कुरा लेखिएता पनि यसमा उल्लेख भए बमोजिम र उल्लेख नभएको हकमा प्रचलित नेपाल कानून बमोजिम हुनेछ ।

(२) यस ऐनमा लेखिएको कुनै कुराले पनि विद्यालयको सम्पत्ति हिनामिना गरेको कसूरमा भ्रष्टाचार निवारण ऐन, २०५९ अन्तर्गत कारबाही चलाउन बाधा पर्ने छैन ।

(३) यस ऐनका कुनै दफा तथा उपदफाहरु संविधान तथा संघीय वा प्रदेश कानूनहरुसंग बाझिएको हकमा बाझिएको हदसम्म स्वतः निष्क्रिय हुनेछन् ।

# अर्जुनधारा नगरपालिकाको संस्था दर्ता ऐन,२०७७

**प्रस्तावनाः** नेपालको संविधानले आर्थिक, समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक, समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्न गरेको संकल्पको सन्दर्भमा नेपालको संविधानको धारा २२६ प्रदत्त अधिकार प्रयोग गरी, स्थानीय सरकार सञ्चालन (संशोधन सहित) ऐन, २०७४ को दफा ११ (४) खण्ड (ठ) वमोजिम यस नगर भित्र सामाजिक, धार्मिक, साहित्यिक, साँस्कृतिक, वैज्ञानिक, शैक्षिक, बौद्धिक, शारीरिक, आर्थिक, व्यावसायिक तथा परोपकारी संथाहरुको स्थापना, अन्यत्र स्थापना भई यस नगरपालिका क्षेत्रभित्र कार्य गर्नका लागि सूचीकृत हुन र वार्षिक नवीकरणको कार्य व्यवस्थापन गर्न स्थानीय सरकार सञ्चालन (संशोधन सहित) ऐन, २०७४ को दफा १०२ को उपदफा (१) वमोजिम “संस्था दर्ता ऐन, २०७७” अर्जुनधारा नगरपालिकाको आठौं नगर सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम, विस्तार र प्रारम्भ** : (१) यस ऐनको नाम“ अर्जुनधारा नगरपालिकाको संस्था दर्ता ऐन, २०७७” रहेको छ ।

(२) यो ऐन अर्जुनधारा नगरपालिका क्षेत्रभर लागू हुनेछ ।

(३) यो ऐन नगर राजपत्रमा प्रकाशन भए पश्चात लागू हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा :

(क) “नगरपालिका” भन्नाले अर्जुनधारा नगरपालिका सम्झनु पर्दछ ।

(ख) “संस्था” भन्नाले सामाजिक, धार्मिक, साहित्यिक, साँस्कृतिक, वैज्ञानिक, शैक्षिक, बौद्धिक, शारीरिक, आर्थिक, व्यावसायिक तथा परोपकारी कार्यहरुको विकास एवं विस्तार गर्ने उद्देश्यले स्थापना भएको संघ संस्था, क्लव, मण्डल/ मण्डली, परिषद्, अध्ययन केन्द्र तथा मैत्रीसंघ समेतलाई जनाउँछ ।

(ग) “प्रमुख” भन्नाले नगर प्रमुख सम्झनु पर्दछ ।

(घ) “स्थानीय अधिकारी” भन्नाले नगरपालिकाको संगठन संरचनामा संघसंस्थाको नियमन गर्न तोकेको शाखाको शाखा प्रमुख (अधिकृत) सम्झनु पर्दछ ।

(ङ) “सञ्चालन समिति” भन्नाले संस्थाको विधान अनुसार यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए वमोजिम सम्झनु पर्दछ ।

**३. दर्ता नगरी संस्था खोल्नु नहुनेः** यस ऐनवमोजिम दर्ता नगरी कसैले पनि संस्थाको स्थापना गर्न हुँदैन ।

**४. संस्थाको दर्ता** : (१) संस्था स्थापना गर्न चाहने कुनै सात जना वा सोभन्दा बढी व्यक्तिहरुले संस्थासम्वन्धी देहायको विवरण खुलाई संस्थाको विधानको एक प्रति र तोकिएको दस्तुर सहित स्थानी अधिकारी समक्ष निवेदन दिनु पर्नेछ :

(क) संस्थाका सदस्यहरको फोटो सहित नाम, थर, पेशा र सम्पर्क नं. खुलेको व्यक्तिगत विवरण,

(ख) सञ्चालन समितिका सदस्यहरुको नागरिकताको प्रतिलिपि,
(ग) संस्थाको नामकरण गरी दर्ता गर्न निर्णय गरिएको वैठकको प्रतिलिपि,
(घ) संस्थाको कार्यालय रहने स्थानको ठेगाना , घरको विवरण तथा सम्पर्क नं.
(ङ) सम्वन्धित वडा कार्यालयको सिफारिस ।

(२) उपदफा (१) वमोजिमको निवेदन प्राप्त भएपछि स्थानीय अधिकारीले आवश्यक जाँचवुझ गरी संस्था दर्ता गर्न उचित ठानेमा संस्था दर्ता गरी दर्ताको प्रमाण-पत्र दिनेछ ।

(३) स्थानीय अधिकारीले कुनै संस्था दर्ता नगर्ने निर्णय गरेमा त्यसको सूचना निवेदकलाई दिनु पर्नेछ र निवेदकले सूचना प्राप्त गरेको मितिले पैतिस दिनभित्र त्यस्तो निर्णय उपर प्रमुख समक्ष उजूर गर्न सक्नेछ ।

(४) उपदफा (३) वमोजिम उजूर प्राप्त भएपछि प्रमुखले आवश्यक जँचवुझ गरी त्यस्तो संस्था दर्ता गर्न स्थानीय अधिकारीलाई आदेश दिन सक्नेछ र त्यस्तो आदेश भएपछि स्थानीय अधिकारीले संस्था दर्ता गरिदिनु पर्नेछ ।

(५) यस दफा अन्तर्गत दिइने प्रमाण-पत्र ढाँचा तोकिए वमोजिमको हुनेछ ।

**५. <u>संस्था सूचीकृत गर्ने</u>** : (१) नेपालको सरकार वा अन्य स्थानीय तह/ निकायमा दर्ता भै यस नगरपालिका भित्र कार्यक्रम सञ्चालन गर्न वा शाखा विस्तार गर्न इच्छुक संघसंस्थाले सूचिकृत हुन तोकिएको दस्तुर सहित देहायको विवरण खुलाई स्थानीय अधिकारी समक्ष निवेदन दिनु पर्नेछ :

(क) स्थानीय तह वा अन्य निकायमा दर्ता भएको प्रमाण पत्रको प्रतिलिपि,
(ख) अघिल्लो आ.व. को लेखा परीक्षण प्रतिवेदनको प्रतिलिपि
(ग) अग्रिम आयकर दर्ता प्रमाण पत्रको प्रतिलिपि ,
(घ) संस्थाको कार्य क्षेत्र विस्तार गर्न सञ्चालन समितिले गरेको निर्णय प्रतिलिपि,
(ङ) सञ्चालन गरिने कार्यक्रमको प्रस्ताव ।

(२) उपदफा (१) वमोजिम सूचिकृत गर्न हुन निवेदन प्राप्त भएपछि स्थानीय अधिकारीले आवश्यक जाँचवुझ गरी संस्था सूचीकृत गर्न ठानेमा स्वीकृतीका लागि कार्यपालिका वैठकमा पेश गर्नु पर्नेछ ।

(३) उपदफा (२) वमोजिम कार्यपालिका वैठकबाट संस्था सूचीकृतको निर्णय भएको ७ ( सात) दिन भित्र स्थानीय अधिकारीले संस्था सुचीकृतको प्रमाण पत्र उपलब्ध गराउनु पर्दछ ।

(४) यस दफा अन्तर्गत दिइने प्रमाण-पत्रको ढाँचा तोकिए वमोजिमको हुनेछ ।

**६. <u>संस्था नवीकरण</u>** :(१) यस ऐनको दफा ४ वमोजिम दर्ता भएका र दफा ५ वमोजिम सूचीकृत भएका संस्थाले देहायको विवरण खुलाई तोकिएको दस्तुर सहित नविकरणका लागि स्थानीय अधिकारी समक्ष निवेदन दिनु पर्नेछ :

(क) संस्था दर्ताको प्रमाण पत्र
(ख) अघिल्लो आ.व. को लेखा परीक्षण प्रतिवेदनको प्रतिलिपी,

(ग) नवीकरण भएको अग्रिम आयकर दर्ता प्रमाण पत्रको प्रतिलिपी,

(२) उपदफा (१) वमोजिम नवीकरण हुन निवेदन प्राप्त भएपछि स्थानीय अधिकारीले आवश्यक जाँचवुझ गरी संस्था नवीकरण गर्नेछ । तर उपदफा (१) वमोजिमका कागजतका प्रतिलिपी पेश नगरी नवीकरण गरिने छैन ।

७.**संगठित संस्था मानिने** : (१) यस ऐन अन्तर्गत दर्ता भएका प्रत्येक संस्था अविछिन्न उत्तराधिकावाला स्वाशासित र संगठित संस्था हुनेछ। सो संस्थाको सबै कामको निमित्त आफ्नो छुट्टै छाप हुनेछ।

(२) संस्थाले व्यक्ति सरह चलअचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न र वेचविखन गर्न सक्नेछ ।

(३) संस्थाले व्यक्ति सरह आफ्नो नामवाट संवैधानिक तथा कानूनी अधिकार प्रयोग गर्न सक्नेछ ।

८. **संस्थाको सम्पत्ति** :(१) संस्थाको पदाधिकारी, सदस्य वा कर्मचारी लगायत कुनै व्यक्तिले संस्थाको विधान विरुद्ध संस्थाको कुनै सम्पत्ति दुरुपयोग गरेमा, कब्जा गरेमा वा रोक्का राखेमा स्थानीय अधिकारीले कार्यपालिकाको बैठक पेश गरी कार्यपालिकाको निर्णय वमोजिम त्यस्तो सम्पत्तिको दुरुपयोग गर्ने, कब्जा वा रोक्का राख्नेबाट लिई संस्थालाई फिर्ता बुझाई दिन सक्नेछ ।

(२) उपदफा (१) वमोजिमको संस्थाको सम्पत्ति फिर्ता गर्ने गरी कार्यपालिकाको निर्णय वमोजिम भएको कारवाईमा चित्त नवुझ्ने व्यक्तिले ३५ दिन भित्र जिल्ला अदालत समक्ष पुनरावेदन दिन सक्नेछ ।

(३) संस्थाको सदस्य वा कर्मचारी लगायतले कुनै व्यक्तिले संस्थाको कुनै सम्पत्ति वा लिखत वा प्रतिष्ठा विरुद्ध कुनै अपराध वा प्रचलित कानून विपरितको कार्य गरेमा संस्था, संस्थाको कुनै सदस्य वा कर्मचारीले प्रचलित कानून बमोजिम मुद्दाको कारवाई चलाउन नगरपालिका समक्ष उजुरी दिन सक्नेछ ।

९.**दर्ता नभई स्थापना भएको वा सूचीकृत नभई सञ्चालनमा रहेको संस्थाले दर्ता वा सूचीकृत गर्ने** : यो ऐन प्रारम्भ हुनुभन्दा अघि तत्काल प्रचलित कानून वमोजिमदर्ता नभई स्थापना भई रहेको संस्था र नगरपालिकामा सूचीकृत नभै सञ्चालनमा रहेका संस्थाले पनि यो ऐन प्रारम्भ भएको मितिले तीन महिनाभित्र यो ऐन बमोजिम दर्ता वा सूचीकृत गराउनु पर्नेछ ।

१०. **संस्थाका उद्देश्यहरुमा हेरफेर** :(१) संस्थाको उद्देश्यहरुमा हेरफेर गर्न आवश्यक देखेमा वा सो संस्थालाई अर्को संस्थामा गाभ्न उचित देखेमा सो संस्थाको सञ्चालन समितिले तत्सम्वन्धी प्रस्ताव तयार गरी सो प्रस्ताव उपर छलफल गर्न संस्थाको विधानबमोजिम साधारण सभा बोलाउनु पर्नेछ ।

(२) साधारण सभामा उपस्थित भएका जम्मा सदस्य संख्याको दुई तिहाई सदस्यहरुले प्रस्तावमा समर्थन जनाएमा सो प्रस्ताव साधरण सभाबाट पारित भएको मानिनेछ। तर, सो प्रस्ताव लागू गर्न प्रमुखको पूर्व स्वीकृति लिनु पर्नेछ ।

११. **लेखाको विवरण पठाउनु पर्ने** : सञ्चालन समितिले आफ्नो संस्थाको लेखाको विवरण लेखा परीक्षकको प्रतिवेदन सहित प्रत्येक वर्ष स्थानीय अधिकारीकहाँ पठाउनु पर्नेछ ।

१२. **लेखा जाँच गर्ने** : (१) नगरपालिकाले आवश्यक देखेमा संस्थाको लेखा आफूले नियुक्त गरेको लेखा विज्ञ वा अधिकृतद्वारा परीक्षण गराउने सक्नेछ ।

(२) उपदफा (१) वमोजिम लेखा परीक्षण गराए वापत नगरपालिकाले परीक्षण जाँचबाट देखिन आएको संस्थाको मौज्दात रकमको सयकडा तीन प्रतिशतले नबढाई आफूले निर्धारित गरेको दसतूर असूल गरी लिन सक्नेछ ।

(३) लेखा परीक्षण गर्ने विज्ञ वा अधिकृतले मागेको विवरण तथा कागजपत्र वा सोधेको प्रश्नको जवाफ दिनु संस्थाको पदाधिकारी, सदस्य र कर्मचारीको कर्तव्य हुनेछ ।

( ४) लेखा परीक्षण गर्ने अधिकृतले नगरपालिकाले तोकिदिएको म्याद भित्र लेखा जाँचको प्रतिवेदन नगरपालिका समक्ष पेश गर्नु पर्नेछ र सो प्रतिवेदनको आधारमा संस्थाको कुनै सम्पत्ति सो संस्थाको कुनै पदाधिकारी, सदस्य वा कर्मचारीले हिनामिना गरेको, नोक्सान गरेको वा दुरुपयोग गरेको छ भन्ने नगर कार्यपालिकालाई लागेमा निजले त्यस्तो पदाधिकारी, सदस्य वा कर्मचारीबाट सो हानी नोक्सानी असूल गर्न प्चलित कानूनबमोजिम कारवाई चलाउन सक्नेछ। तर, प्रचलित कानूनले सजाय समेत हुने अपराध भएकोमा प्रचलित कानून बमोजिम मुद्दा चलाउन लगाउनेछ ।

१३. **निर्देशन दिने** : नगरपालिकाले संस्थालाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यसको निर्देशनको पालना गर्नु सम्वन्धित संस्थाको कर्तव्य हुनेछ ।

१४. **दण्ड सजाय** : (१) दफा ३ वमोजिम संस्था दर्ता नगराई संस्था स्थापना गरेमा वा दफा ९ वमोजिम संस्था दर्ता वा सूचीकृत नगरी संस्था सञ्चालन गरेमा त्यस्ता संस्थाका सञ्चालन समितिका सदस्यहरुलाई नगरपालिकाले जनही दश हजार रुपैयासम्म जरीवाना गर्न सक्नेछ ।

(२) दफा ११ वमोजिम लेखाको विवरण नपठाएमा सञ्चालन समितिका सदस्यहरुलाई नगरपालिकाले जनही तीन हजार रुपैयाँसम्म जरीवाना गर्न सक्नेछ। तर , कुनै सदस्यले दफा ११ उल्लंघन निजलाई सजाय गरिने छैन ।

(३) दफा १२ को उपदफा (३) बमोजिम हिसाव जाँच गर्ने सम्बन्धित अधिकृतले मागेको विवरण तथा कागजपत्रहरु वा सोधेको प्रश्नको जवाफ नदिने सम्वन्धित पदाधिकारी, सदस्य वा कर्मचारीलाई नगरपालिकाले एक हजार रुपैयाँ सम्म जरीवाना गर्न सक्नेछ ।

(४) दफा १० बमोजिम प्रमुखको स्वीकृति नलिई संस्थाको उद्देश्यमा हेरफेर गरेमा वा अर्को संस्थासित गाभेमा वा संस्थाले आफ्नो उद्देश्यको प्रतिकुल हुने गरी काम कारवाई गरेमा वा नेपाल सरकार, प्रदेश सरकार र नगरपालिकाले दिएको निर्देशनको पालना नगरेमा कार्यपालिकाले त्यस्ता संस्थाको दर्ता निलम्वन गर्न वा खारेज गर्न सक्नेछ ।

१५. **पुनरावेदन** : दफा १४ वमोजिम नगरपालिकाले गरेको अन्तिम निर्णय उपर ३५ दिन भित्र तोकिएको जिल्ला अदालतमा पनरावेदन लाग्नेछ ।

१६. **संस्थाको विघटन र त्यसको परिमाण** :(१) संस्थाको विधान वमोजिम कार्य सञ्चालन गर्न नसकी वा अन्य कुनै कारणवस संस्था विघठन भएमा त्यस्तो संस्थाको जायजेथा नगरपालिकाको स्वामित्वमा आउनेछ ।

(२) उपदफा (१) वमोजिम विघठन भएको संस्थाको दायित्वको हकमा सो संस्थाको जायजेथाले थामेसम्म त्यस्तो नगरपालिकाले व्यहोर्ने छ ।

१७. **नियमावली बनाउने अधिकार** : यस ऐनको उद्देश्य कार्यान्वयन गर्न नगर कार्यपालिकाले नियमावली वनाउन सक्नेछ ।

१८. **अधिकार प्रत्यायोजन** : यस ऐन वा ऐन अन्तर्गत बनेको नियमावली वमोजिम प्राप्त अधिकारहरुमध्ये सबै वा कुनै अधिकार कार्यपालिकाले सम्वन्धित शाखाको कुनै अधिकृतलाई प्रत्यायोजन गर्न सक्नेछ ।

अर्जुनधारा राजपत्र

# अर्जुनधारा नगरपालिकाको नगर प्रहरी व्यवस्थापन ऐन, २०७७

**प्रस्तावना :**नगर कार्यपालिकाबाट उपलब्ध प्रशासनिक सेवा, कर प्रणाली, फोहरमैला व्यवस्थापन तथा विपद व्यवस्थापनका साथै दमकल सेवालाई प्रभावकारी र निश्पक्ष ढङ्गबाट आम नागरिक माझ पुऱ्याउन नगरपालिकाको नगर प्रहरी सेवालाई जिम्मेवार प्रभावकारी तथा निश्पक्ष बनाई पूर्ण क्षमता साथ सञ्चालन गर्ने उद्देश्यले नेपालको संविधानको अनुसूची–८ मा उल्लिखित स्थानीय तहको अधिकारको सूची तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (२) को खण्ड (क) अनुसारको काम, कर्तव्य तथा अन्य तोकिएको कार्यसम्पादन गर्ने प्रयोजनको लागि,

नेपालको संविधानको धारा २२६ र स्थानीय सरकार सञ्चालन (संशोधन सहित) ऐन, २०७४ को दफा १०२ मा भएको अधिकार प्रयोग गरी अर्जुनधारा नगरपालिकाको आठौं नगर सभाबाट यो ऐन जारी गरिएको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम "अर्जुनधारा नगरपालिका, नगर प्रहरी व्यवस्थापन ऐन,२०७७" रहेकोछ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा :

(क) **"नगरपालिका"**भन्नाले अर्जुनधारा नगरपालिका सम्झनुपर्छ ।

(ख) **"कार्यपालिका"**भन्नाले अर्जुनधारा नगरपालिकाको नगर कार्यपालिका सम्झनुपर्छ।

(ग) **"वडा समिति"** भन्नाले अर्जुनधारा नगरपालिकाका वडा समितिहरु सम्झनुपर्छ ।

(घ) **"प्रमुख"** भन्नाले अर्जुनधारा नगरपालिकाको प्रमुखलाई सम्झनुपर्छ ।

(ङ) **"उप प्रमुख"** भन्नाले अर्जुनधारा नगरपालिकाको उपप्रमुखलाई सम्झनुपर्छ ।

(च) **"वडा अध्यक्ष"** भन्नाले अर्जुनधारा नगरपालिकाको वडाको वडा अध्यक्षलाई सम्झनुपर्छ ।

(छ) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले अर्जुनधारा नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ ।

(ज) **"सदस्य"** भन्नाले अर्जुनधारा नगर कार्यपालिकाको सदस्य सम्झनुपर्छ र सो शब्दले कार्यपालिकाको प्रमुख, उप प्रमुख तथा वडा अध्यक्ष समेतलाई जनाउँछ ।

(झ) **"वडा सदस्य"** भन्नाले अर्जुनधारा नगरपालिकाका सवै वडामा निर्वाचित सदस्यलाई सम्झनुपर्छ ।

(ञ) **"सभा"** भन्नाले अर्जुनधारा नगरपालिकाको नगरसभालाई सम्झनुपर्छ ।

(ट) **"कर्मचारी भन्नाले"**अर्जुनधारा नगरपालिकामा कार्यरत संघीय तथा प्रदेश सरकारले पठाएको, अर्जुनधारा नगरपालिकाको स्वीकृत दरबन्दीमा कार्यरत स्थायी, अस्थायी, सेवा करार, करार सेवाका कर्मचारीलाई सम्झनुपर्छ ।

**(ठ)** **"नगर प्रहरी"** भन्नाले नगरपालिकाको यसै ऐन बमोजिम गठन र सञ्चालन भएका र हुने सवै नगर प्रहरीलाई सम्झनु पर्दछ ।

**(ड)** **"संघीय ऐन"** भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लाई सम्झनुपर्छ ।

**(ढ)** **"मन्त्रालय"**भन्नाले नपोल सरकार, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र १ नं. प्रदेश सरकार, सामाजिक विकास मन्त्रालय वा संघ वा प्रदेश सरकारसमक्ष स्थानीय तहले सम्पर्क गर्न तोकिएको मन्त्रालय सम्झनु पर्दछ ।

**(ण)** **"नगर प्रहरी निरीक्षक"**भन्नाले नगरपालिकाको नगर प्रहरी अन्तरगत अधिकृत छैटौं तहको अधिकृतलाई कर्मचारी सम्झनु पर्दछ ।

(त) **"नगर प्रहरी नायव निरीक्षक"** भन्नाले नगरपालिकाको नगर प्रहरी अन्तरगत सहायक पाँचौ तहको अधिकृतलाई कर्मचारी सम्झनु पर्दछ ।

(थ) **"नगर प्रहरी सहायक निरीक्षक"**भन्नाले नगरपालिकाको नगर प्रहरी अन्तरगतको चौथो तहको अधिकृत सम्झनु पर्दछ ।

(द) **"नगर प्रहरी अधिकृत"** भन्नाले नगर प्रहरी निरीक्षक देखि नगर प्रहरी सहायक निरीक्षकसम्मको अधिकृतलाई सम्झनु पर्दछ ।

(ध) **"नगर प्रहरी हवल्दार"** भन्नाले नगर प्रहरी अन्तरगतको तेस्रो तहको नगर प्रहरी हवल्दारलाई सम्झनु पर्दछ ।

(न) **"नगर प्रहरी जवान"**भन्नाले नगरपालिकाको नगर प्रहरी अन्तर्गत दोश्रो तहको नगर प्रहरी जवानलाई सम्झनु पर्दछ ।

(प) **"मातहत दर्जा"**भन्नाले नगर प्रहरी कमाण्डर भन्दा मुनिका अधिकृत र जवानलाई सम्झनु पर्दछ ।

(फ) **"नगर प्रहरी सवारी चालक"** भन्नाले भारी तथा हलुका सवारी चालक पदमा कार्यरत नगर प्रहरीसवारी चालक सम्झनु पर्दछ ।

(ब) **"नगर प्रहरी"** भन्नाले यस ऐनअनुसार नियुक्त हुने नगर प्रहरी र हाल स्थायी, अस्थायी र करार सेवामा कार्यरत वारुण यन्त्र तथा नगर प्रहरी सेवामा कार्यरत फौजी प्रकृतिका सेवामा कार्यरत कर्मचारी सम्झनुपर्दछ ।

(भ) **"समान पद"**भन्नाले पदपूर्तिको लागि विज्ञापन गरेको पदलाई सम्झनु पर्दछ ।

## परिच्छेद -२

## नगर प्रहरीगठन र व्यवस्थापन

**३.** **नगर प्रहरी सेवा क्षेत्र :** नगरपालिकाको क्षेत्रभित्र स्थानीय सरकार सञ्चालन ऐन, २०७४को दफा ११ बमोजिम नगर प्रहरी गठन, सञ्चालन र व्यवस्थापन भई सेवा प्रवाह हुनेछ । तर, दमकल सेवा भने अग्नी प्रभावित क्षेत्र जहाँकहीँ पनि हुन सक्नेछ ।

**४.** **नगर प्रहरी प्रतीक र दर्ज्यानी चिन्ह** । नगरकार्यपालिकाले स्वीकृत गरे बमोजिम नगर प्रहरीको प्रतीक र दर्ज्यानी चिन्ह हुनेछ ।

**५.** **नगर प्रहरीको दरबन्दी** : नगरपालिका, नगर कार्यपालिकाले स्वीकृत गरी नगर सभाले अनुमोदन गरे बमोजिम हुनेछ ।

## परिच्छेद-३
## पदपूर्ति

**६.** **पदको किसिम :** (१) नगर प्रहरी सेवामा देहायका पद रहनेछन् :

(क) नगर प्रहरी निरीक्षक
(ख) नगर प्रहरी नायव निरीक्षक
(ग) नगर प्रहरी सहायक निरीक्षक
(घ) नगर प्रहरी हवल्दार
(ङ) नगर प्रहरी जवान

(२) उपदफा (१) मा उल्लेख भएका पदहरुको तह देहायबमोजिम हुनेछ :

(क) नगर प्रहरी निरीक्षक छैठौ तह
(ख) नगर प्रहरी नायव निरीक्षक पाँचौ तह
(ग) नगर प्रहरी सहायक निरीक्षक चौथो तह
(घ) नगर प्रहरी हवल्दार तेस्रो तह
(ङ) नगर प्रहरी जवान दोश्रो तह
(च) नगर प्रहरी सवारी चालक श्रेणी विहिन

**७.** **करारमा नियुक्ति** : दफा ६ बमोजिमका नगर प्रहरी तथा दमकल सेवाका स्थायी कर्मचारीहरु सेवा निवृत्त भई रिक्त दरबन्दी यसै ऐन बमोजिम करार सेवामा मात्र नियुक्ति गर्न सकिनेछ ।

**८.** **सेवाको शर्त :**दफा ६ बमोजिमको नगर प्रहरी तथा दमकल सेवाका कर्मचारीहरुको वृत्ति विकास, बढुवा, अवकास, तलव भत्ता तथा विभागीय कारवाहि लगायतको व्यवस्था नगरपालिकाको कर्मचारी व्यवस्थापन सम्बन्धि ऐन तथा नगर कार्यपालिकाको निर्णय अनुसार हुनेछ ।

**९.** **पदपूर्ति :** (१)नगरपालिकाको रिक्त रहेको नगर प्रहरी अधिकृत, जवान तथा दमकल सेवाका सञ्चालन समेतका पदमा करार सेवाबाट मात्र पदपूर्ति गरिनेछ ।

(२) रिक्त पदमा नियुक्ति हुनका लागि आवश्यक पर्ने न्यूनतम योग्यता पदपूर्तिका निमित्त हुने विज्ञापनको तरिका, परीक्षा सञ्चालन तथा छनौट विधि यसै ऐनको अनुसूची– १, २ र ३ मा उल्लेख भए बमोजिम हुनेछ ।

(३) रिक्त पदमा करार सेवा अन्तर्गत नियुक्ति गर्दा एक पदको लागि बढिमा पाँच वर्षसम्म करार सेवा नियुक्ति गर्न सकिनेछ ।

अर्जुनधारा राजपत्र

(४) करारमा नियुक्त अधिकृत तथा मातहतका नगर प्रहरीको सेवा सन्तोषजनक भएमा उमेर हद नलागेसम्म २ वर्षसम्म करार सेवाको म्याद कार्यपालिकाले थप गर्न सक्नेछ ।

(५) दफा ९ (३) बमोजिम नियुक्ति गर्दा हरेक आर्थिक वर्षमाका लागि सेवा करार गर्नुपर्नेछ ।

(६) करारमा नियुक्ति भएका नगर प्रहरी र दमकल सेवाका कर्मचारीले सन्तोषजनक कार्य नगरे नगर कार्यपालिकाको कार्यालयका अख्तियार प्राप्त अधिकारीले जुनसुकै समयमा पनि करार भङ्गगरी सेवामुक्त गराउन सक्नेछ ।

**१०. <u>उम्मेद्वार हुनका लागि अयोग्यता</u> :** देहायका व्यक्ति नगरपालिकाको नगर प्रहरी पदमा उम्मेद्वार हुन अयोग्य हुनेछन् :

(क) गैर नेपाली नागरिक,

(ख) सहायक स्तरको पदको लागि अठार वर्ष उमेर पूरा नभएको,

(ग) अधिकृत स्तरको पदका लागि एक्काईस वर्ष उमेर पूरा नभएको,

(घ) यस ऐनको योग्यता सम्बन्धी अनुसूचीमा भएको व्यवस्थाका विद्यमानता नभएको,

(ङ) नेपाली सेना, नेपाल प्रहरी र शसस्त्र प्रहरी वलमा कारवाहि परेको, सेवाबाट भागी कारवाहिको सूचीमा रहेको,

(च) नैतिक पतन देखिने फौजदारी अभियोगमा कसूरदार प्रमाणित भएको,

(छ) वैंक तथा वित्तीय संस्थाको कालो सूचीमा परेको,

(ज) भविष्यमा सरकारी सेवा वा नेपाल सरकारको स्वामित्वमा भएको संस्था वा विकास समितिको सेवाको निमित्त अयोग्य ठहरिने गरी कुनै पनि सेवाबाट बर्खास्त भएको,

(झ) ५० वर्ष उमेर कटेको र

(झ) तत्काल कुनै राजनीतिक दलको सदस्य लिई सक्रिय राजनीतिमा संलग्न रहेको ।

**११. <u>करारमा नियुक्ति गर्ने</u> :** (१) नगरपालिकाको निर्णयानुसार वा नगर प्रहरीमा स्वीकृत दरबन्दीमा सेवा करारमा नियुक्ति गर्नुपर्दा स्थानीय सरकार सञ्चालन ऐन, २०७४को दफा ८३ को उपदफा (८) र (९) बमोजिम मात्र गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम नियुक्त नगर प्रहरीको पारिश्रमिक, सुविधा र सेवाका शर्त नगरपालिकाले तोकेबमोजिम हुनेछ । यस्तो सुविधा कार्यालय सहयोगीको भन्दा कम हुने छैन ।

**१२. <u>निरोगिताको प्रमाणपत्र</u> :**नयाँ करार सेवा नियुक्ति पाउने नगर प्रहरीले नियुक्तिपत्र पाउनु पूर्व स्वीकृत चिकित्सकबाट स्वास्थ्य परीक्षण गराई निरोगिताको प्रमाणपत्र पेश गर्नुपर्नेछ ।

**१३. <u>शपथ ग्रहण</u> :** नयाँ नियुक्ति पाउने नगर प्रहरीले तोकिए बमोजिमको ढाँचामा नगरप्रमुख समक्ष प्रमुख प्रशासकीय अधिकृतद्वारा सपथ ग्रहण गर्नुपर्नेछ ।

## परिच्छेद-४
## सजाय र पुनरावेदन

**१४. सजाय :** उचित र पर्याप्त कारण भएमा नगर प्रहरीलाई देहायको सजाय गर्न सकिनेछ :

**(क) समान्य सजाय :**

(१) सजग गराउने,

(२) नसिहत दिने ।

**(ख) विशेष सजाय** :

(१) भविष्यमा नगरपालिकाको सेवाको निमित्त अयोग्य नठहरिने गरी नोकरीबाट हटाउने ,

(२) भविष्यमा नगरपालिका सेवाको निमित्त अयोग्य ठहरिने गरी नोकरीबाट हटाउने ।

**१५. सजग गराउने वा नसिहत दिने** : देहायको कुनै अवस्थामा नगर प्रहरीलाई सजग गराउने वा नसिहत दिन सकिनेछ :

(क) काम सन्तोषजनक नभएमा ,

(ख) खटाएको स्थानमा म्यादभित्र कार्य गर्न नगएमा,

(ग) पूर्व स्वीकृति नलिईएक वर्षमा तीन पटकभन्दा बढी कार्यालयमा अनुपस्थित रहेमा,

(घ) अनुशासनहिन काम गरेमा ,

(ङ) ऐनमा उल्लेखित आचरण सम्बन्धी कुराहरु उल्लङ्घन गरेमा ,

(च) कार्यालयमा बुझाउनु पर्ने नगदी जिन्सी वा कागजात बरबुझारथ नगरेमा,

(छ) एक वर्षमा तीन पटक चेतावनी पाएमा ,

(ज) प्रचलित कानूनले तोकेको पदीय दायित्व जिम्मेवारीपूर्वक सम्पादन नगरेमा ।

**१६. सेवाबाट हटाउने वा बर्खास्त गर्ने** : (१) देहायको कुनै अवस्थामा नगर प्रहरीलाई भविष्यमा नगरपालिका सेवाको निमित्त अयोग्य नठहरिने गरी सेवाबाट हटाउन सकिनेछ :

(क) कर्मचारीको अयोग्यता तथा कार्य क्षमता अभावका कारणले आफ्नो पदको काम वा जिम्मेवारी पूरा गर्न नसकेमा,

(ख) आचरण सम्बन्धी कुरा बराबर उल्लङ्घन गरेमा,

(ग) कार्यालयको समयमा बराबर मादक पदार्थ सेवन गरेमा,

(घ) बराबर अनुशासनहिन काम गरेमा,

(ङ) प्रत्यक्ष रुपमा राजनीतिमा भाग लिएमा,

(च) आफ्नो पदको जिम्मेवारी बराबर वेवास्ता गरेमा ,

(छ) विदा स्वीकृत नगराई लगातार पन्ध्र दिनसम्म आफ्नो कार्यालयमा अनुपस्थित रहेमा ।

(ज) आफूभन्दा माथिल्लो अधिकारीले दिएको आदेश पालना नगरेमा ।

(झ) मानसिक सन्तुलन गुमाएमा ।

(२) देहायको कुनै अवस्थामा कुनै पनि नगर प्रहरीलाई भविष्यमा नगरपालिकाको सेवाको निमित्त अयोग्य ठहरीने गरि सेवाबाट बर्खास्त गर्न सकिनेछ :

(क) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसूरदार ठहरिएमा ।

(ख) भ्रष्टाचार गरेमा सेवाबाट बर्खास्त गरी प्रचलित कानून बमोजिम कारवाहि हुनेछ ।

**१७. सजाय दिने अधिकारी** : नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतले सामान्य सजाय दिन सक्नेछ । विशेष सजाय भने प्रमुखको निर्णयका आधारमा प्रमुख प्रशासकीय अधिकृतले दिन सक्नेछ ।

**१८. सजाय सम्बन्धी कार्यविधि** : सजाय दिने अधिकारीले कुनै नगर प्रहरीलाई सजाय गर्ने आदेश दिनुभन्दा अघि निजलाई कारवाहि गर्न लागिएको कारण उल्लेख गरी सूचना दिई आफ्नो सफाई पेश गर्ने मौका दिनुपर्नेछ । त्यस्तो सूचना दिँदा निजमाथि लगाइएको आरोप स्पष्टरुपले किटिएको हुनुपर्नेछ र त्यस्तो आरोप कुनकुन विषय र कारणमा आधारित छ, सो समेत खुलाई निजसंग स्पष्टीकरण माग गर्नुपर्नेछ ।

**१९. सजायका आदेश दिनुभन्दा पहिले सूचना दिने** : दफा १८ बमोजिम मागिएको स्पष्टीकरण सन्तोषजनक नभएमा वा स्पष्टीकरण नै पेश नगर्ने नगर प्रहरीलाई सजायको आदेश दिनुभन्दा पहिले सजाय दिने अधिकारीले निजलाई दिन लागिएको सजायको सूचना दिई प्रस्तावित सजाय किन नदिने भनि पुनःतीन दिनको म्याद दिई निजसँग स्पष्टीकरण माग्नु पर्नेछ ।

**२०. निलम्बनको कारवाहि** : (१) नगरपालिकाको कुनै नगर प्रहरी माथि दफा १६ मा लेखिएको कुनै अभियोगको सम्बन्धमा जाँचबुझ गर्नुपरेमा जाँचबुझ समाप्त नहुन्जेलसम्म त्यस्तो नगर प्रहरीलाई सजाय गर्ने अधिकारीले निलम्बन गर्न सक्नेछ । तर, सामान्यतया देहायको अवस्था नभई निलम्बन गर्नु हुदैन :

(क) निलम्बन नगरी ओहदाको काम गर्न दिदा झुट्टा सबुद प्रमाण सङ्कलन गर्न सक्ने वा आफु विरुद्धको सबुद प्रमाण गायब गर्न सक्ने सम्भावना देखिएमा वा,

(ख) निलम्बन नगरी ओहदाको काम गर्न दिंदा नगरपालिकालाई हानी नोक्सानी हुने सम्भावना देखिएमा ।

(२)नगर प्रहरीलाई सजायको आदेश दिने अधिकारीले निलम्बन गर्न सक्नेछ ।

(३)नगर प्रहरीलाई निलम्बन गर्दा साधारणतया तीस दिन भन्दाबढी निलम्बनमा राख्नु हुदैन र सो अवधिभित्र कर्मचारी उपरको छानविनको कारवाहि किनारा लगाउनु पर्नेछ ।

तर, कुनै असाधारण अवस्था परी उक्त अवधिभित्र कारवाहि किनारा लगाउन नसकिने भई निलम्बनको अवधि तीस दिनभन्दा बढी बढाउनु परेमा प्रमुखको पूर्व स्वीकृति लिई एक पटकमा दश दिनमा नबढाई बढीमा थप तीस दिनसम्मको लागिनिलम्बनको अवधि बढाउन सकिनेछ ।

(४) फौजदारी अभियोगमा पक्राउ परी थुनामा रहेकोनगर प्रहरीलाई त्यसरी थुनामा रहेको अवधिभर स्वतः निलम्बन भएको मानिनेछ ।

(५) दफा २० (४) बमोजिमको कारवाहिमा परेको नगर प्रहरीले सफाई पाएमा मात्र निलम्बन अवधिको आधा तलव पाउनेछ ।

(६) कुनै नगर प्रहरी ३५ दिनभन्दा बढी थुनामा परे स्वतः निजको करार भङ्गभई सेवा मुक्त हुनेछ ।

२१. **निलम्बनको समाप्ति** : (१) नगरपालिकाको कुनै निलम्बित नगर प्रहरी आफ्नो पदमा स्थापित भएपछि वा नोकरीबाट हटाइए वा बर्खास्त गरिएपछि निजको निलम्बन समाप्त भएको मानिनेछ ।

(२) कुनै नगर प्रहरी सेवामा पुनः स्थापित भएमा निजले निलम्बन अवधिको बाँकि तलब भत्ता पाउने छैन् ।

तर, कुनै कर्मचारी नगरपालिकाबाट भएको कारवाहिको फलस्वरुप निलम्बन भएको नभई अन्य कारणबाट निलम्बन भएको रहेछ भने पनि निजले त्यस्तो निलम्बन भएको अवधिको तलब भत्ता पाउने छैन ।

२२. **पुनरावेदन सुन्ने अधिकारी** : (१)दफा १५ बमोजिम सजाय गरेकोमा चित्त नबुझ्ने नगर प्रहरीले सजाय पाएको सात दिनभित्र प्रमुख प्रशासकीय अधिकृत मार्फत्प्रमुख समक्ष पुनरावेदन गर्न सक्नेछ र दफा १६ बमोजिमको सजाय गरेकोमा चित्त नबुझ्ने नगर प्रहरीले सजाय पाएको सात दिनभित्र प्रमुख मार्फत् नगर कार्यपालिका समक्ष पुनरावेदन गर्न सक्नेछ ।

(२) पुनरावेदन सुन्ने अधिकारीले कुनै नगर प्रहरीले पाएको सजायलाई सदर बदर वा अदल बदल गर्न सक्नेछ ।

(३) पुनरावेदन सुन्ने अधिकारीले गरेको निर्णय अन्तिम हुनेछ ।

२३. **पुनरावेदनको कार्यविधि** : नगर प्रहरीले आफूलाई दिएको सजायको विरुद्ध पुनरावेदन दिनु परेमा देहायको कार्यबिधि अपनाउनु पर्नेछ ।

(क) पुनरावेदन आफ्नै नामबाट गर्ने,

(ख) पुनरावेदनमा आफ्नो सफाईका निमित्त जो भएको सबुद प्रमाण राखी उचित र आदर सूचक भाषामा लेखिएको हुनुपर्ने ,

(ग) जुन आदेशको बिरुद्ध पुनरावेदन गरिएको हो सो आदेशको नक्कल पुरावेदनको साथमा राख्नु पर्ने,

(घ) सजायको आदेश पाएको सात दिनभित्र पुनरावेदन दिने र

(ङ) सामान्यतया पुनरावेदनको निवेदन प्राप्त भएको मितिले पन्ध्र दिनभित्रमा पुनरावेदनको कारवाहि किनारा लगाई सक्नुपर्नेछ ।

२४. **पुनरावेदन पठाउने** : (१) पुनरावेदन गर्दा सजाय गर्ने अधिकारी मार्फत् गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम पुनरावेदन गरिएकोमा जुन अधिकारीको आदेश बिरुद्ध पुनरावेदन गरिएको हो, त्यस्तो अधिकारीले पुनरावेदनमा उठाएका आधारका बारेमा आफ्नो राय तथा पुनरावेदनसँग सम्बन्धित आवश्यका कागजात सहित पुनरावेदन सुन्ने अधिकारी समक्ष पठाउनु पर्नेछ ।

२५. **नगरपालिकाको सेवामा पुनर्वहाली भएमा तलब र भत्ता पाउने** : कुनै नगर प्रहरीलाई नगरपालिकाको सेवाबाट हटाउने वा बर्खास्त गर्ने गरी भएको आदेश पुनरावेदन सुन्ने अधिकारीबाट रद्द भई त्यस्तो नगर प्रहरी नगरपालिकाको सेवामा पुनर्वहालीभएमा निजले सेवाबाट हटाइएको वा बर्खास्त गरिएको मितिदेखि नै तलब भत्ता पाउनेछ ।

## परिच्छेद -५
## विदा

२६. **नगर प्रहरीको सवै समय नगरपालिकाको अधिन हुने** : नगर प्रहरीको सवै समय नगरपालिकाको अधिन हुनेछ र जुनसुकै समयमा पनि निजलाई नगरपालिकाले काममा लगाउन सक्नेछ ।

२७. **कार्यालय समय, समय पालन र हाजिरी:** (१)नगर प्रहरीले संघीय र प्रदेश सरकार साथै नगरपालिकाले तोकेको समयमा नगरपालिकाको कामकाजका निमित्त तोकेको कार्यालय समयमा नियमित रुपले आफ्नो कार्यालयमा हाजिर हुनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम निर्धारित समयमा नआउने नगरपालिकाको नगर प्रहरीलाई नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृतले गयल गर्नेछ ।

(३) मुनासिव माफिकको कारण परेमा बाहेक विदाको निकासा नलिई कुनैपनि नगर प्रहरी आफ्नो कार्यालयमा अनुपस्थित हुनुहुँदैन् ।

तर, कावु बाहिरको परिस्थिति परी अनुपस्थित हुने नगर प्रहरीले तीन दिनभित्र विदाको निवेदन दिनु पर्नेछ ।

२८. **विदाको सुविधा** :(१) नगर प्रहरीले करार सेवामा कार्यरत रहँदा पाउने भैपरी, पर्व विदा, घर विदा, विरामी विदा,किरिया विदा, प्रसुती तथा प्रसुती स्याहार विदा अनुसूची–४ बमोजिम पाउनेछन् ।

(२) विदा अधिकार होइन, सुविधा मात्र हो ।

२९. **विदा माग गर्ने अवधि** : (१) सकभर नगर प्रहरीले विदा स्वीकृत नगराई अनुपस्थित हुनु हुँदैन ।

(२)विदाको निकासाका निमित्त नगर प्रहरीले आफूलाई चाहिएको विदाको अवधि, कारण र विदेश जानुपर्ने भए सो समेत खुलाई आफ्नो तालुक अधिकृत मार्फत् विदा दिने अधिकारी समक्ष निवेदन पेश गर्नुपर्नेछ र विदा दिने अधिकारीले पनि विदा स्वीकृत वा अस्वीकृत भएको सूचना सो नगर प्रहरीलाई दिनु पर्नेछ । तर, कार्यालयलाई आवश्यक परेको अवस्थामा विदामा बसेको नगर प्रहरीलाई निजको स्वीकृत विदा रद्ध गराई काममा लगाउन सकिनेछ ।

३०. **विदा दिने अधिकारी** : देहायको विदा स्वीकृत गर्ने अधिकार देहायको अधिकारीलाई हुनेछ :

| **विदाको किसिम** | **विदा स्वीकृत गर्ने अधिकारी** |
|---|---|
| (क) भैपरी आउने र पर्व विदा | प्रमुख प्रशासकीय अधिकृत |
| (ख) घर विदा | प्रमुख प्रशासकीय अधिकृत |
| (ग) बिरामी विदा | प्रमुख प्रशासकीय अधिकृत |

(घ) प्रसुती विदा प्रमुख प्रशासकीय अधिकृत
(ङ) प्रसुती स्याहार विदा प्रमुख प्रशासकीय अधिकृत
(च) किरिया विदा प्रमुख प्रशासकीय अधिकृत

**३१. विदा परिणत नहुने :** यस २८ बमोजिम नगर प्रहरीले जुन विदा लिई बसेको हो सोहि विदा नै उपभोग गर्नुपर्नेछ । पहिले कुनै एक किसिमको विदा स्वीकृत भएकोमा त्यस्तो विदा पछि किरिया विदा वा प्रसुती विदा बाहेक अर्को किसिमको विदामा परिणत गराउन पाइने छैन् ।

**३२. सार्वजनिक विदा गाभिने :** भैपरी आउने र पर्व विदा बाहेक अरु कुनै प्रकारको विदा लिई बसेको नगर प्रहरीले सो विदा भुक्तान हुँदा सार्वजनिक विदा पर्न गएमा र सार्वजनिक विदापछि कार्यालयमा हाजिर नभएमा सो सार्वजनिक विदाको अवधि पनि निज नगर प्रहरीले लिएको विदा वा सो विदा बाँकी नभएमा लिन पाउने अरु विदामा बसेको मानिनेछ ।

**३३. कार्यालयमा अनुपस्थित हुने उपर कारवाहि :**विदा नलिई कार्यालयमा अनुपस्थित हुने नगर प्रहरीलाई गयल गर्न र तलब कट्टि गरी विभागीय सँजाय समेत गर्न सकिनेछ । यसरी गयल भएको अवधि सेवा अवधिमा गणना हुनेछैन ।

**३४. विदाको अभिलेख** : (१) विदा दिने अधिकारीले आफ्नो मातहतमा काम गर्ने नगर प्रहरीको विदाको अभिलेख राख्न लगाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको विदाको अभिलेखको एक प्रति उतार सम्बन्धित नगर प्रहरीलाई समेत दिनु पर्नेछ ।

**३५. सट्टा विदा :**(१) नगर प्रहरी र वारुण यन्त्र सेवामा कार्यरत कर्मचारीले सार्वजनिक विदाका दिनमा पनि काम गर्नुपर्दा काम गरे वापत सट्टा तलबी विदा पाउनेछन् र त्यस्तो विदा एक वर्षमा भित्रमा पालो मिलाई बस्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम विदाको सुविधा, रासन र अतिरिक्त तलब सुविधा लिएकोमा प्राप्त हुने छैन ।

(३) नगरपालिकाले ऐनमा व्यवस्था भएको अधिकार प्रयोग गरी तोकेको विदा भने नगर प्रहरीले पाउँनेछन् ।

## परिच्छेद-६
## विविध

**३६. तलब भत्ता** : (१) नगर प्रहरीले पाउने पारिश्रमिक, भत्ता तथा अन्य सुविधा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८८ लाई आधार मानी नगरपालिकाले निर्धारण गरेबमोजिम हुनेछ ।

(२) नगरपालिकाले नगर प्रहरीलाई आफ्नो आन्तरिक आम्दानीको अवस्था हेरी थप सुविधा दिन सक्नेछ ।

३७. **काज खटाउने** : कुनै नगर प्रहरीलाई प्रमुख प्रशासकीय अधिकृतले काज खटाउन सक्नेछ ।

३८. **तालिम** :नगर प्रहरीको कार्यक्षमता बृद्धि गर्न नगरपालिका आफैले तालिमको आयोजना गर्न वा नेपाल प्रहरी वा अन्य सम्बन्धित निकायमा पठाउन सक्नेछ ।

३९. **राजीनामा**: नगर प्रहरीले आफ्नो पदबाट दिएको राजीनामा प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत गर्नेछ ।

४०. **अनिवार्य अवकाश**:(१)संघीय तथा प्रदेश कानूनमा व्यवस्था भएमा बाहेक नगर प्रहरीको उमेरको हद सन्ताउन्न वर्ष पूरा भएपछि अनिवार्य अवकाश दिइनेछ ।

(२) करार सेवामा लगातार पाँच वर्ष सेवा गरेपछि पनि अनिवार्य अवकास हुनेछ ।

४१.**चाड पर्व खर्च पाउने** : छ महिना भन्दा लामो समयदेखि कार्यरत नगर प्रहरीले खाई पाई आएको एक महिनाको तलब बराबरको रकम प्रत्येक वर्ष घटस्थापनाको पन्ध्र दिन अगाडि दशैं खर्चको रुपमा पाउनेछ । दशैं खर्च दिंदा वडा दशैं विदा भन्दा अघिल्लो महिना भुक्तान भई नसकेता पनि सो महिनाको तलब समेत खर्च लेखिदिनु पर्नेछ । तर, दशैं नमान्नेको हकमा निजले आफ्नो सँस्कार विशेष अनुसारको चाड पर्व खर्च पाउनेछ ।

४२.**नगर प्रहरीको आचरण** : नगर प्रहरीले देहायको आचरणको पालना गर्नुपर्नेछ :

(क) नगरपालिकाको काममा कुनै प्रकारले असर पर्नसक्ने गरी नगरपालिकाको पूर्व स्वीकृति विना कसैबाट कुनै प्रकारको दातव्य, कोसेली, उपहार आफूले स्वीकार गर्नु र आफ्नो परिवारको कुनै सदस्यलाई स्वीकार गर्नु दिनु हुँदैन । विदेशी सरकार वा प्रतिनिधिबाट कुनै उपहार प्राप्त हुन आएमा नगरपालिकामा सो कुराको सूचना दिई निर्णय भए बमोजिम गर्नुपर्नेछ ।

(ख) नगरपालिकाको पूर्व स्वीकृति विना कुनै कामको निमित्त कुनै किसिमको चन्दा माग्न वा त्यस्तो चन्दा स्वीकार गर्न वा कुनै किसिमको आर्थिक सहायता लिन हुँदैन ।

(ग) आफ्नो वा आफ्नो परिवारको कुनै सदस्यका नाममा कुनै अचल सम्पत्ति प्राप्त गरेमा लागेको मोल समेतको जानकारी प्रमुख प्रशासकीयअधिकृत मार्फत् नगरपालिकामा पेश गर्नुपर्नेछ ।

(घ) हाल वहाल रहेका कर्मचारीले यो ऐन लागू भएको एक महिनाभित्र तथा नयाँ भर्ना हुने कर्मचारीले आफू नियुक्ति भएको एक महिनाभित्र आफ्नो र आफ्नो परिवारको सदस्यको नाममा भएको चल अचल सम्पत्ति, शेयर, बैंक व्यालेन्सको विवरण, जवाहरत, सुन, चाँदीको विवरण प्रमुख प्रशासकीयअधिकृत मार्फत् नगरपालिकामा पेश गर्नुपर्नेछ ।

(ङ) नगर प्रहरीले आफ्नो र आफ्नो परिवारको नाममा रहेको सम्पत्तिको विवरण प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले तीस दिन भित्रमा नगरपालिकामा पेश गर्नुपर्नेछ ।

(च) नगरपालिकाको लागि गरिने कुनैपनि कामको ठेक्का, टेण्डर, वोलपत्र आफै वा आफ्नो परिवारको कुनै सदस्यको नाममा लिन हुदैन ।

(छ) नगरपालिकाको कामसंग सम्बन्ध भएको कुनै व्यक्तिसँग सापट लिन वा निजको आर्थिक कृतज्ञतामा पर्न हुदैन । तर बैंकसँग लेनदेन हुदा यो नियम लागूहुने छैन् ।

(ज) कुनै किसिमको फाटका, जुवातास खेल्न खेलाउन हुदैन ।

(झ) नगरपालिकाको पूर्व स्वीकृती विना कुनै बैंक वा कम्पनीको स्थापना रजिष्ट्रेशन वा सञ्चालनको काममा भाग लिन हुदैन् ।

(ञ) नगरपालिकाबाट अख्तियार नपाई आफूले लेखेको वा प्राप्त गरेको कुनै कागजपत्र वा सूचनालाई प्रत्यक्ष वा अप्रत्यक्ष रुपबाट अनाधिकृत व्यक्ति, संस्था, निकाय वा संचार माध्यमलाई सूचना गर्न हुदैन ।

(ट) संघीय र प्रदेश सरकार वा नगरपालिकाको काम कारवाहिमा प्रतिकुल प्रभाव पर्नेगरी कुनै पत्र पत्रिकामा आफ्नो वास्तविक वा काल्पनिक नामबाट वा वेनामी कुनै लेख प्रकाशन गर्न वा रेडियो वा टेलिभिजनद्धारा प्रसारण गर्न हुदैन् ।

(ठ) नगरपालिकाको नीतिको विरोधमा सार्वजनिक भाषण दिन वा कुनै वक्तव्य प्रकाशन गर्न हुदैन ।

(ड) नगरपालिकाबाट निर्धारित समयमा नियमित रुपले आफ्नो कार्यालयमा हाजिर हुनुपर्छ र विदाको निकासा नलिई आफ्नो काममा अनुपस्थित हुनुहुदैन ।

(ढ) कार्यालयको गोपनीयता भङ्ग गर्न हुदैन ।

(ण) नगरपालिकाको काम सम्बन्धी कुरामा आफूभन्दा माथिका अधिकृतले दिएको आज्ञालाई सिघ्रता र परिश्रमका साथ पुरागर्नु पर्छ ।

(त) नगर प्रहरीले आफूभन्दा माथिका सवै जनप्रतिनिधि तथा अधिकृत प्रति उचित आधार देखाउनु पर्छ ।

(थ) आफ्नो नोकरी सम्बन्धी कुरामा मतलब साध्य गर्न आफूभन्दा माथिका अधिकृत माथि कुनै राजनैतिक वा अरु अवान्छनीय प्रभाव पार्न वा प्रभाव पार्ने प्रयत्न गर्न हुदैन ।

(द) कुनै नगर प्रहरीलेप्रचलित कानून विपरीत हुने गरी विवाह गर्न गराउन हुदैन ।

(ध) कुनैपनि राजनैतिक पदका लागि हुने निर्वाचनमा भाग लिन वा कसैको निमित्त मत माग्न वा कुनै प्रकारले आफ्नो प्रभाव पार्न हुदैन । तर प्रचलित कानून बमोजिम पाएको मताधिकार प्रयोग गर्न यसले बन्देज लगाएको मानिने छैन ।

(न) आफ्नो जिम्मामा रहेको सरकारी नगदी, जिन्सी वा अन्य कागजात जे जति छ, सवै तोकिएको म्यादभित्र बुझाउनु पर्छ र बुझिलिने पर्नेले पनि तोकिएको म्यादभित्र बुझिलिनु पर्नेछ ।

४३.**<u>नगर प्रहरीको काम, कर्तव्यः</u>**नगर प्रहरीले नगरपालिका प्रति बफादार रही देहाय बमोजिमको काम, कर्तव्य सम्पादन गर्नुपर्नेछ :

(क) नगरपालिकाको नीति, कानून, मापदण्ड तथा निर्णय कार्यान्वयन गर्नु गराउनु ।

(ख) संघीय तथा प्रदेश सरकारको निर्णय, निर्देशन कार्यान्वयन गर्न गराउनु समन्वय र सहयोग गर्नु गराउनु ।

(ग) नगरपालिकाको चल अचल सम्पत्ति संरक्षण गर्नु गराउनु ।

(घ) प्रमुख लगायत निर्वाचित जनप्रतिनिधिहरु र कर्मचारीहरुको सुरक्षा गर्नु गराउनु ।

(ङ) नगरपालिकामा हुने सभा, समारोहमा, परम्परागत जात्रा, चाडपर्व, मेला, खेलकुद प्रतियोगितामा सुरक्षा निकायसँग समन्वय गरी सुरक्षा व्यवस्था मिलाउने ।

(च) नगरपालिकाको कर संकलन कार्यमा प्रभावकारी भुमिका निर्वाह गरी करको दायरा बढाई कर संकलन गर्ने कार्यमा सहयोग गर्ने ।

(छ) नगरपालिकाको बजारमा पार्किङ्ग स्थलको रेखदेख र व्यवस्थापन गर्ने ।

(ज) ट्राफिक प्रहरीसँग समन्वय गरी ट्राफिक व्यवस्थापनमा सहयोग गर्ने ।

(झ) नगरपालिकाको सरसफाई सम्बन्धि मापदण्डको कार्यान्वयन गर्ने गराउने ।

(ञ) जथाभावि फोहोर फाल्ने व्यक्तिलाई कारवाहि गर्न कारवाहिको प्रक्रिया अगाडि बढाउने ।

(ट) न्यायिक समितिले गरेको निर्णय, मिलापत्र तथा फैसला कार्यान्वयन गर्ने गराउने ।

(ठ) सार्वजनिक ऐलानी र पर्ति जमिन, सार्वजनिक भवन, साँस्कृतिक, ऐतिहासिक सम्पदा तथा भौतिक पूर्वाधारको संरक्षण र सुरक्षा गर्ने गराउने ।

(ढ) दमकल परिचालन गर्ने ।

(ण) विपद् व्यवस्थापन सम्बन्धि खोजी, उद्धार राहत तथा पुनर्स्थापना कार्य गर्ने र अन्य निकायसँग समन्वय गरि सहयोग गर्ने ।

(त) अनधिकृत विज्ञापन तथा होर्डिङ्ग बोर्ड नियन्त्रण गर्ने ।

(थ) बजार अनुगमन कार्यमा सहयोग गर्ने ।

(द) छाडा पशु चौपायको नियन्त्रण, विना धनिको कुकुर र जंगली पशुको नियन्त्रण गर्ने र गराउन सहयोग गर्ने ।

(ध) अनधिकृत निर्माण तथा सार्वजनिक सम्पत्ति अतिक्रमण रोकथाम नियन्त्रण गर्ने ।

(न) भवन निर्माण तथा सडक सम्बन्धि कानूनी व्यवस्था र मापदण्ड लागु गराउने ।

(प) नगरपालिकाले तोकेको अन्य कार्य गर्ने ।

४४. **अवकास कोष** : (१) नगर प्रहरी निजको सेवा, शर्त, सुविधा सम्बन्धि कानून बमोजिम अवकाश हुँदा ऐनको दफा ९१ को उपदफा (१) बमोजिम खडा गरिएको अवकाश कोष र ऐनको दफा ९१ (२) र (३)मा गरिएको व्यवस्था बमोजिम हुनेछ ।

(२) उपदफा (१) बमोजिम स्थापना भएको कोषबाट नगर प्रहरीलाई करारको शर्त बमोजिम उपदान लगायतको सुविधा दिइनेछ ।

४५. **उपचार खर्च** : (१) नगर प्रहरीले करारको शर्त बमोजिमको उपचार सुविधा पाउनेछ ।

(२) यस सेवाका नगर प्रहरीलाई वीमाको सुविधा कार्यपालिकाले तोकिए बमोजिम गरिनेछ ।

(३) नगर प्रहरी कार्यालयको काममा कार्यरत रहँदा कुनै दुर्घटनामा परेमा नगरपालिकाले वीमाको रकमबाट उपचार खर्च उपलब्ध गराउने छ ।

४६. **थप आर्थिक सहायता** : नगरपालिकाको कामको सिलसिलामा चोटपटक लाग्न गई कुनै नगर प्रहरीको उपचार गर्नुपरेमा सम्बन्धित जिल्ला अस्पतालको सिफरिसमा नेपालभरमा औषधि उपचार हुन नसक्ने भनि अर्जुनधारानगरपालिका, नगर कार्यपालिकाको अनुरोधमा वी. पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरान, सुनसरीले ठहर गरेमानगर प्रहरी बिदेशमा गई

उपचार गराउनु परेमा नगरपालिकाले उचित ठहराएको रकम थप आर्थिक सहायता दिन सक्नेछ ।

४७. **करार सेवा वा सेवा करारमा नगर प्रहरी नियुक्ति गर्ने प्रक्रिया:** (१) नगरपालिकामा यस ऐन बमोजिम सेवा करारमा आवश्यक नगर प्रहरी नियुक्त गर्न देहाय बमोजिमको छनौट समिति रहनेछ :

(क) प्रमुख प्रशासकीय अधिकृत - संयोजक

(ख) प्रदेश लोकसेवा आयोगले तोकेको अधिकृत प्रतिनिधि - सदस्य

(ग) संयोजकले तोकेको अधिकृतस्तरको कर्मचारी - सदस्य सचिव

(२) उपदफा (१) बमोजिम गठित छनौट समितिले आफ्नोकार्यविधि आफै निर्धारण गरी कार्य गर्नेछ । साथै छनौट समितिले उल्लिखित सेवामा भर्नाका सन्दर्भमा नगरस्थित कम्तीमा अधिकृतस्तरको प्रहरी सेवाको कर्मचारीलाई विज्ञको रुपमा सहयोग लिन सक्नेछ ।

४८. **नियम बनाउने:** यस ऐनलाई कार्यान्वयन गर्न नगर कार्यपालिकाले नियमावली, निर्देशिका, कार्यविधि वा मापदण्ड बनाई लागू गर्न सक्नेछ ।

४९. **.संक्रमणकालिन व्यवस्था:** नगर प्रहरी र दमकल सेवाका अस्थायी, करार कर्मचारीलाई यो ऐन बमोजिमको समान पदमा कार्य गराउन करार गर्न सकिनेछ ।

५०. **संशोधन र खारेजी :**यस ऐनमा संलग्न अनुसूचीमा भएको व्यवस्था नगर कार्यपालिकाले संशोधन गरी कार्यान्वयन गर्न सक्नेछ । यस उप्रान्त साविक नगर प्रहरी र दमकल सेवा सम्बन्धी सम्पूर्ण व्यवस्थापन यसैअनुसार हुने गरी यस अघिको व्यवस्था हुने गरी खारेज गरिएको छ ।

अर्जुनधारा राजपत्र

## अनुसूची -१
### (दफा ९ सँग सम्बन्धित)
### शैक्षिक योग्यता र उमेर

| क्र. सं. | पद | तह | आश्यक शैक्षिक योग्यता | उमेर |
|---|---|---|---|---|
| १. | नगर प्रहरी निरीक्षक | अधिकृतस्त र छैठौ | प्रहरी नायब निरीक्षक वा सुवेदार पदमा ५ वर्षभन्दा बढी काम गरी कम्तीमा स्नातक तह उत्तीर्ण सेवा निवृत्त वा प्रहरी वा सेनामा अधिकृतस्तरको पदबाट सेवा निवृत्त | ५० वर्ष ननाघेको |
| २ | नगर प्रहरी नायव निरीक्षक | सहायकस्त र पाँचौ | प्रमाण पत्र तह वा सो सरह उत्तीर्ण गरी सेना, प्रहरी, सशस्त्र प्रहरीको समान पदबाट सेवा निवृत्त भएको स्वस्थ्य अवस्था तन्दुरुस्त भएको | ५० वर्ष ननाघेको |
| ३ | नगर प्रहरी सहायक निरीक्षक | सहायकस्त र चौथो | कुनै पनि विषयमा प्रमाण पत्र तह पास गरी सेना, प्रहरी, सशस्त्र प्रहरीको समान पदबाट सेवा निवृत्त भएको स्वस्थ्य अवस्था तन्दुरुस्त भएको । | ५० वर्ष ननाघेको |
| ४ | नगर प्रहरी हवल्दार | सहायकस्त र तेस्रो | दशौं कक्षा उत्तीर्ण गरी सेना, प्रहरी, सशस्त्र प्रहरीको समान पदबाट सेवा निवृत्त भएको स्वास्थ्य अवस्था तन्दुरुस्त भएको । | ४५ वर्ष ननाघेको |
| ५ | नगर प्रहरी जवान | सहायकस्त र दोश्रो | सामान्य लेखपढ गर्ने र सेना, प्रहरी, शसस्त्र प्रहरीको समान पदबाट सेवा निवृत भएको स्वास्थ्य अवस्था तन्दुरुस्त भएको । | ४० वर्ष ननाघेको |
| ६ | सवारी चालक | श्रेणी विहिन | सामान्य लेखपढ गर्ने र हेभी सवारी चालक अनुमति पत्र लिई कम्तिमा ५ वर्षको अनुभव हासिल गरेको । | ४० वर्ष ननाघेको |

**द्रष्टव्य :** नगर प्रहरी निरीक्षक , नगर प्रहरी नायव निरीक्षक र नगर प्रहरी सहायक निरीक्षक पदमा योग्य बन्न समान पदमा आश्यक शैक्षिक योग्यता भएका दुई तह मुनिको पदबाट सेवा निवृत्त व्यक्ति पनि योग्य मानिनेछ ।

अर्जुनधारा राजपत्र

## अनुसूची -२
### (दफा ९ सँग सम्बन्धित)
विज्ञापनको तरिका

| क्र. सं. | विज्ञापन प्रकाशित गर्ने माध्यम | दरखास्त दिने म्याद |
|---|---|---|
| १ | स्थानीय पत्रिका वा स्थानीय एफ्.एम्. रेडियो वा इन्टरनेट/वेव साइटमा प्रकाशित गर्नुपर्ने | प्रथम पटक सूचना प्रकाशित मितिले १० दिनभित्र दरखास्त दिइसक्नु पर्ने |

## अनुसूची -३
### (दफा ९ सँग सम्बन्धित)
### परीक्षाको प्रकार

| क्र. सं. | परिक्षाको प्रकार |
|---|---|
| १ | स्वास्थ्य परीक्षण, शारीरिक तन्दुरुस्ती, लिखित, मौखिक तथा प्रयोगात्मक परीक्षा हुनेछ /एक पदमा तीसभन्दा बढी उमेद्वार भएमा छनौट सूची प्रकाशित (SHORT LIST) गरीने छ । |

## अनुसूची -४
### (दफा २८ सँग सम्बन्धित)
### विदा

| क्र.सं. | विदाको प्रकार | वार्षिक पाउने दिन |
|---|---|---|
| १ | भैपरि आउने विदा | ६ दिन |
| २ | पर्व विदा | ३ दिन |
| ३ | विरामी विदा | १२ दिन |
| ४ | घर विदा | ६ दिन |
| ५ | प्रसुती विदा | ३५ दिन |
| ६ | प्रसुती स्याहार विदा | १० दिन |
| ७ | किरिया विदा | प्रचलित कानून बमोजिम आफ्नो संस्कार अनुसार बढिमा १५ दिन |
| द्रष्टव्यः उल्लिखित विदाहरु मध्ये घर विदा र विरामी विदा सञ्चित हुनेछ । सञ्चित विदाको रकम असार मसान्त भित्रमा भुक्तान हुनेछ । | | |

# अर्जुनधारा नगरपालिकाको प्राकृतिक श्रोत तथा वातावरण संरक्षण ऐन, २०७७

**प्रस्तावना**: स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने नागरिकको मौलिक अधिकारको संरक्षण गर्न, प्राकृतिक स्रोतको समुचित उपयोग एवं दीगो व्यवस्थापन गर्न, वातावरण र विकासबीच सन्तुलन कायम गर्न तथा प्राकृतिक स्रोत, वातावरण र जैविक विविधताको संरक्षण गर्न वाञ्छनीय भएकाले,

नेपालको संविधानको धारा २२१ बमोजिम अनुसूची ८ र अनुसूची ९ मा उल्लेखित वातावरण, प्राकृतिक स्रोत र जैविक विविधता सम्बन्धी स्थानीय तहको अधिकार कार्यान्वयनका लागि कानूनी व्यवस्था गर्न, अर्जुनधारा नगरपालिकाको आठौं नगर सभाले यो ऐन बनाएको छ ।

## परिच्छेद १

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "अर्जुनधारा नगरपालिकाको प्राकृतिक स्रोत तथा वातावरण संरक्षण ऐन, २०७७" रहेको छ ।

(२) यो ऐन नगर राजपत्रमा सूचना प्रकाशित गरेको मितिदेखि प्रारम्भ हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा-

(क) "अनुकुलन" भन्नाले जलवायु परिवर्तनको असर र सम्भाव्य जोखिमको आँकलन गरी परिवर्तित जलवायु सुहाउँदो अनुकुल हुने गरी रुपान्तरण गर्ने तथा थप हानी नोक्सानी रोकथाम वा न्यूनीकरण गर्ने कार्य सम्झनुपर्छ ।

(ख) "उत्सर्जन" भन्नाले कुनै निश्चित क्षेत्रबाट निश्चित समय अवधिमा वातावरणमा हरितगृह ग्याँस वा अन्य कुनै ग्याँस वा धुवाँ निष्कासन गर्ने कार्य सम्झनु पर्छ ।

(ग) "कार्यपालिका" भन्नाले अर्जुनधारा नगरपालिकाको कार्यपालिकालाई सम्झनु पर्छ ।

(घ) "खुल्ला क्षेत्र" भन्नाले मानिसहरु जमघट हुन सक्ने, विभिन्न कार्यक्रम र पर्व मनाउन सक्ने, सार्वजनिक हित तथा विपद् व्यवस्थापनमा समेत सहयोग पुग्ने गरी संरक्षण गरिएको खुल्ला स्थल सम्झनुपर्छ ।

(ङ) "जलवायु परिवर्तन" भन्नाले लामो समयको अन्तरालमा प्राकृतिकरुपमा हुने जलवायुको उतारचढावका अलावा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा मानवीय क्रियाकलापले वायुमण्डलको बनोटमा हुने फेरवदलका कारण पृथ्वीको जलवायुमा क्रमशः देखा पर्ने परिवर्तन सम्झनुपर्छ ।

(च) "जोखिमपूर्ण फोहर" भन्नाले प्राकृतिक वातावरणमा ह्रास ल्याउने र मानव तथा अन्य प्राणीको स्वास्थ्यमा हानि नोक्सानी पुऱ्याउने विभिन्न रुपमा निष्काशित वस्तु, पदार्थ तथा रेडियो विकिरणलाई सम्झनु पर्छ ।

(छ) "जैविक विविधता" भन्नाले पारिस्थितिकीय प्रणाली (Ecosystem) को विविधता, प्रजातीय विविधता (Species Diversity) तथा वंशाणुगत विविधता (Genetic Diversity) सम्झनुपर्छ ।

(ज) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियम वा कार्यविधि वा मापदण्डमा तोकिएको वा तोकिएबमोजिम सम्झनुपर्छ।

(झ) "निष्काशन" भन्नाले ध्वनि, ताप वा फोहरमैला फाल्ने, थुपार्ने, वा निष्काशन गर्ने कार्य सम्झनु पर्छ।

(ञ) "परिषद्" भन्नाले दफा ४८ बमोजिमको स्थानीय वातावरण तथा प्राकृतिक स्रोत संरक्षण परिषद् सम्झनु पर्छ।

(ट) "प्रदूषण" भन्नाले फोहरमैला, रसायन, ध्वनि वा विद्युतीय, विद्युतीय चुम्वकीय तरंगका कारण वातावरणमा प्रत्यक्ष वा अप्रत्यक्षरुपले परिवर्तन गरी वातावरणमा उल्लेखनीय ह्रास ल्याउने, क्षति पुऱ्याउने वा वातावरणको लाभदायी वा उपयोगी प्रयोजनमा हानि नोक्सानी पुऱ्याउने क्रियाकलाप सम्झनु पर्छ।

(ठ) "प्रस्ताव" भन्नाले विद्यमान वातावरणीय अवस्थामा परिवर्तन ल्याउन सक्ने किसिमको स्थानीय सरकार वा स्थानीय कानून बमोजिम संञ्चालन गरिने वा अनुमति प्राप्त विकास कार्य, भौतिक क्रियाकलाप वा भू-उपयोगको परिवर्तन गर्ने वा नदीजन्य तथा खानीजन्य निर्माण सामग्री उत्खनन, संकलन र विक्री गरी सरकारी राजश्व व्यवस्थापन गर्ने खालको समेत कुनै योजना, आयोजना वा कार्यक्रम सञ्चालन गर्ने सम्बन्धमा तयार गरिएको लिखित दस्तावेजलाई नै प्रस्ताव सम्झनु पर्छ।

(ड) "प्रस्तावक" भन्नाले प्रस्तावको स्वीकृतिको लागि निवेदन दिने र त्यस्तो प्रस्ताव कार्यान्वयन गर्न स्वीकृति प्राप्त व्यक्ति, सरकारी, अर्ध सरकारी वा गैर सरकारी निकाय वा संस्था र नगरपालिका स्वयम् समेत सम्झनु पर्छ।

(ढ) "फोहरमैला" भन्नाले घरेलु फोहरमैला, औद्योगिक फोहरमैला, रासायनिक फोहरमैला, स्वास्थ्य संस्थाजन्य फोहरमैला वा हानिकारक फोहरमैला सम्झनु पर्छ र सो शब्दले तत्काल प्रयोग हुन नसक्ने अबस्थामा रहेको, फालिएको वा सडेगलेको वातावरणमा ह्रास आउने गरी निष्काशन गरिएको तरल, ठोस, ग्याँस, लेदो, धूवाँ, धूलो, विद्युतीय तथा सूचना प्रविधिका लागि प्रयोग भएका लगायतका पदार्थ वा त्यस्तै प्रकारका अन्य वस्तुहरु वा अनाधिकृत रुपमा सार्वजनिक स्थलमा टाँसिएको पोष्टर, पम्पलेट तथा कार्यपालिकाले समय समयमा सूचना प्रकाशन गरी फोहरमैला भनि तोकिदिएका अन्य वस्तु समेतलाई सम्झनु पर्छ।

(ण) "वन" भन्नाले पूर्ण वा आंशिक रुपमा रुख वा बुट्यानले ढाकिएको क्षेत्र सम्झनु पर्छ।

(त) "वन पैदावार" भन्नाले वनमा रहेका वा पाइएका वा वनावट ल्याइएका देहायका पैदावार सम्झनु पर्छ।

(१) काठ, दाउरा, गोल, खैरकच, खोटो, काठको तेल, बोक्रा, घाँस, लाहा, पिपला-पिपली

(२) रुख, विरुवा, पात, डाँठ, फल, बीज, फूल, भुवा, जरा, गानो, बोक्रा, गमरजीन, लोहवान, जङ्गली जडीबुटी एवं गैरकाष्ठ वन पैदावार, जङ्गली मह, वनस्पति तथा तिनको विभिन्न भाग वा सूक्ष्म अङ्ग,

(३) चट्टान, माटो, चुन ढुङ्गा, ढुङ्गा, गिट्टी, बालुवा, माटो वा अन्य खनिजजन्य पदार्थ र

(४) वन्यजन्तु, पशुपंक्षी वा वन्यजन्तुको ओखेटोपहार आदि ।

(थ) "वातावरण" भन्नाले प्राकृतिक, साँस्कृतिक र सामाजिक प्रणालीहरु, आर्थिक तथा मानवीय क्रियाकलापहरु र यिनको अवयवहरु तथा ती अवयवहरुको वीचको अन्तरक्रिया तथा अन्तर सम्बन्ध सम्झनु पर्छ ।

(द) "वातावरणीय अध्ययन" भन्नाले कुनै प्रस्तावको कार्यान्वयन गर्दा त्यसबाट वातावरणमा पर्ने प्रतिकूल प्रभाव निराकरण वा न्यूनीकरण गर्नको लागि अवलम्वन गरिने उपायका सम्बन्धमा गरिने संक्षिप्त वातावरणीय अध्ययन वा प्रारम्भिक वातावरणीय परीक्षण सम्झनु पर्छ ।

(ध) "सम्पदा" भन्नाले नगरपालिका क्षेत्रभित्र रहेका प्राकृतिक, साँस्कृतिक, ऐतिहासिक, पुरातात्विक, वैज्ञानिक, अध्यात्मिक, सौन्दर्यपरक वा सामाजिक दृष्टिबाट महत्वपूर्ण मानिने कुनै पनि वस्तु, भौतिक संरचना स्थान, वनस्पति तथा जीव जन्तु सम्झनु पर्छ ।

(न) "सिमसार" भन्नाले भूमिगत जलस्रोत वा वर्षाद्का कारण पानीको परिणाम रहने वा प्राकृतिक वा मानव निर्मित, स्थायी वा अस्थायी जमेका वा बगेका, स्वच्छ वा नुनिलो पानी भएको धापिलो जमिन (Swamp) दलदले जमिन (Marsh) नदीबाट प्रभावित जमिन (Riverine Floodplain), ताल (Lake), पोखरी (Pond), जलभण्डार क्षेत्र (Water Storage Areas) र यस्तै प्रकृतिका कृषि जमिन (Agriculture Land) समेतलाई सम्झनु पर्छ ।

(प) "संरक्षण" भन्नाले वातावरण, जैविक विविधता तथा सम्पदाको सुरक्षा, स्याहार सम्भार, सम्वर्द्धन, व्यवस्थापन तथा सदुपयोग सम्झनु पर्छ ।

## परिच्छेद - २

## वातावरण संरक्षण

**३. वातावरण संरक्षण गर्नुपर्ने:** (१) आफ्नो क्षेत्राधिकारभित्र वातावरण संरक्षण गर्ने प्रमुख जिम्मेवारी नगरपालिकाको हुनेछ ।

(२) वातावरण संरक्षण, प्रवर्द्धन र वातावरणमैत्री समाज निर्माणमा योगदान गर्नु नगरपालिकाको प्रत्येक नागरिकको कर्तव्य हुनेछ ।

**४. वातावरण संरक्षण विशेष क्षेत्र निर्धारण गर्न सक्ने:** (१) प्रचलित भू-उपयोग नीति समेतलाई मध्यनजर गरी नगरपालिकाभित्र वातावरणका दृष्टिले संरक्षण आवश्यक रहेको क्षेत्र पहिचान गरी त्यस्तो क्षेत्रलाई कार्यपालिकाबाट निर्णय गरी वातावरण संरक्षण विशेष क्षेत्र निर्धारण गर्न सक्नेछ ।

(२) कुनै सडक, भवन, नदी व्यवस्थापन वा अन्य कुनै भौतिक पूर्वाधार निर्माण गर्दा निर्माण कार्यको प्रारम्भिक अध्ययन प्रक्रिया शुरु हुनुअगाडि नै संघीय सरकार र प्रदेश सरकार अन्तर्गतका सम्बन्धित निकायसँग समन्वय गरी कार्यपालिकाले कुनै क्षेत्र विशेषलाई वातावरण संरक्षण गर्ने उद्देश्यले खुल्ला वा हरियाली क्षेत्रको रुपमा तोक्न सक्नेछ ।

(३) कुनै क्षेत्र वा स्थान विशेषमा अत्यधिक वातावरणीय प्रदूषण, भू:स्खलन, प्राकृतिक सम्पदाको अत्यधिक दोहन वा प्राकृतिक विपत्ति हुन गई जनस्वास्थ्य वा वातावरणमा नकारात्मक

असर परेको वा पर्ने सम्भावना देखिएको अवस्थामा कार्यपालिकाले प्रदेश सरकार र संघीय सरकारसँग समन्वय र सहमति गरी त्यस्तो क्षेत्र वा स्थानलाई वातावरणीय दृष्टिले संवेदनशील क्षेत्र तोक्न सक्नेछ ।

(४) उपफदा (१), (२) र (३) बमोजिमको वातावरण संरक्षण विशेष क्षेत्र, खुल्ला वा हरियाली क्षेत्र र संवेदनशील क्षेत्रको व्यवस्थापन तोकिए अनुसार कार्यपालिकाबाट हुनेछ ।

(५) उपदफा (४) बमोजिम व्यवस्थापन गर्दा कार्यपालिकाले आवश्यकताअनुसार संघीय सरकार र प्रदेश सरकारसँग समन्वय गर्नु पर्नेछ ।

**५. सम्पदाको संरक्षण गर्नुपर्नेः** (१) नगरपालिका क्षेत्रभित्र रहेका सम्पदाको संरक्षण गर्नु नगरपालिका, नागरिक र सम्बन्धित निकायको कर्तव्य हुनेछ ।

(२) सम्पदाको संरक्षणका लागि कार्यपालिकाले सरकारी तथा समुदायसँग समन्वय तथा साझेदारी गर्न सक्नेछ ।

**६. वातावरणीय अध्ययन गर्नुपर्नेः** (१) प्रचलित कानून तथा मापदण्डबमोजिम प्रस्तावकले प्रस्तावको वातावरणीय अध्ययन गर्नु गराउनुपर्नेछ ।

(२) प्रस्तावकले नगरपालिकाको अधिकारक्षेत्रभित्र पर्ने विषयसँग सम्बन्धित विकास निर्माण सम्बन्धी कार्य वा आयोजना सम्बन्धी प्रस्तावको संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन वा प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन स्वीकृतिको लागि कार्यपालिका समक्ष पेश गर्नुपर्नेछ ।

(३) प्रस्तावकले उपदफा (२) बमोजिमको वातावरणीय अध्ययन प्रतिवेदन पेश गर्दा त्यस्तो प्रस्ताव कार्यान्वयन गर्ने क्रममा वातावरणमा पर्नसक्ने प्रतिकूल प्रभाव र त्यसको न्यूनीकरणको लागि अपनाउन सकिने विभिन्न विकल्पहरूको विस्तृत विश्लेषण गरी त्यस्ता विकल्पमध्ये प्रस्ताव कार्यान्वयन गर्न उपयुक्त हुने विकल्प र सो विकल्प कार्यान्वयन गर्न सकिने आधार र कारणसहित सिफारिस गर्नुपर्नेछ ।

(४) उपदफा (२) बमोजिमको संक्षिप्त वातावरणीय प्रतिवेदन वा प्रारम्भिक वातावरणीय परीक्षण स्वीकृति सम्बन्धी प्रक्रिया तोकिएबमोजिम हुनेछ ।

(५) उपदफा (२) बमोजिम प्राप्त वातावरणीय अध्ययन प्रतिवेदन जाँचबुझ गर्दा त्यस्तो प्रस्ताव कार्यान्वयनबाट वातावरणमा प्रतिकूल प्रभाव पार्ने नदेखिएमा कार्यपालिकाले आवश्यकताअनुसार प्रस्तावकले पालना गर्नुपर्ने शर्त तोकी त्यस्तो वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत गर्नेछ ।

(६) कार्यपालिकाले उपदफा (२) बमोजिमको वातावरणीय अध्ययन प्रतिवेदन जाँचबुझ गर्दा त्यस्तो प्रस्तावको थप वातावरणीय अध्ययन गर्नपर्ने देखिएमा वातावरणीय मूल्याङ्कन गर्न गराउन आदेश दिन सक्नेछ ।

(७) उपदफा (५) बमोजिम दिइएको आदेशबमोजिम प्रस्तावकले थप अध्ययन गरि सोको प्रतिवेदन प्रदेश कानूनले तोकेको निकाय समक्ष पेश गर्नु पर्नेछ ।

(८) यस ऐनवमोजिम वातावरणीय प्रभाव मूल्यांकन बाहेक कुनै प्रस्तावको वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्नु पूर्व तोकिएको निकाय वा पदाधिकारीबाट कार्यसूची स्वीकृत

गर्नुपर्नेछ । वातावरणीय प्रभाव मूल्यांकनको कार्यसूची भने प्रदेश सरकारबाट तोकिएको निकायबाट मात्र स्वीकृत हुनेछ ।

(९) वातावरणीय अध्ययन प्रतिवेदनसम्बन्धी अन्य व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ ।

(१०) प्रस्तावक नगरपालिका आँफै संलग्न भएको अबस्थामा संक्षिप्त वातावरणीय अध्ययन र प्रारम्भिक वातावरणीय परीक्षण यस ऐनअनुसार बन्ने नियम, कार्यविधि र मापदण्डअनुसार स्वीकृत हुनेछ । तर, वातावरणीय प्रभाव मूल्यांकनको वातावरणीय अध्ययन प्रतिवेदन प्रदेश सरकारबाट तोकिएको निकाय र कानून बमोजिम मात्र स्वीकृत हुनेछ ।

**७. मापदण्ड र गुणस्तर कायम गर्नुपर्नेः** (१) प्रस्तावकले यस ऐन बमोजिम वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्दा नेपाल सरकारले निर्धारण गरेको मापदण्ड एवं गुणस्तर कायम हुने गरी तोकिएबमोजिमको ढाँचामा तयार गर्नुपर्नेछ ।

**८. वातावरणीय व्यवस्थापन योजना तयार गर्नुपर्नेः** (१) प्रस्तावकले प्रस्ताव कार्यान्वयन गर्नु अगाडि तोकिएबमोजिम वातावरणीय व्यवस्थापन योजना तयार गर्नुपर्नेछ ।

(२) प्रस्तावकले उपदफा (१) बमोजिम वातावरणीय व्यवस्थापन योजना तयार गर्दा वातावरणीय प्रतिकूल प्रभाव न्यूनीकरणका उपायहरूमध्ये कुन कुन उपायहरू आयोजना निर्माणको क्रममा र कुन कुन उपायहरू आयोजना सम्पन्न भएपछि वा आयोजना कार्यान्वयनको क्रममा अवलम्बन गर्ने हो ? सो को समेत उल्लेख गर्नुपर्नेछ ।

(३) प्रस्तावकले उपदफा (१) बमोजिम तयार गरेको वातावरणीय व्यवस्थापन योजना कार्यान्वयनका लागि स्पष्ट कार्ययोजना वनाई सो बमोजिम कार्यान्वयन गर्नुपर्नेछ र सोको प्रगति विवरण आयोजना कार्यान्वयन शुरू भएपछि प्रत्येक छ महिनामा कार्यपालिका समक्ष पेश गर्नुपर्नेछ ।

**९. प्रस्ताव स्वीकृत नगराई कार्यान्वयन गर्न नहुने** : यो ऐन प्रारम्भ भएपछि कसैले पनि कार्यपालिकाले तोकेबमोजिम प्रस्ताव स्वीकृत नगराई कार्यान्वयन गर्नु गराउनु हुँदैन ।

**१०. प्रस्ताव सम्बन्धी अन्य व्यवस्था :** (१) वातावरणीय प्रभाव मूल्यांकन हुने प्रस्तावहरुसम्बन्धी कार्यविधि प्रचलित संघीय तथा प्रादेशिक कानून बमोजिम हुनेछ ।

(२) संघीय तथा प्रादेशिक कानून बमोजिम वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्यांकन सम्बन्धमा सम्बन्धित संघीय तथा प्रादेशिक निकायसँग समन्वय गर्ने जिम्मेवारी नगरपालिकाको हुनेछ ।

**११. रोक लगाउन सक्नेः** (१) कसैले पनि यस ऐन र प्रचलित कानूनले तोके वमोजिमको निकायवाट स्वीकृति नलिई वा स्वीकृति भए भन्दा विपरीत हुने गरी कार्यान्वयन गरेमा कार्यपालिकाले त्यस्तो प्रस्ताव कार्यान्वयनमा रोक लगाउन वा रोक लगाउनको लागि प्रदेश सरकार तथा संघीय मन्त्रालय वा स्वीकृत गर्ने निकायमा सिफारिस गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम कुनै प्रस्ताव कार्यान्वयन गर्न रोक लगाइएकोमा त्यसरी रोक लगाइएको कारणबाट कुनै पनि क्षति पुग्न गएमा प्रस्तावकले सो बापत कुनै किसिमको क्षतिपूर्तिको लागि दाबी गर्न पाउने छैन ।

**१२. <u>अनुकूलन योजना बनाउन सक्ने:</u>** (१) जलवायु परिवर्तनको प्रतिकूल असर न्यूनीकरण र सम्भावित जोखिमबाट बच्नको लागि कार्यपालिकाले अनुकूलन योजना बनाई कार्यान्वयन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको अनुकुलन योजना बनाउँदा जलवायु परिवर्तनको असरवाट वढी जोखिममा पर्ने महिला, अपाङ्गता भएका व्यक्ति, बालबालिका, जेष्ठ नागरिक र आर्थिक रुपमा विपन्न समुदायलाई विशेष प्राथमिकता दिनुपर्नेछ ।

(३) कार्यपालिकाले विकास आयोजना तर्जुमा गर्दा जलवायु परिवर्तनको प्रतिकूल असर तथा जोखिमको व्यवस्थापन गर्ने प्रयोजनको लागि नेपाल सरकारले निर्धारण गरेको मापदण्ड बमोजिम प्राथमिकीकरण गर्नुपर्नेछ ।

**१३. <u>हरितगृह ग्याँस उत्सर्जन न्यूनीकरण कार्यहरू गर्न सक्ने :</u>** (१) नगरपालिकाले हरितगृह ग्याँस उत्सर्जन न्यूनीकरण गर्न आवश्यक कार्यक्रम सञ्चालन गर्न सक्नेछ ।

(२) हरितगृह ग्याँस उत्सर्जन न्यूनीकरण सम्बन्धी अन्य व्यवस्था प्रचलित कानूनबमोजिम हुनेछ ।

**१४. <u>प्रदूषण रोकथाम तथा नियन्त्रण गर्ने:</u>** (१) कसैले पनिप्रचलित मापदण्ड विपरीत वा जनजीवन, जनस्वास्थ्य र वातावरणमा उल्लेखनीय प्रतिकूल प्रभाव पार्ने गरी प्रदूषण सृजना गर्न वा गराउन हुँदैन ।

(२) तोकिएको मापदण्ड विपरीत कुनै यान्त्रिक साधन, औद्योगिक प्रतिष्ठान, होटल रेष्टुरेण्टवा अन्य ठाउँ वा मालसामान वा वस्तुबाट ध्वनि, ताप, रेडियोधर्मी विकिरण, तरङ्ग वा फोहरमैला वा दूषित पानी निष्काशन गर्नु गराउनु हुँदैन ।

(३) उपदफा (१) विपरीत कसैले कुनै कार्य गरी वातावरणमा उल्लेखनीय प्रतिकूल प्रभाव पारेको देखिएमा नगरपालिकाले ततसम्बन्धमा आवश्यक शर्तहरु तोक्न वा त्यस्तो कार्य गर्न नपाउने गरी रोक लगाउन सक्नेछ ।

(४) कुनै किसिमको पदार्थ, इन्धन, औजार वा संयन्त्रको प्रयोगबाट वातावरणमा उल्लेखनीय प्रतिकूल प्रभाव परेको वा पर्ने देखिएमा प्रदेश र संघीय सरकारलाई सोको जानकारी गराई नगरपालिकाले स्थानीय राजपत्रमा सूचना प्रकाशन गरी त्यस्तो पदार्थ, इन्धन, औजार वा संयन्त्रको प्रयोग, उत्पादन, विक्रि वितरण, भण्डारणमा बन्देज लगाउन सक्नेछ र आवश्यक कारवाहीका लागि सम्बन्धित निकायमा सिफारिस गर्नेछ ।

(५) प्रदूषणको रोकथाम तथा नियन्त्रण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**१५. <u>प्रयोगशाला स्थापना गर्न सक्ने:</u>** (१) वातावरण संरक्षण तथा प्रदूषण नियन्त्रण सम्बन्धी कार्यमा सहयोग पुऱ्याउन नगरपालिकाले संघीय सरकार र प्रदेश सरकारसँग समन्वय गरी आवश्यकताअनुसार विभिन्न प्रयोगशालाहरु स्थापना गर्न वा संघ र प्रदेशले स्थापना गरेका वा नेपाल सरकारले मान्यता दिएको कुनै प्रयोगशालालाई सो कामको लागि तोक्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम स्थापना गरिएका वा तोकिएका प्रयोगशालाको अन्य काम, कर्तव्य र अधिकार तोकिएबमोजिम हुनेछ ।

**१६. <u>नमुना संकलन गर्न दिनुपर्ने:</u>** कुनै पनि उद्योग, कारखाना, यन्त्र, सवारी साधन आदिबाट सृजना वा निष्काशन हुने वा हुन सक्ने प्रदूषण, ध्वनि, ताप तथा फोहरमैलाको अध्ययन, परीक्षण वा विश्लेषण गर्नका लागि सम्बन्धित व्यक्ति वा संस्थाले नगरपालिकाबाट अधिकारप्राप्त व्यक्ति वा संस्थालाई आवश्यकता अनुसार त्यस्ता वस्तु वा पदार्थको नमूना संकलन गर्न दिनु पर्नेछ ।

**१७. <u>वातावरण निरीक्षकको नियुक्ति गर्न सक्ने :</u>** नगरपालिकाभित्र प्रदूषण कम गर्ने, हटाउने वा नियन्त्रण गर्ने तथा स्वीकृत वातावरणीय प्रतिवेदन अनुसार गर्नुपर्ने कामहरू प्रभावकारी रुपले गर्न गराउन, वातावरण संरक्षण सम्वन्धि प्रचलित मापदण्डको पालना भए नभएको सम्बन्धमा अनुगमन तथा निरीक्षण गर्न कार्यपालिकाले नेपाल सरकारबाट मान्यताप्राप्त शैक्षिक संस्थाबाट वातावरण वा विज्ञान वा विज्ञान प्रविधि सम्बन्धित विषयमा कम्तिमा स्नातक हासिल गरेको व्यक्तिलाई प्रचलित कानून बमोजिम निर्धारित मापदण्ड र प्रक्रिया पूरा गरी वातावरण निरीक्षक नियुक्ति गर्न सक्नेछ ।

**१८. <u>वातावरण निरीक्षकको काम, कर्तव्य र अधिकार:</u>** (१) वातावरण निरीक्षकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम तथा प्रचलित संघीय र प्रदेश कानून तथा मापदण्ड बमोजिम प्रदूषण कम गर्ने, हटाउने वा नियन्त्रण गर्ने कार्य भए नभएको निरीक्षण गर्ने,

(ख) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम तथा प्रचलित कानून र मापदण्ड विपरीत कुनै ठाउँबाट प्रदूषण निष्काशन सम्बन्धी नकरात्मक कार्य गरे नगरेको सम्बन्धमा निरीक्षण गर्ने,

(ग) स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदनमा तोकिएका सर्त बमोजिम काम भए नभएको सम्बन्धमा स्थलगत जाँचबुझ तथा निरीक्षण गर्ने,

(घ) खण्ड (क), (ख) र (ग) बमोजिम गरिएको जाँचबुझ तथा निरीक्षण प्रतिवेदन तोकिएको अधिकारी समक्ष पेश गर्ने,

(ङ) वातावरण तथा प्राकृतिक श्रोत संरक्षण सम्बन्धी जनचेतनामूलक गोष्ठी, भेलाबाट निरोधात्मक कार्यक्रमहरु सञ्चालन गरी तोकिए बमोजिमका अन्य कार्यहरु समेत गर्ने ।

(२) उपदफा (१) को खण्ड (क), (ख) र (ग) बमोजिम निरीक्षण गर्ने सिलसिलामा वातावरण निरीक्षकले सम्बन्धित व्यक्ति, संस्था वा प्रस्तावकलाई पूर्व सूचना दिई कुनै घर, जग्गा, भवन, कारखाना, उद्योग, सवारी साधन, औद्योगिक संयन्त्र, औजार, मेशिनरी, जीव, वस्तु, अभिलेख, कागजात वा अन्य मालसामान वा वस्तुहरुको निरीक्षण, परीक्षण वा जाँचबुझ गर्न सक्नेछ ।

(३)उपदफा (२) बमोजिम निरीक्षणको सिलसिलामा वातावरण निरीक्षकले माग गरेको विवरण वा जानकारी उपलव्ध गराई आवश्यक सहयोग गर्नु सम्बन्धित व्यक्ति, संस्था वा प्रस्तावकको कर्तव्य हुनेछ ।

(४) वातावरण निरीक्षकको अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद-३

## फोहरमैला व्यवस्थापन सम्बन्धी व्यवस्था

**१९. फोहरमैलाको उचित तवरले व्यवस्थापन गर्ने दायित्वः** (१) फोहरमैलाको उचित व्यवस्थापन गर्न स्थानान्तरण केन्द्र (ट्रान्सफर स्टेशन), ल्याण्डफिल साइट, प्रशोधन प्लाण्ट, बायो ग्याँस प्लाण्ट लगायत फोहरमैलाको संकलन, अन्तिम बिसर्जन तथा प्रशोधनका लागि आवश्यक पर्ने पूर्वाधार तथा संरचनाको निर्माण तथा सञ्चालन गर्ने जिम्मेवारी नगरपालिकाको हुनेछ ।

(२) फोहरमैला संकलन केन्द्र, स्थानान्तरण केन्द्र वा प्रशोधन स्थलमा फालिएको वा राखिएको फोहरमैला वा सरसफाईको सिलसिलामा जम्मा भएको फोहरमैला व्यवस्थापन गर्ने वा कुनै पनि किसिमबाट प्रयोग गर्ने जिम्मेवारी नगरपालिकाको हुनेछ ।

(३) यस दफाको प्रयोजनको लागि फोहरमैला संकलन केन्द्र, स्थानान्तरण केन्द्र वा प्रशोधन स्थलमा फालिएको वा राखिएको फोहरमैला वा सरसफाईको सिलसिलामा जम्मा भएको कुनै पनि पदार्थ फोहरमैला मानिनेछ ।

**२०. फोहरमैला व्यवस्थापन गर्ने दायित्वः** (१) नगरपालिकाभित्रको फोहरमैला व्यवस्थापन गर्ने गराउने दायित्व कार्यपालिकाको हुनेछ ।

(२) उपदफा (१) जुनसुकै कुरा लेखिएको भए तापनि हानिकारक फोहरमैला, स्वास्थ्य संस्थाजन्य फोहरमैला, रासायनिक फोहरमैला वा औद्योगिक फोहरमैला प्रशोधन र व्यवस्थापन गर्ने दायित्व निर्धारित मापदण्डको अधीनमा रही त्यस्तो फोहरमैला उत्पादन गर्ने व्यक्ति वा निकायको हुनेछ ।

(३) कुनै उद्योग वा स्वास्थ्य संस्थाले हानिकारक फोहरमैला, स्वास्थ्य संस्थाजन्य फोहरमैला रासायनिक फोहरमैला तथा औद्योगिक फोहरमैला प्रशोधन गरी बाँकी रहेको फोहरमैला तथा अन्य फोहरमैलाको व्यवस्थापन गरिदिन कार्यपालिकालाई अनुरोध गरेमा वा कार्यपालिकाले निर्धारण गरेको फोहरमैला व्यवस्थापन स्थल प्रयोग गर्न माग गरेमा कार्यपालिकाले निर्धारण गरे बमोजिम सेवा शुल्क लिई फोहरमैलाको व्यवस्थापन गरिदिन वा फोहरमैला व्यवस्थापन स्थल प्रयोग गर्न दिन सक्नेछ ।

(४) कार्यपालिकाले सामुदायिक सरसफाई सम्बन्धी छुट्टै निर्देशिका बनाई लागू गर्न सक्नेछ ।

(५) फोहरमैला व्यवस्थापनले मानव स्वास्थ्यमा पारेको वा पार्ने प्रभावको जाँच परीक्षण र अनुसन्धान गर्ने अधिकार सम्बन्धित जनस्वास्थ्य अधिकारीसँग हुनेछ ।

(६) जाँच परीक्षणमा कुनै निकायमा फोहरमैला व्यवस्थापन प्रभावकारी हुन नसकी मानव स्वास्थ्यमा प्रतिकूल प्रभाव पारेको भेटिएमा कार्यपालिकाले उक्त निकायलाई समयमै सचेत गराई प्रचलित कानून बमोजिम यस ऐन वा फोहरमैला व्यवस्थापन ऐन, २०६८

तथा फोहरमैला व्यवस्थापन नियमावली, २०७० अनुसार आवश्यक कारवाही हुन सम्बन्धित निकायमा सिफारिस गर्नेछ ।

**२१. <u>फोहरमैला उत्पादन कम गर्ने:</u>** (१) नगरपालिकाभित्र कुनै व्यक्ति, संस्था वा निकायले कुनै काम कारोबार गर्न उत्पादन हुने फोहरमैला यथाशक्य कम गर्नु पर्नेछ ।

(२) उपदफा (१) अनुसार फोहरमैला कम गर्न **3R** को अवधारणाअनुसार फोहरमैला संकलन र व्यवस्थापन गरिनेछ ।

(३) "आफ्नो क्षेत्र" भित्र विसर्जन हुन सक्ने फोहरमैलाको विसर्जन वा पुनः प्रयोगको व्यवस्था मिलाई बाँकी फोहरमैला मात्र निष्काशन गरी फोहरमैलाको परिमाणलाई घटाउनु प्रत्येक व्यक्ति, संस्था वा निकायको कर्तव्य हुनेछ ।

**<u>स्पष्टीकरण :</u>** "आफ्नो क्षेत्र" भन्नाले नगरपालिका भित्रको निजी घर कम्पाउण्ड, औद्योगिक क्षेत्रको परिसर, अस्पताल वा स्वास्थ्य संस्थाको परिसर, औद्योगिक प्रतिष्ठानको परिसर लगायत फोहरमैला उत्पादन गर्ने व्यक्ति, संस्था वा निकायको परिसरलाई सम्झनु पर्छ ।

**२२. <u>फोहरमैला पृथकीकरण:</u>** (१) कार्यपालिकाले फोहरमैलालाई तोकिए बमोजिम जैविक, अजैविक र अन्य प्रकारमा विभाजन गरी सो फोहरमैलालाई स्रोतमै छुट्याउने गरी तोक्नेछ ।

(२) उपदफा (१) बमोजिम तोकिदिए बमोजिम फोहरमैला स्रोतमै छुट्याई संकलन केन्द्रसम्म पुऱ्याउने दायित्व त्यस्तो फोहरमैला उत्पादन गर्ने व्यक्ति, संस्था वा निकायको हुनेछ र यसको लागि कार्यपालिकाले आवश्यक प्रविधि, मालसामान, उपकरण, कण्टेनर आदि उपलब्ध गराउन सक्नेछ ।

**२३. <u>फोहरमैलाको निष्काशन:</u>** (१) फोहरमैला निष्काशनको समय, स्थान र तरिका कार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

(२) हानिकारक फोहरमैला वा रासायनिक फोहरमैला उत्पादन गर्ने व्यक्ति, संस्था वा निकायले त्यस्तो फोहरमैला तोकिए बमोजिम व्यवस्थापन गर्नु पर्नेछ ।

(३) हानिकारक फोहरमैला वा रासायनिक फोहरमैला संकलन केन्द्र वा स्थानान्तरण केन्द्रमा निष्काशन गर्न पाइने छैन ।

**२४. <u>फोहरमैला व्यवस्थापन केन्द्र:</u>** (१) कार्यपालिकाले फोहरमैलालाई व्यवस्थित रुपमा संकलन गर्न प्रत्यक टोल वा वस्तीमा संकलन केन्द्र तोकी आवश्यक कण्टेनरको व्यवस्था गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम संकलन केन्द्र तोक्दा यथाशक्य टोल वा वस्तीका सबैलाई पायक पर्ने गरी वातावरणीय रुपले उपयुक्त स्थान तोक्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमको संकलन केन्द्रमा फोहरमैला निष्काशन र संकलन गर्ने समय र तरिका कार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

**२५. <u>जोखिमपूर्ण फोहरको व्यवस्थापन:</u>** (१) कुनै जोखिमपूर्ण फोहरको संकलन, भण्डारण, प्रशोधन, विक्रीवितरण, विसर्जन वा ओसार पसार गर्दा उत्पादक वा सञ्चालकले जनस्वास्थ्य र वातावरणमा प्रतिकूल असर नपर्ने गरी उचित व्यवस्थापन गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम जोखिमपूर्ण फोहरको व्यवस्थापन गर्दा उत्पादक वा संञ्चालकले आफ्नै खर्चमा व्यवस्थापन गर्नु पर्नेछ ।

(३) जोखिमपूर्ण फोहर व्यवस्थापन सम्वन्धी अन्य प्रक्रिया तोकिए वमोजिम हुनेछ ।

२६. **फोहरमैलाको न्यूनीकरण, पुनःप्रयोग तथा पुनःचक्रीय प्रयोगः** (१) कार्यपालिकाले फोहरमैला न्यूनीकरण, पुनः प्रयोग तथा पुनःचक्रीय प्रयोगलाई प्रोत्साहन गर्न आवश्यक कार्य गर्नेछ र यसको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक निर्देशिका बनाई लागू गर्न सक्नेछ ।

(२) उद्योग उत्पादन प्याकिङ्ग गर्न प्रयोग गरेको वस्तुलाई पुनः प्रयोग गरी फोहरमैलाको परिमाणलाई घटाउने काममा प्रोत्साहन गर्न सम्बन्धित उद्योगसँग कार्यपालिकाले समन्वय गर्न सक्नेछ ।

२७. **अनुमति सम्बन्धी व्यवस्थाः** (१) यस ऐन बमोजिम कार्यपालिकाको अनुमति नलिई कसैले पनि फोहरमैला व्यवस्थापन सम्बन्धी काम गर्न वा गराउन सक्ने छैन ।

(२) फोहरमैला व्यवस्थापन गर्न चाहिने स्वदेशी वा विदेशी कम्पनी, संस्था वा निकायले देहायको विवरण खुलाई अनुमतिको लागि कार्यपालिकामा निवेदन दिनु पर्नेछः-

(क) फोहरमैला व्यवस्थापन सम्बन्धी योजना,

(ख) फोहरमैला व्यवस्थापन सम्बन्धी आवश्यक जनशक्ति तथा प्रविधिको विवरण,

(ग) तोकिए बमोजिमको अन्य विवरण ।

(३) उपदफा (२) बमोजिम पर्न आएको निवेदन उपर कार्यपालिकाले आवश्यक जाँचबुझ गरी अनुमतिपत्र दिन सक्नेछ ।

(४) फोहरमैलाको व्यवस्थापन, पुनःचक्रीय प्रयोग, प्रशोधन र विसर्जनमा आवश्यक पर्ने प्रविधि स्वदेशमा उपलब्ध हुन नसक्ने देखिएमा त्यस्तो प्रविधि उपलब्ध गराउन सक्ने कुनै विदेशी कम्पनी, संस्था वा निकायलाई सम्झौतामा उल्लेखित अवधिभित्र त्यस्तो प्रविधि हस्तान्तरण गर्ने शर्तमा नेपाल सरकारको स्वीकृति लिई कार्यपालिकाले उपदफा (३) बमोजिम अनुमतिपत्र दिन सक्नेछ ।

(५) अनुमतिपत्र सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

२८. **फोहरमैला व्यवस्थापनमा निजी तथा सामुदायिक क्षेत्रको संलग्नताः** (१) कार्यपालिकाले आवश्यकता अनुसार यस ऐन बमोजिम अनुमति प्राप्त निजी क्षेत्रका कम्पनी वा सामुदायिक क्षेत्रबाट तोकिए बमोजिम प्रतिस्पर्धा गराई आफ्नो क्षेत्रको फोहरमैला व्यवस्थापन गराउन सक्नेछ ।

(२) उपदफा (२) बमोजिम फोहरमैला व्यवस्थापन गर्दा निजी क्षेत्रका कम्पनीको हकमा देहायका सबै वा कुनै र सामुदायिक एवं गैरसरकारी संघ, संस्थाको हकमा देहायको कुनै काम गराउन सकिनेछः-

(क) फोहरमैलाको न्यूनीकरणका लागि जनचेतना अभिवृद्धि,

(ख) फोहरमैला संकलन,

(ग) फोहरमैला ढुवानी,

(घ) फोहरमैलाको प्रयोग, पुनः प्रयोग, पुनः चक्रीय प्रयोग वा प्रशोधन,

(ङ) फोहरमैला विसर्जन,

(च) बन्द पश्चात ( विसर्जनपछि ) व्यवस्थापन ।

**२९. प्रतिस्पर्धा गराई फोहरमैला व्यवस्थापनको जिम्मा दिने:** (१) कार्यपालिकाले यस ऐन बमोजिम निजी क्षेत्र वा सामुदायिक संस्थाबाट फोहरमैला व्यवस्थापन गराउँदा बोलपत्र आह्वान गरी प्रतिस्पर्धा गराई व्यवस्थापकको छनौट गरी व्यवस्थापन गर्ने जिम्मा दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम फोहरमैला व्यवस्थापकको छनौट गर्दा देहायका आधारमा गर्नु पर्नेछ:-

(क) कार्यपालिकालाई बुझाउन कबुल गरेको रकम,

(ख) फोहरमैलाबाट ऊर्जा शक्ति उत्पादन गर्ने वा प्राङ्गारिक मल उत्पादन गर्ने क्षमता, पूँजी, प्रविधि र जनशक्तिको क्षमता,

(ग) आर्थिक तथा प्राविधिक क्षमता,

(घ) फोहरमैला व्यवस्थापन अपनाउन प्रस्ताव गरीएको प्रविधिको दिगोपन तथा वातावरणीय प्रभाव न्यूनीकरण,

(ङ) व्यवस्थापन करार गर्न प्रस्ताव गरिएको व्यवस्थापन शुल्क,

(च) फोहरमैलाको प्रयोग, प्रशोधन वा पुनः प्रयोग गर्ने सम्बन्धमा भए कार्यपालिकालाई बुझाउन मञ्जुर गरिएको रोयल्टी ।

(३) बोलपत्र सम्बन्धी अन्य व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ ।

(४) उपदफा (१) बमोजिम फोहरमैला व्यवस्थापनको जिम्मा पाएको कम्पनी, संस्था वा निकायले कार्यपालिकासँग गरेको सम्झौताको अधीनमा रही शुल्क उठाउन सक्नेछ ।

(५) फोहरमैला व्यवस्थापनमा गैरसरकारी क्षेत्रको संलग्नता सम्बन्धी अन्य कुराहरु तोकिए बमोजिम हुनेछ ।

**३०. फोहरमैला व्यवस्थापन स्थल निर्माण तथा सञ्चालन गर्न स्वीकृति दिन सकिने:** (१) निजी क्षेत्रबाट फोहरमैला व्यवस्थापनका लागि फोहरमैला व्यवस्थापन स्थल, प्रशोधन स्थल वा अन्य संयन्त्र निर्माण गरी सञ्चालन गर्न स्वीकृति माग गरेमा वातावरण तथा अन्य प्रचलित कानूनको अधीनमा रही त्यस्तो संयन्त्र निर्माण तथा सञ्चालनका लागि कार्यपालिकाले स्वीकृति दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम निजी क्षेत्रबाट फोहरमैला व्यवस्थापन संयन्त्रको निर्माण तथा सञ्चालन गर्दा तोकिएको वातावरणीय मापदण्डको पालना भए वा नभएको अनुगमन कार्यपालिकाले गर्नेछ ।

(३) उपदफा (२) बमोजिम अनुगमन गर्दा स्वीकृत मापदण्डको पालना गरेको नपाइएमा त्यस्तो मापदण्ड पालनाको लागि आवश्यक व्यवस्था गर्न समयावधि तोकिदिन सक्नेछ र सो समयावधिमा पनि मापदण्डको पालनाको लागि आवश्यक व्यवस्था नगरेमा त्यस्तो व्यक्ति वा कम्पनीको स्वीकृति कार्यपालिकाले तोकिए बमोजिम रद्द गर्न सक्नेछ ।

**३१. <u>सार्वजनिक निजी साझेदारीमा फोहरमैला व्यवस्थापन गर्न सकिनेः</u>** (१) कार्यपालिकाले प्रचलित कानूनको अधीनमा रही निजी क्षेत्र, सामुदायिक एवं गैरसरकारी संघ, संस्थासँगको साझेदारीमा फोहरमैला व्यवस्थापन कार्य गर्न सक्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सामुदायिक एवं गैरसरकारी संघ, संस्थासँगको साझेदारीमा फोहरमैला न्यूनीकरणको लागि जनचेतना अभिवृद्धि, फोहरमैला संकलन, ढुवानी, फोहरमैला व्यवस्थापन स्थलको बन्द पश्चात व्यवस्था, उद्यान निर्माण र सौन्दर्यकरण जस्ता कार्य मात्र गर्न वा गराउन सकिनेछ ।

**३२. <u>सेवा शुल्क उठाउन सक्नेः</u>** (१) कार्यपालिकाले फोहरमैला व्यवस्थापन गरे बापत सम्बन्धित व्यक्ति, संस्था, व्यवसायी वा निकायबाट सरसफाइ सेवा शुल्क लगाई उठाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको शुल्कको निर्धारण फोहरमैलाको परिमाण, तौल तथा प्रकृति र तोकिए बमोजिमको अन्य कुराहरुको आधारमा नगरपालिकाभरि वा कुनै विशेष क्षेत्रमा मात्र कार्यान्वयन हुने गरी कार्यपालिकाले निर्णय गर्न सक्नेछ ।

(३) उपदफा (१) बमोजिमको शुल्क कार्यपालिका आफैंले वा निजले तोकेको संस्था वा निकाय मार्फत् समेत उठाउन सक्नेछ ।

(४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि दफा २६ बमोजिम फोहरमैला व्यवस्थापन गर्न जिम्मेवारी पाएको व्यक्ति, संस्था वा निकायले कार्यपालिकासँग भएको सहमतिको आधारमा फोहरमैला व्यवस्थापन गरे बापत सम्बन्धित व्यक्ति, संस्था वा निकायबाट सेवा शुल्क उठाउन सक्नेछ । तर, तोकिए बमोजिमका विपन्न वर्गलाई सेवा शुल्कमा तोकिए बमोजिम छूट दिन सकिनेछ ।

(५) यस दफा बमोजिम शुल्कबाट प्राप्त आम्दानी तथा फोहरमैला व्यवस्थापन निजी क्षेत्रलाई संलग्न गराउँदा प्राप्त हुने आम्दानी कार्यपालिकाले एउटा छुट्टै शीर्षकमा राखी तोकिएको मापदण्डको अधीनमा रही फोहरमैलाको व्यवस्थापन, वातावरणीय संरक्षण तथा फोहरमैला व्यवस्थापन प्रभावित क्षेत्रको विकासमा खर्च गर्नु पर्नेछ ।

## परिच्छेद-४

## <u>जैविक विविधता संरक्षण</u>

**३३. <u>जैविक विविधताको संरक्षण गर्नुपर्नेः</u>** (१) आफ्नो क्षेत्रभित्रको जैविक विवधताको संरक्षण गर्ने जिम्मेवारी नगरपालिकाको हुनेछ ।

(२) उपदफा (१) बमोजिम जैविक विविधताको संरक्षण सम्बन्धी कार्यक्रम गर्दा संघीय तथा प्रदेशको कानून तथा मापदण्ड प्रतिकूल नहुने गरी देहाय बमोजिम गर्नु पर्नेछ, ।

(क) कृषिजन्य जैविक विविधता संरक्षण,-

(१) विकासका कार्यक्रमहरु संचालन गर्दा कृषि जैविक विविधिताको संरक्षणलाई विशेष महत्व दिने,

(२) जैविक विविधता, वातावरण र मानव स्वास्थ्यमा नकारात्मक प्रभाव पार्न सक्ने जोखिम भएका जि .एम.ओ.(GMO) तथा त्यसका उत्पादनलाई आवश्यकता अनुसार नियन्त्रण वा निषेध गर्ने,

(३) कृषि पर्यावरणीय सेवाहरुको दिगो परिचालनको लागि परागसेचक तथा अन्य पर्यावरणीय सेवा प्रदान गर्ने जीवहरु सम्बन्धी अध्ययन, अनुसन्धान, अनुगमन गरी संरक्षणका कार्यक्रमहरु सञ्चालन गर्ने,

(४) परम्परागत, ज्ञान सीप तथा अभ्यासको संरक्षण र प्रवर्द्धन गर्ने ।

(ख) सिमसार संरक्षण :

(१) स्थानीय जनसमुदायको सहभागितामा उनिहरुको हितका लागि आफ्नो क्षेत्र अन्तर्गतका सिमसारको पहिचान गर्दै सोको संरक्षण र व्यवस्थापन गर्ने,

(२) स्थानीय जनसहभागितामा आधारित सिमसार व्यवस्थापनको माध्यमद्वारा सिमसारको स्रोतहरुमाथि समन्यायिक अवसर दिलाउँदै बुद्धिमत्तापूर्ण प्रयोगको अवधारणालाई सार्थक तुल्याउने,

(३) स्थानीय व्यक्ति, समुदाय एवं निकायलाई संलग्न गराउँदै सिमसारको संरक्षण र व्यवस्थापन कार्य प्रभावकारी बनाउने,

(४) वर्तमान र भावी पुस्ताको फाइदाका लागि प्राकृतिक स्रोत संरक्षण गर्न स्थानीय वासिन्दाको हित हुने खालको सामाजिक र आर्थिक विकासका कार्यक्रम संचालन गर्ने,

(५) सिमसारमा आश्रित सङ्कटापन्न जीवजन्तु, जलचर, सापेक्षिक जङ्गली जनावर तथा अन्य जल आश्रित आनुवंशिक स्रोतको संरक्षण गर्ने,

(६) वातावरणीय असर न्यून हुने गरी सिमसार क्षेत्रमा वातावरण अनुकूल पर्यटनको विकास गर्दै प्राप्त लाभलाई यथासम्भव सिमसारको व्यवस्थापन र स्थानीय जनसमुदायको हितमा परिचालन गर्ने,

(७) सिमसार संरक्षण र व्यवस्थापनका लागि तयार गरिने कार्ययोजनाहरुमा स्थानीय जनसहभागिता सुनिश्चित गर्ने,

(८) सिमसार क्षेत्रमा आश्रित स्थानीयवासीको अनुभव, अभ्यास, सीप र ज्ञानको संरक्षण गर्दै सोही आधारमा सिमसारको संरक्षण र व्यवस्थापन गर्न प्रश्रय दिने,

(९) सिमसार व्यवस्थापनमा देखा पर्ने समस्याहरुको पहिचान गरी स्थानीय स्तरमै समाधानको उपायहरुको खोजी गर्न जन सहमतिका आधारमा व्यवस्थापन कार्ययोजना बनाई लागू गर्ने गराउने,

(१०) सिमसार व्यवस्थापन योजना तर्जुमा गर्ने र व्यवस्थापन समितिमा स्थानीय जनसमुदायका साथै संघ संस्थाको प्रतिनिधित्व गराउन आवश्यक कानुनी एवं प्रशासनिक व्यवस्था गर्ने,

(११) सिमसारमा आश्रित स्थानीय जनसमुदायलाई सिमसारबाट प्राप्त हुने लाभको न्यायोचित बाँडफाँडका लागि आवश्यक व्यवस्था गर्ने,

(१२) जैविक विविधता संरक्षण तथा व्यवस्थापनसम्बन्धी अन्य व्यवस्था प्रचलित कानून र मापदण्ड बमोजिम हुनेछ।

**३४. जैविक विविधताको अभिलेखीकरण गर्नुपर्ने:** (१) नगरपालिकाले आफ्नो क्षेत्राधिकारभित्र अवस्थित जैविक विविधताको वस्तुस्थिति र विवरणको अभिलेखीकरण व्यवस्थित र वैज्ञानिक ढङ्गले राख्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको अभिलेखीकरण जैविक विविधता सम्बन्धी निर्देशिका बनाई राष्ट्रिय मापदण्ड अनुरुप अद्यावधिक राख्ने जिम्मेवारी कार्यपालिकाको हुनेछ ।

(३) जैविक विविधताको अभिलेखीकरण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

**३५. स्थानीय समुदायको परम्परागत ज्ञान, सीप, अभ्यास, आदिको संरक्षण गर्नुपर्ने:** (१) जैविक विविधताको सम्बन्धमा स्थानीय समुदाय भित्रका व्यक्ति वा समूहमा रहेको ज्ञान, सीप, अभ्यास आदिको पहिचान, अभिलेखीकरण, तथा संरक्षण गर्ने जिम्मेवारी कार्यपालिकाको हुनेछ ।

(२) कार्यपालिकाले उपदफा (१) बमोजिमको अभिलेखीकरण वैज्ञानिक र व्यवस्थित ढङ्गले तोकिएको ढाँचा र प्रारुपमा राख्नुपनेछ । यसरी राखिएको विद्युतीय प्रति कार्यालयको वेभसाइटमा समेत राख्नुपर्नेछ ।

**३६. खनिज पदार्थ संरक्षण सम्बन्धी व्यवस्था:** (१) कार्यपालिकाले आफ्नो क्षेत्रभित्र रहेका खनिज पदार्थको अवस्था बुझ्न सर्भे तथा खोज गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको सर्भे तथा खोजबाट प्राप्त सूचना तथा तथ्याङ्कको आधारमा प्रचलित नेपालको संघीय तथा प्रदेश कानून प्रतिकूल नहुने गरी कार्यपालिकाले खनिज पदार्थको संरक्षण तथा प्रवर्द्धनका कार्यक्रमहरु सञ्चालन गर्न सक्नेछ ।

**३७. जलाधार संरक्षण गर्नुपर्ने:** (१) नगरपालिका क्षेत्रभित्र रहेका जलाधारको संरक्षण गर्नु नगरपालिका, नागरिक र सम्बन्धित निकायको कर्तव्य हुनेछ ।

(२) कार्यपालिकाले संघीय र प्रदेशको कानून र मापदण्डको अधीनमा रही कार्यविधि वनाई नगरपालिकाभित्रको जलाधार संरक्षण तथा व्यवस्थापन गर्नेछ ।

(३) आफ्नो क्षेत्रमा रहेको खानेपानीको मुहानको पहिचान, अभिलेखीकरण, संरक्षण तथा व्यवस्थापन गर्ने जिम्मेवारी कार्यपालिकको हुनेछ ।

## परिच्छेद- ५

## वन तथा हरित क्षेत्रको संरक्षण तथा व्यवस्थापन

**३८. वन, वन पैदावार, वन्यजन्तु तथा हरित क्षेत्रको संरक्षण र प्रवर्द्धन गर्नुपर्ने:** (१) आफ्नो क्षेत्राधिकार भित्रको वन, वन पैदावार, वन्यजन्तु तथा हरित क्षेत्रको संरक्षण र प्रवर्द्धन गर्ने प्रमुख जिम्मेवारी नगरपालिकाको हुनेछ ।

(२) वन, वन पैदावार, वन्यजन्तु तथा हरित क्षेत्रको संरक्षण र प्रवर्द्धनमा सहयोग गर्नु नागरिकको कर्तव्य हुनेछ ।

(३) वन तथा वन पैदावारसंरक्षण र प्रवर्द्धन गर्ने सम्बन्धमा नगरपालिकाले संघीय र प्रदेश कानूनको प्रतिकूल नहुने गरी देहाय बमोजिम गर्नुपर्नेछ ।

(क) संघ तथा प्रदेशसँग समन्वय गरी स्थानीय समुदायको सहभागितमा आफ्नो सिमाभित्रका समुदायमा आधारित वन, निजी वन, कृषि वन तथा वनमा आधारित उद्योगहरु संचालन तथा व्यवस्थापन गर्ने,

(ख) सामुदायिक वन उपभोक्ता समूह लगायत समुदायमा आधारित वन व्यवस्थापन गर्ने समूहको प्राविधिक, व्यवस्थापकीय, संस्थागत क्षमता विकासमा प्राथमिकता दिने,

(घ) वनसँग सम्बन्धित प्राविधिक सेवालाई प्रभावकारी बनाउनुका अतिरिक्त क्षमता विकासको लागि उत्प्रेरणात्मक अवसरहरु सिर्जना गर्ने,

(ङ) स्थानीय समुदायमा रहेको वनजन्य, जडिबुटी तथा वनस्पति उपयोग सम्बन्धी परम्परागत ज्ञान, सीप र चिकित्सा पद्धतिलाई आधुनिक विज्ञानसँग संयोजन गर्दै उन्नत प्रकारको ज्ञान, सीप र उत्पादनका लागि उपयुक्त वातावरण निर्माण गर्ने,

(च) वन्यजन्तु र वनस्पतिको संरक्षण तथा प्रवर्द्धन गर्न संघ, प्रदेशसँगको समन्वयमा स्थानीय स्तरका प्राणी उद्यान तथा वनस्पति उद्यानहरु स्थापना र संचालन गर्ने,

(छ) वन पैदावार संकलनमा दिगोपना र प्रभावकारिताका लागि आधुनिक प्रविधिहरुको प्रयोगलाई प्रोत्साहन गर्ने,

(ज) दिगो वन व्यवस्थापनको मापदण्ड अनुरुप सबै वन व्यवस्थापनमा सामाजिक, आर्थिक र वातावरणीय दृष्टिले दीगोपना सुनिश्चित गर्ने,

(झ) संघ तथा प्रदेशको समन्वयमा संरक्षित क्षेत्र, सिमसार क्षेत्र तथा वन व्यवस्थापन पद्धतिहरुबाट पर्यटन प्रवर्द्धन गर्न योगदान पुर्यायउने,

(ञ) वन, वनस्पति, वन्यजन्तु तथा जैविक विविधता र जलाधार क्षेत्रको संरक्षण, पुनःस्थापना र दिगो उपयोग गर्न आवश्यक योजना र कार्यक्रम संचालन गर्ने,

(ट) नगरपालिका क्षेत्रभित्रका जलचरको संरक्षण गर्ने,

(ठ) संघ तथा प्रदेशसँग समन्वय र सहकार्य गरी गरिवीको रेखामुनि रहेका जनताको गरिवी न्यूनीकरण गर्न वनको संरक्षण र विकास हुने गरी आय आर्जन तथा पर्यटनका कार्यक्रमहरू संचालन गर्ने,

(ड) सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार विक्री तथा उपयोग गर्न बनाएको वार्षिक कार्ययोजना नगरपालिकाबाट स्वीकृत गरी कार्यान्वयन गराउने

(ढ) नगरपालिका क्षेत्रभित्रको सार्वजनिक तथा ऐलानी जग्गामा रहेको काठ दाउरा, जराजुरी, दहत्तर बहत्तर आदिको बिक्री गर्ने,

(ण) सामुदायिक भू-संरक्षण र सोमा आधारित आय आर्जन कार्यक्रमहरु संचालन गर्ने,

(त) संघ तथा प्रदेशको मापदण्डको अधीनमा रही नगरपालिका क्षेत्रभित्रको जडिबुटी तथा अन्य गैरकाष्ट वन पैदावर सम्वन्धि सर्वेक्षण, उत्पादन, संकलन प्रवर्द्धन, प्रशोधन र वजार व्यवस्थापन गर्ने ।

**३९. निजी वन दर्ता तथा व्यवस्थापन:** (१) निजी वन दर्ता गराउन चाहने कुनै व्यक्ति वा संस्थाले निजी वन दर्ताको लागि डिभिजन वन कार्यालय वा सब डिभिजन वन कार्यालयको सिफारिस सहित कार्यपालिकामा निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम कुनै निवेदन परेमा आवश्यक जाँचबुझ गरी कार्यपालिकाले निजी वन दर्ता गरी प्रमाणपत्र दिनेछ ।

(३) व्यवसायिक प्रयोजनका लागि निजी वन वा निजी आवादीमा रहेको वन पैदावरको संकलन तथा ओसारपसार गर्नु परेमा कार्यपालिकाबाट स्वीकृत लिनु पर्नेछ ।

४०. **सार्वजनिक जग्गामा वन विकास सम्बन्धी व्यवस्थाः** (१) कार्यपालिकाले प्रचलित नेपाल कानून तथा यस ऐनको अधीनमा रही सार्वजनिक जग्गामा वनको विकास, संरक्षण, व्यवस्थापन गर्न र वन पैदावरको उपयोग तथा बिक्रि वितरण गर्न सक्नेछ ।

(२) कार्यपालिकाले सडक, नहर र बाटो किनारमा लगाइएको तथा बाटोमा छहारी पर्ने रुखहरु र चौतारा, कुलाको मुहान, धार्मिक स्थल वा त्यस्तै अन्य संवेदनशील ठाउँमा लगाइएका रुखहरुको संरक्षण गर्न तथा जोखिमपूर्ण अवस्थामा प्रचलित नेपाल कानूनको अधिनमा रही हटाउन सक्नेछ ।

४१. **सहरी वनको विकास र व्यवस्थापनः** (१) कार्यपालिकाले आफ्नो क्षेत्रभित्रको सहरी क्षेत्र तथा वस्तीमा रहेका सार्वजनिक सडक तथा पार्क जस्ता स्थानमा आफैंले वा कुनै संघसंस्था वा निजी क्षेत्रसँगको साझेदारीमा सहरी वनको विकास तथा व्यवस्थापन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम स्थापना हुने सहरी वनको वन पैदावार कार्यपालिकाले तोकिए बमोजिम प्रयोग गर्न सक्नेछ ।

४२. **वनक्षेत्रको प्रयोगः** कार्यपालिकाले कुनै विकास आयोजना सञ्चालन गर्दा वन क्षेत्रको प्रयोग गर्नु बाहेक अन्य कुनै विकल्प नभएमा र प्रचलित कानून बमोजिमको वातावरणीय अध्ययनबाट त्यस्तो योजना सञ्चालन गर्दा वातावरणमा उल्लेखनीय प्रतिकूल असर नपर्ने देखिएमा सो आयोजना सञ्चालन गर्न त्यस्तो वन क्षेत्रको जग्गा प्राप्त गर्नको लागि संघीय सरकार समक्ष अनुरोध गर्न सक्नेछ ।

४३. **नर्सरी र उद्यान स्थापना तथा व्यवस्थापनः** (१) संघीय तथा प्रादेशिक कानून प्रतिकूल नहुने गरी, प्रचलित मापदण्ड तथा तोकिएको प्रक्रिया पूरा गरेको सुनिश्चित गरी नगरपालिका क्षेत्रभित्र जोकोहीले पनि कार्यपालिकाको अनुमति लिई नर्सरी तथा उद्यान सञ्चालन गर्न सक्नेछन् ।

(२) नगरपलिका क्षेत्रभित्र उपदफा (१) बमोजिम सञ्चालन हुने नर्सरी तथा उद्यानको सम्बन्धमा संघीय तथा प्रादेशिक मापदण्डसँग नबाझिने गरी सञ्चालन तथा पूर्वाधार मापदण्ड निर्देशिका बनाई लागू गर्नेछ ।

(३) नगरपालिका क्षेत्रभित्र उपदफा (१) बमोजिम स्थापना हुने सबै नर्सरी तथा उद्यानहरुको कम्तिमा वर्षको एक पटक तोकिए बमोजिम अनिवार्य अनुगमन निरीक्षण गर्नुपर्नेछ ।

४४. **खुल्ला क्षेत्र व्यवस्थापन तथा हरियाली प्रवर्द्धनः** (१) नगरपालिकाले आफ्नो क्षेत्रभित्र रहेको खुल्ला तथा सार्वजनिक क्षेत्रको संरक्षण, प्रवर्द्धन तथा अभिलेखीकरण गर्नु पर्नेछ ।

(२) कार्यपालिकाले आफ्नो क्षेत्राधिकार भित्र रहने खुल्ला तथा सार्वजनिक क्षेत्रमा प्रचलित कानूनको प्रतिकूल नहुने गरी वृक्षारोपण, सम्भार र व्यवस्थापन गर्न सक्नेछ ।

(३) खुल्ला तथा सार्वजनिक क्षेत्रको व्यवस्थापन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

४५. **<u>नदी किनार, नदी उकास, नहर किनार र सडक किनारमा वृक्षारोपणः</u>** (१) नगरपालिका भित्रको नदी किनार, नदी उकास, नहर किनार र सडक किनारमा कार्यपालिकाको अनुमति लिई वृक्षारोपण गर्न सकिनेछ ।

(२) कार्यपालिकाले वृक्षारोपण सम्बन्धी मापदण्ड बनाई लागू गर्न सक्नेछ ।

## परिच्छेद-६

## <u>संस्थागत व्यवस्था</u>

४६. **<u>वातावरण तथा प्राकृतिक स्रोत संरक्षण कोषको स्थापना र सञ्चालनः</u>** (१) नगरपालिकामा वातावरण संरक्षण, प्रदूषणको रोकथाम तथा नियन्त्रणका साथै जैविक विविधताको संरक्षण लागि प्राकृतिक स्रोत  तथा वातावरण संरक्षण कोषको स्थापना हुनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरु रहने छन् :

(क) संघ, प्रदेश सरकारबाट वातावरण संरक्षणका लागि प्राप्त रकम,

(ख) नगरपालिकाबाट विनियोजन गरिएको रकम,

(ग) विभिन्न संघ संस्थावाट प्राप्त रकम,

(घ) अन्य स्रोतवाट प्राप्त रकम ।

(३) प्राकृतिक स्रोत तथा वातावरण संरक्षण कोषको संचालन तोकिए बमोजिम हुनेछ ।

४७. **<u>प्राकृतिक स्रोत तथा वातावरण संरक्षण परिषद गठन गर्न सक्नेः</u>** (१) वातावरण, जैविक विविधता र प्राकृतिक स्रोत संरक्षणसम्बन्धी कार्यलाई व्यवस्थित रुपमा कार्यान्वयन गर्न, नीति, योजना निर्माण गर्न, विभिन्न निकायहरु वीच समन्वय गर्न तथा यस ऐन अन्तर्गत अनुगमन तथा निरीक्षण गर्न नगरपालिकामा वातावरण सम्बन्धी विशेषज्ञ सम्मिलित एक प्राकृतिक स्रोत तथा वातावरण संरक्षण परिषद रहनेछ ।

(२) उपदफा (१) बमोजिमको परिषदमा देहाय बमोजिमका अध्यक्ष र सदस्यहरू रहनेछन्:

(क) नगरपालिका प्रमुख  -अध्यक्ष

(ख) उपप्रमुख उपाध्यक्ष  -सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(घ) सामाजिक विकास समिति संयोजक -सदस्य

(ङ) वन, वातावरण तथा विपद् व्यवस्थापन समिति संयोजक -सदस्य

(च) वातावरण तथा प्राकृतिक स्रोतको क्षेत्रमा काम गरेका विज्ञ १ महिला सहित ३ जना -सदस्य

(छ) स्थानीय वासिन्दाहरूमध्ये वन उपभोक्ता समितिहरूवाट १ जना सहित कार्यपालिकाले तोकेका १ महिला समेत ३ जना  -सदस्य

(ज) कृषि क्षेत्र हेर्ने नगर कार्यपालिका सदस्य- सदस्य

(झ) वातावरण शाखा प्रमुख  सदस्य सचिव

(३) प्राकृतिक स्रोत तथा वातावरण संरक्षण परिषद्को अन्य काम, कर्तव्य तथा अधिकार तोकिए बमोजिम हुनेछ ।

अर्जुनधारा राजपत्र

**४८. <u>समितिहरु गठन गर्न सक्ने :</u>** (१) नगर कार्यपालिकाले यो ऐनको उद्देश्य पूर्तिको लागि सम्बन्धित विषयका विशेषज्ञहरु समेत रहेको विभिन्न समितिहरु गठन गर्न सक्नेछन् ।

(२) उपदफा (१) बमोजिम गठित समितिहरुको काम, कर्तव्य र अधिकार नगर कार्यपालिकाले तोकिदिए बमोजिम हुनेछ ।

**४९. <u>अनुगमन तथा मूल्यांकनः</u>** (१) यस ऐन अन्तर्गत आवश्यक अनुगमन र मूल्यांकन दफा ५८ बमोजिम स्थापित वातावरण तथा जैविक विविधता संरक्षण परिषद वा परिषदले तोकेको निरीक्षण समितिहरूवाट गर्नेछ ।

(२) अनुगमन तथा मूल्यांकन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**५०. <u>वातावरण संरक्षण योजना तर्जुमा गर्नेः</u>** (१) कार्यपालिकाले वातावरण तथा जैविक विविधता संरक्षण योजना तर्जुमा तथा कार्यान्वयन गर्नेछ ।

(२) कार्यपालिकाले वातावरण संरक्षण योजना तर्जुमा गर्दा वातावरण संरक्षण, जैविक विविधताको संरक्षण र प्रवर्द्धन, दीगो उपयोग र वातावरणीय र जैविक विविधताका स्रोतहरूको परम्परागत र स्थानीय अभ्यासहरूलाई समेत समावेश गर्नुपर्नेछ ।

(३) उपदफा (१) बमोजिमको वातावरण तथा जैविक विविधता संरक्षण योजना बनाउँदा महिला, अपाङ्गता भएका व्यक्ति, बालबालिका, जेष्ठ नागरिक र आर्थिक रुपमा विपन्न समुदायलाई विशेष प्राथमिकता दिनुपर्नेछ ।

(४) वातावरण संरक्षण योजनामा समावेश गर्नुपर्ने विषयवस्तु तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद-७

## <u>कसूर, जरिवाना तथा क्षतिपुर्ति</u>

**५१. <u>कसूरः</u> कसैले देहायको कुनै काम गरेमा यस ऐन बमोजिम कसूर गरेको मानिनेछ :-**

(क) कार्यपालिकाले तोकिदिएको समय र स्थान बाहेक अन्यत्र फोहरमैला निष्काशन गर्ने,

(ख) कण्टेनर वा फोहरमैला संकलन केन्द्रमा राखिएको फोहरमैला अनाधिकृत तवरले प्रयोग गर्ने,

(ग) फोहरमैला संकलन केन्द्रमा राखिएको कण्टेनर तोडफोड गर्ने क्षति पुऱ्याउने, राखिएको स्थानबाट हटाउने वा संकलन केन्द्रमा कुनै नोक्सानी पुऱ्याउने,

(घ) यस ऐन बमोजिम अनुमति नलिई फोहरमैला व्यवस्थापनको कार्य गर्ने,

(ङ) यस ऐन बमोजिम फोहरमैला व्यवस्थापनको लागि प्रदान गरिएको अनुमतिपत्रमा उल्लेखित शर्तहरु उल्लङ्घन गर्ने,

(च) फोहरमैला संकलन केन्द्र, कण्टेनर वा फोहरमैला थुपार्ने ठाउँमा कुनै पनि किसिमको हानिकारक पदार्थ फाल्ने, राख्ने वा थुपार्ने,

(छ) घर, कम्पाउण्ड तथा परिसरको फोहरमैला सडक वा अन्य सार्वजनिक स्थानमा राख्ने, फाल्ने वा थुपार्ने,

(ज) फोहरबाट निस्केको दूषित पानी (लिचेट) वा ढल चुहाई अन्य व्यक्तिको घर वा जग्गा प्रदूषित गराउने,

(झ) सडक वा अन्य सार्वजनिक स्थानमा सरसफाई तथा फोहरमैला संकलन गर्न कार्यपालिकाले तोकेको समय वा सफाई गर्दाको समयमा त्यस्तो ठाउँमा कुनै पनि किसिमको सवारी साधन बिसाउने वा बिसाइराखेको सवारी साधन हटाउने इन्कार गर्ने,

(ञ) कार्यपालिकाले तोकेको ठाउँमा बाहेक जनस्वास्थ्यमा प्रतिकूल असर पर्ने गरी सडक वा अन्य सार्वजनिक स्थानमा कुनै पनि किसिमको हानिकारक फोहरमैला राख्ने, फाल्ने, थुपार्ने वा निष्काशन गर्ने,

(ट) रासायनिक फोहरमैला, औद्योगिक फोहरमैला, स्वास्थ्य संस्थाजन्य फोहरमैला वा हानिकारक फोहरमैला जथाभावी फाल्ने, राख्ने वा निष्काशन गर्ने वा गराउने,

(ठ) औद्योगिक प्रतिष्ठान वा स्वास्थ्य संस्थाले उद्योग वा स्वास्थ्य संस्थाबाट निस्कने हानिकारक फोहरमैला जथाभावी फाल्ने, राख्ने वा निष्काशन गर्ने वा गराउने,

(ड) फोहरमैला संकलन, ढुवानी तथा फोहरमैला व्यवस्थापनमा बाधा अवरोध सिर्जना गर्ने,

(ढ) फोहरमैला संकलन, ढुवानी तथा अन्तिम निष्काशन स्थलमा अवरोध, बन्द, घेराउ गर्ने वा फोहरमैला व्यवस्थापन सम्बन्धी कार्यमा हडताल गर्ने,

(ण) फोहरमैला अत्याधिक उत्पादन हुने वस्तु भनी नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी प्रतिबन्ध लगाएको कुनै वस्तु उत्पादन तथा बिक्री वितरण गर्ने,

(त) प्रचलित कानून बमोजिम तोकिएको मापदण्ड विपरित रासायनिक विषादीको आयात गर्ने वा समयावधि सकिएको रासायनिक विषादी प्रचलित कानून र मापदण्ड बमोजिम नष्ट गर्ने जिम्मेवारी पूरा नगर्ने,

(थ) स्रोत मै फोहरमैलाको पृथकीकरण नगरी फोहरमैला मिसाएर निष्काशन गर्ने,

(द) मरेको वा मारेको पशुपक्षी र सोको लादी, प्वाँख, भुत्ला, हड्डी तथा माछाको कत्ला आदि सार्वजनिक स्थल, सडक, गल्ली, चोकमा राख्ने, फाल्ने वा थुपार्ने ।

**५२. <u>सजाय तथा जरिवानाः</u>** (१) फोहरमैला व्यवस्थापन सम्बन्धमा कसैले दफा ५१ अनुसारका देहायको कसुर गरेमा देहाय बमोजिमको सजाय तथा जरिवाना गर्नेछ :

(क) दफा ५१ को खण्ड (क) बमोजिमको कसूर गर्ने व्यक्तिलाई कार्यपालिकाले पहिलो पटक भए पाँच हजार रुपैयाँसम्म जरिवाना, दोस्रो पटक सोही कसूर गरेमा पाँच हचार रुपैयाँदेखि दश हजार रुपैयाँसम्म जरिवाना र सोही कसूर तेस्रो वा सोभन्दा बढी पटक गरेमा प्रत्येक पटकको लागि पन्ध्र हजार रुपैयाँका दरले जरिवाना गरी फोहरमैला उठाउँदा लाग्ने खर्च समेत निजबाट असूल उपर गर्न सक्नेछ ।

(ख) दफा ५१ को खण्ड (ख) र (झ) बमोजिमको कसूर गर्नेलाई कार्यपालिकाले पाँच सय रुपैयाँ देखि पाँच हजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ ।

(ग) दफा ५१ को खण्ड (ग) बमोजिमको कसूर गर्नेलाई कार्यपालिकाले पन्ध्र हजार रुपैयाँ देखि पचास हजार रुपैयाँसम्म जरिवाना गरी कण्टेनर वा संकलन केन्द्र व्यवस्थापन गर्न लाग्ने खर्च असूल उपर गर्न सक्नेछ ।

(घ) दफा ५१ को खण्ड (घ) र (ङ) बमोजिमको कसूर गर्नेलाई कार्यपालिकाले पन्ध्र हजार रुपैयाँदेखि पचास हजार रुपैयाँसम्म जरिवाना गरी अनुमति नलिएसम्म त्यस्तो कार्य गर्न रोक लगाउनेछ ।

(ङ) दफा ५१ को खण्ड (च) बमोजिमको कसूर गर्नेलाई कार्यपालिकाले पाँच हजार रुपैयाँदेखि पन्ध्र हजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ र त्यस्तो वस्तु वा पदार्थबाट कुनै क्षति भइसकेको भए त्यस्तो क्षति बापतको रकम समेत कसूरदाताबाट असूल उपर गर्न सक्नेछ ।

(च) दफा ५१ को खण्ड (छ), (ज) र (द) बमोजिमको कसूर गर्नेलाई कार्यपालिकाले पाँच हजार रुपैयाँदेखि पन्ध्र हजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ ।

(छ) दफा ५१ को खण्ड (ञ) बमोजिमको कसूर गर्नेलाई कार्यपालिकाले तीस हजार रुपैयाँदेखि पचास हजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ ।

(ज) दफा ५१ को खण्ड (ट), (ठ) र (त) बमोजिमको कसूर गर्नेलाई कार्यपालिकाले पचास हजार रुपैयाँदेखि एक लाख रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ र सोही कसूर पुनः गरेमा पहिलो पटक गरेको जरिवानाको दोब्बर जरिवाना गरी प्रचलित कानून बमोजिम अनुमति रद्द गर्नको लागि सम्बन्धित निकायमा लेखि पठाउन सक्नेछ ।

(झ) दफा ५१ को खण्ड (ड), (ढ) र (ण) बमजिमको कसूरलाई प्रचलित संघीय कानून बमोजिम सजाय हुनेछ ।

(ञ) दफा ५१ को खण्ड (थ) बमोजिमको कसूर गर्नेलाई सम्बन्धित कार्यपालिकाले प्रत्येक पटक पाँच सय रुपैयाँ जरिवाना गर्न सक्नेछ ।

(२) वातावरण संरक्षण सम्बन्धमा कसैले देहायको कार्य गरेमा कार्यपालिकाले देहाय बमोजिमको जरिवाना गर्नेछ :

(क) संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत गराउनु पर्ने प्रस्तावको हकमा त्यस्तो प्रतिवेदन स्वीकृत नगराई वा स्वीकृत प्रतिवेदन विपरीत हुने कार्य गरेमा पाँचलाख रुपैयाँसम्म,

(ख) प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन स्वीकृत नगराई वा स्वीकृत प्रतिवेदन विपरीत हुने कुनै प्रस्ताव कार्यान्वयन गरेमा दशलाख रुपैयाँसम्म ।

(३) कसैले उपदफा (२) बमोजिमको कार्य गरेमा सम्बन्धित कार्यपालिकाले तुरुन्त रोकी वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत नगराएमा यस ऐन बमोजिम त्यस्तो प्रतिवेदन स्वीकृत गराउन र त्यस्तो प्रतिवेदन कार्य भएकोमा सो कार्यलाई सुधार गर्न आदेश दिनेछ र यसरी दिइएको आदेश बमोजिम गर्नु सम्बन्धित व्यक्ति वा संस्थाको कर्तव्य हुनेछ । यसरी दिइएको आदेश बमोजिम कार्य नभएमा कार्यपालिकाले उपदफा (१) बमोजिम गरिएको जरिवानाको तेब्बर जरिवाना गर्नेछ ।

(४) उपदफा (२) मा उल्लेखित विषय बाहेक कसैले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम, निर्देशिका, कार्यविधि वा मापदण्ड विपरीतका कुनै कार्य गरेमा कार्यपालिकाले त्यस्तो कार्य गर्न बन्देज लगाई तीन लाख रुपैयाँसम्म जरिवाना गरी दुई महिनाभित्र यो

ऐन वा यस ऐन बमोजिम बनेको नियम, निर्देशिका, कार्यविधि वा मापदण्ड बमोजिमको कार्य गर्न आदेश दिन सक्नेछ। यसरी दिएको आदेश बमोजिम कार्य नभएमा यस उपदफा बमोजिम गरिएको जरिवानाको तेब्बर जरिवाना लाग्नेछ।

(५) उपदफा (३) वा (४) बमोजिम दिएको आदेश बमजिमको कार्य नभएमा त्यस्तो कार्यमा बन्देज लगाइनेछ र त्यस्तो व्यक्ति वा संस्थालाई कालोसूचीमा राख्ने सम्बन्धमा आवश्यक कारबाही गर्न कार्यपालिकाले सिफारिस सहित संघ र प्रदेश सरकारमा पठाउनु पर्नेछ।

(६) यस दफा बमोजिम जरिवाना गर्नु अघि जरिवाना गर्न लागेको व्यक्ति वा संस्था वा आयोजनालाई सफाइ पेश गर्ने मनासिब मौका दिनु पर्नेछ।

(७) उपदफा (२), (३), (४), (५) र (६) मा जुनसुकै व्यवस्था भए पनि यो ऐन प्रारम्भ हुनुअगाडि भइरहेको कामको हकमा नगर कार्यपालिकाले सचेत गराउने वा संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन वा प्रारम्भिक वातावरणीय परीक्षण गराउन जुनसुकै व्यक्ति वा सँस्थालाई निर्देशन दिन सक्नेछ।

**५३. <u>क्षतिपूर्तिः</u>** (१) कसैले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम, निर्देशिका वा मापदण्ड विपरीत प्रदूषण गरेको वा जोखिमपूर्ण फोहर निष्कासन गरेको वा कुनै दुर्घटनाजन्य प्रदूषणका कारणबाट कुनै व्यक्ति वा संस्थालाई कुनै हानी नोक्सानी पुग्न गएमा त्यस्तो कार्यबाट पीडित व्यक्ति वा संस्थाले आफूलाई पुग्न गएको क्षति बापत कार्यपालिका वा तोकिएको निकायबाट क्षतिपूर्ति भराई पाउन निवेदन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम परेको निवेदन सम्बन्धमा छानबिन तथा जाँचबुझ गर्दा निवेदकलाई हानी नोक्सानी भएको ठहरेमा क्षतिको यकिन गरी त्यसरी हानि नोक्सानी पुऱ्याउने व्यक्ति, संस्था वा प्रस्तावकबाट पीडितलाई मनासिब क्षतिपूर्ति भराई दिनु पर्नेछ।

(३) नगरपालिकाको कुनै निकाय वा नगरपालिकाको स्वामित्व र नियन्त्रणमा रहेको संस्थाले प्रदूषण गरी क्षति पुगेको विषयमा परेको निवेदन सम्बन्धमा छानबिन गर्न कार्यपालिकाले मनोनयन गरेको तीन जना विज्ञ रहेको समिति गठन हुनेछ र सो समितिको सिफारिसको आधारमा उपदफा (२) वा (३) बमोजिम दफा दफा ४६ बमोजिमको कोषमा रकम व्यवस्था गरी सोही कोषमार्फत् क्षतिपूर्ति भराई दिनु पर्नेछ।

(५) यस दफा बमोजिम क्षतिपूर्ति निर्धारण गर्ने आधार र अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

**५४. <u>निवेदन दिन सक्नेः</u>** (१) कसैले यस ऐन विपरीत वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत नगराई वा स्वीकृत प्रतिवेदन विपरीत हुने गरी प्रस्ताव कार्यान्वयन गरेमा वा यस ऐन विपरीत हुने कार्य गरेमा वा गर्न लागेमा कार्यपालिका वा कार्यपालिकाले तोकेको अधिकारी समक्ष निवेदन दिन सक्नेछ।

**५५. <u>पुनरावेदनः</u>** (१) दफा ५२ बमोजिम भएको जरिवाना उपर चित्त नबुझ्ने पक्षले उक्त जरिवाना उपर सम्बन्धित जिल्ला अदालतमा पैंतीस दिनभित्र पुनरावेदन गर्न सक्नेछ।

(२) दफा ५३ बमोजिम क्षतिपूर्ति निर्धारण सम्बन्धमा भएको निर्णय उपर चित्त नबुझ्ने पक्षले पैंतीस दिनभित्रस सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन दिन सक्नेछ।

(३) जिल्ला अदालतको फैसला नै अन्तिम हुनेछ ।

५६. **सहुलियत तथा सुविधा प्रदान गर्न सक्ने :** वातावरण तथा जैविक विविधता संरक्षणमा सकारात्मक प्रभाव पार्ने कुनै उद्योग, व्यवसाय, प्रविधि वा प्रक्रियालाई प्रोत्साहित गर्न कानून बमोजिम प्रदान गरिएको सहुलियत तथा सुविधाको अतिरिक्त नगरपालिकाले स्थानीय राजपत्रमा सूचना प्रकाशित गरी सहुलियत तथा सुविधा प्रदान गर्न सक्नेछ ।

## परिच्छेद- ८

## विविध

५७. **ढुङ्गा, गिटि, वालुवा, माटोको उत्खनन, संकलन, उपयोग, विक्री तथा वितरण सम्बन्धमा:** (१) नगरपालिका क्षेत्राधिकार भित्र रहेका ढुङ्गा, गिटि, वालुवा तथा माटोको उत्खनन, संकलन, उपयोग, बिक्रि तथा वितरण सम्बन्धी व्यवस्था संघीय सरकारले जारी गरेको मापदण्ड अनुरुप हुनेछ ।

(२) उपदफा (१) बमोजिमको मापदण्डको अधीनमा रही नगरपालिकाले समेत आफ्नो छुट्टै मापदण्ड र कार्यविधि बनाउन सक्नेछ ।

५८. **भू-उपयोग योजना र भूमि व्यवस्थापन कार्यक्रम सञ्चालन:** संघीय तथा प्रदेश कानूनको अधिनमा रही गरपालिकाले स्थानीय तहको भू-उपयोग योजना र भूमि व्यवस्थापन कार्यक्रम सञ्चालन गर्न सक्नेछ ।

५९. **समन्वय र सहजीकरण गर्ने:** वातावरण तथा प्राकृतिक स्रोत संरक्षण सम्बन्धि राष्ट्रिय तथा प्रादेशिक अभियानमा नगरपालिकाले आवश्यक समन्वय तथा सहयोग गर्नेछ ।

६०. **सर्वेक्षण:** कार्यपालिकाले आफ्नो क्षेत्रमा रहेको वातावरणीय तथा जैविक विविधताको वस्तुस्थिति बुझ्न तथा यकिन गर्न आवधिक रुपमा तोकिए बमोजिमको ढाँचामा वातावरणीय तथा जैविक विविधता सर्वेक्षण गर्न सक्नेछ ।

६१. **गुनासो व्यवस्थापन:** कार्यपालिकाले वातावरण, वातावरण संरक्षण तथा जैविक विविधता सम्बन्धित गुनासो र उजुरीको संकलन गर्ने र त्यसको सम्बोधनको लागि एक अधिकारी तोक्न सक्नेछ ।

६२. **परामर्श लिन सक्ने:** नगरसभा, कार्यपालिका वा वातावरण शाखा (इकाई) ले यस ऐनको कार्यान्वनयको लागि सम्बन्धित विषयका विज्ञसँग सल्लाह र परामर्श लिन सक्नेछ ।

६३. **अधिकार प्रत्यायोजन गर्न सक्ने:** कार्यपालिकाले यस ऐन अन्तर्गत तोकिएका जिम्मेवारी तथा अधिकार वातावरण शाखा (इकाई) मा प्रत्यायोजन गर्न सक्नेछ ।

६४. **प्रचलित कानून बमोजिम हुने:** यस ऐनमा लेखिएजति कुरामा यसै ऐन बमोजिम र अन्यमा प्रचलित कानून बमोजिम हुनेछ ।

६५. **नियम बनाउन सक्ने:** यस ऐनको कार्यान्वयनको लागि कार्यपालिकाले आवश्यक नियम बनाउन सक्नेछ र त्यस्तो नियम नगरपालिकाको स्थानीय राजपत्रमा प्रकाशन पश्चात लागू हुनेछ ।

६६. **मापदण्ड, निर्देशिका र कार्यविधि बनाउन सक्ने:** यस ऐन कार्यान्वयनको लागि कार्यपालिकाले आवश्यक मापदण्ड, निर्देशिका तथा कार्यविधि बनाउन सक्नेछ । त्यस्तो

मापदण्ड, निर्देशिका र कार्यविधि नगरपालिकाको स्थानीय राजपत्रमा प्रकाशन पश्चात लागू हुनेछ ।

अर्जुनधारा राजपत्र

# अर्जुनधारा नगरपालिकाको कृषि व्यवसाय प्रवर्द्धन सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७८

**प्रस्तावनाः** अर्जुनधारा नगरपालिका क्षेत्र भित्रको कृषिको व्यवसायीकरण गर्न, कृषि व्यवसायको प्रर्वधन एवं व्यवस्थापन गर्न, कृषक एवम् कृषि व्यवसायीबीच आपसी सम्बन्ध सुदृढ गर्न तथा कृषि करारको माध्यमबाट उत्पादन बढाउन र बजारीकरणद्वारा व्यवसायिक रुपमा समग्र कृषि विकासका लागि आवश्यक कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

अर्जुनधारा नगरसभाले नेपालको संविधानको धारा २२६ र स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ बमोजिम अर्जुनधारा नगरपालिकाको आठौँ नगर सभाले यो ऐन बनाएको छ ।

## परिच्छेद १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "अर्जुनधारा नगरपालिकाको कृषि व्यवसाय प्रवर्द्धन ऐन, २०७७" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसँगले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "प्रमुख" भन्नाले नगरपालिकाको प्रमुख सम्झनुपर्छ ।

(ख) "उत्पादक" भन्नाले कृषि वस्तु उत्पादन गर्ने कृषक वा कम्पनी वा कृषि फार्म वा सहकारी उत्पादक सम्झनु पर्छ ।

(ग) "एजेन्ट" भन्नाले कृषि उद्यमी, व्यवसायी, कृषि बजार वा कृषिजन्य वस्तुहरूको कारोबार गर्ने दर्तावाला व्यक्ति सम्झनु पर्छ र सो शव्दले सँगठित संस्थाको प्रतिनिधिलाई समेत जनाउँछ ।

(घ) "कार्यपालिका" भन्नाले अर्जुनधारा नगर कार्यपालिका सम्झनुपर्छ ।

(ङ) "कोष" भन्नाले यस ऐनको दफा १० बमोजिम स्थापित कृषि व्यवसाय प्रवर्द्धन कोषलाई सम्झनु पर्छ ।

(च) "कृषक" भन्नाले यस ऐनको प्रयोजनका लागि कसैको जग्गा करारमा लिई वा आफ्नै जग्गामा व्यावसायिक कृषि खेती गर्ने कृषक, कृषक समूह, कृषि व्यवसायी, कृषि फर्म र कृषि सहकारी समेतलाई सम्झनु पर्छ ।

(छ) "कृषि" भन्नाले अनुसूची (१) मा उल्लेख भए बमोजिमका बिषयसँग सम्वन्धित कृषिलाई सम्झनु पर्दछ र सो शव्दले व्यावसायिक कृषिलाई समेत जनाउँछ ।

(ज) "कृषि फार्म" भन्नाले व्यवसायिक प्रयोजनको लागि अनुसूची (१) बमोजिमका बाली उत्पादनका लागि सञ्चालन गरिएको कृषि फार्म सम्झनु पर्छ ।

(झ) "कृषि बजार" भन्नाले कृषि उपजको ग्रेडिङ, प्याकेजिङ्ग, ढुवानी, भण्डारण, वितरण तथा कृषि उपजको बिक्री वितरण गर्ने कृषि बजार सम्झनुपर्छ ।

(ञ) “कृषि वस्तु” भन्नाले कृषकले कुनै बोट विरुवा वा जीवजन्तुबाट उत्पादन गरेको उपभोग्य कृषि वस्तु सम्झनु पर्छ ।

(ट) “कृषि व्यवसाय” भन्नाले देहायको व्यवसाय सम्झनु पर्छः-

(१) व्यावसायिक उद्देश्यले गरिने कृषि बाली वा बस्तुको उत्पादन,

(२) कृषिजन्य वस्तुको प्रशोधन,

(३) कृषि उपजको व्यापार,

(४) कृषि उत्पादनका लागि प्रयोग हुने रासायनिक वा प्राङ्गारिक मलको उत्पादन, भण्डारण तथा वितरण,

(५) कृषि उत्पादनको लागि प्रयोग हुने विउ, वेर्ना, नश्ल र भुराको उत्पादन, परामर्श सेवा, भण्डारण तथा वितरण,

(६) कृषिमा प्रयोग हुने औषधि एवम् विषादीको उत्पादन, परामर्श, भण्डारण तथा बिक्री व्यवसाय ।

(ठ) “खुद्रा बजार” भन्नाले कुनै विक्रेताले उपभोक्तालाई बिक्री गर्ने खुद्रा बजारलाई सम्झनु पर्छ ।

(ड) “नगरपालिका” भन्नाले अर्जुनधारा नगरपालिका सम्झनु पर्छ ।

(ढ) “तोकिएको वा तोकिए बमोजिम” भन्नाले यस ऐन बमोजिम बनेको नियमावलीमा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(ण) “थोक बजार” भन्नाले कुनै उत्पादक वा विक्रेताले अर्को विक्रेतालाई कृषि वस्तु बिक्री वितरण गर्ने थोक बजारलाई सम्झनुपर्छ ।

(त) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले अर्जुनधारा नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्छ ।

(थ) “बिक्रेता” भन्नाले कृषि वस्तुहरू बिक्री गर्ने व्यापारी, कृषक, कृषक समूह, कृषि फार्म, सहकारी संस्था, कम्पनी वा एजेन्ट बिक्रेता समेतलाई सम्झनु पर्छ ।

(द) “मन्त्रालय” भन्नाले संघ तथा प्रदेशको कृषि क्षेत्र हेर्ने मन्त्रालयलाई सम्झनु पर्दछ ।

(ध) “व्यवसायिक कृषि करार” भन्नाले व्यवसायिक कृषि खेती वा कृषि फार्मको सञ्चालन, कृषि वस्तुको व्यावसायिक उत्पादन, खरिद, विक्री, सञ्चय र बजारीकरण गर्न वा कृषि व्यवसाय प्रबर्द्धन गर्न दुई वा सो भन्दा बढी पक्षहरु वीच भएको सम्झौता वा व्यवसायिक कृषि करारलाई सम्झनु पर्दछ । यस शब्दले व्यवसायिक कृषि प्रयोजनको लागि व्यक्तिगत वा संस्थागत रुपमा लिजमा लिन दिन वा कृषिजन्य उद्योगको लागि कृषि वस्तु वा वालीको उत्पादन वा आपुर्ति गर्न दुई वा दुईभन्दा बढी पक्षहरूबीच क्षेत्रफल, परिमाण, मूल्य र गुणस्तरको आधारमा भएको करारलाई समेत जनाउँछ ।

(न) “वडा” भन्नाले अर्जुनधारा नगरपालिकाको वडा सम्झनुपर्छ ।

(ब) "समिति" भन्नाले यस ऐनको दफा ५ बमोजिम गठन भएको कृषि बजार सञ्चालन तथा व्यवस्थापन समिति सम्झनु पर्छ ।

(भ) "सभा" भन्नाले अर्जुनधारा नगरसभालाई सम्झनुपर्छ ।

(म) "संकलन केन्द्र" भन्नाले कृषकहरुले दोस्रो बजारमा विक्री गर्ने उद्देश्यले कृषि उपज संकलन गरेर विक्रेतालाई विक्री गर्ने संकलन केन्द्रलाई सम्झनु पर्छ ।

(य) "हाट-बजार" भन्नाले कृषि उपज लगायत अन्य स्थानीय उत्पादन विक्री गर्ने उद्देश्यले स्थानीय तहबाट स्वीकृत लिई संचालन भएको हाट बजारलाई सम्झनु पर्छ ।

(र) "कार्यालय" भन्नाले अर्जुनधारा नगर कार्यपालिकाको कार्यालयलाई सम्झनु पर्छ ।

## परिच्छेद २
## कृषि बजार सम्वन्धी व्यवस्था

**३ कृषि बजारको स्थापनाः** (१) नगरपालिकाले आफ्नो क्षेत्रभित्रको कुनै पनि स्थानमा कृषि बजारको स्थापना गर्न सक्नेछ ।

(२) कृषि सम्वन्धी सहकारी वा कृषि सम्वन्धी व्यवसायिक संस्थाले नगरपालिकाको अनुमति लिई कृषि बजारको स्थापना गर्न सक्नेछ ।

**४.कृषि बजारको वर्गीकरणः** (१) यस ऐनको दफा ३ बमोजिम स्थापना हुने कृषि बजारको वर्गीकरण देहाय बमोजिमको हुनेछः-

(क) थोक बजार,

(ख) खुद्रा बजार,

(ग) हाट-बजार,

(घ) संकलन केन्द्र ।

(२) उपदफा (१) बमोजिमको बजार सञ्चालन वापत लाग्ने शुल्क सभाले तोके बमोजिम हुनेछ ।

(३) बजार सञ्चालन सम्वन्धी अन्य व्यवस्था कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

**५.कृषि बजार सञ्चालन तथा व्यवस्थापन समितिः** (१) यस ऐनको दफा (३) बमोजिम स्थापना भएको कृषि बजारको सञ्चालन तथा व्यवस्थापन गर्नको लागि कृषि बजार तथा व्यवस्थापन समिति रहनेछ ।

(२) कृषि बजार सञ्चालन तथा व्यवस्थापन समिति सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

अर्जुनधारा राजपत्र

## परिच्छेद ३

## कृषि व्यवसाय प्रवर्द्धन सम्बन्धी व्यवस्था

**६. स्थानीय कृषि व्यवसाय प्रवर्द्धन समितिः** (१) कृषि क्षेत्रको समग्र विकास तथा प्रवर्द्धन लगायतका कार्य गर्न अर्जुनधारा नगरपालिकामा एक स्थानीय कृषि व्यवसाय प्रवर्द्धन समिति रहनेछ ।

(२) उपदफा (१) बमोजिमको समितिमा देहाय बमोमिजका सदस्यहरु रहने छन् ।

| | |
|---|---|
| (क) प्रमुख | – अध्यक्ष |
| (ख) कृषि क्षेत्र हेर्ने कार्यपालिकाको सदस्य | – सदस्य |
| (ग) प्रमुख प्रशासकीय अधिकृत | – सदस्य |
| (घ) नगरपालिकास्तरीय खाद्य सुरक्षा समितिको संयोजक वा प्रमुख | – सदस्य |
| (ङ) समितिले मनोनयन गरेको विज्ञ सदस्य एक जना | – सदस्य |
| (च) समितिले मनोनयन गरेको व्यवसायिक किसानमध्ये एक जना | – सदस्य |
| (छ) नगरपालिकाको कृषि शाखा प्रमुख | – सदस्य सचिव |

(३) समितिले सम्बन्धित क्षेत्रको विशेषज्ञ तथा अन्य व्यक्तिलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(४) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आँफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(५) समितिले यस ऐनको उद्देश्य कार्यान्वयन गर्न आवश्यकता अनुसार विभिन्न उप–समितिहरु गठन गर्न सक्नेछ ।

**(६) समितिको सचिवालयः** अर्जुनधारा नगर कार्यपालिकाको कार्यालयको कृषि क्षेत्र हेर्ने विभाग, शाखा वा महाशाखामा रहनेछ ।

**७. समितिको काम, कर्तव्य र अधिकारः** यस ऐनमा अन्यत्र व्यवस्था भएदेखि वाहेक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) स्थानीयस्तरमा कृषि व्यवसाय प्रवर्द्धन गर्न आवश्यक नीति तथा योजना तर्जुमा गर्ने,

(ख) कृषि व्यवसाय प्रवर्द्धन गर्न संघीय तथा प्रादेशिक निकायसँग समन्वय र सहकार्य गर्ने,

(ग) कृषि व्यवसायको प्रवर्द्धन गर्ने सम्बन्धमा आवश्यक कार्य गर्ने,

(घ) कृषि व्यवसायको प्रवर्द्धन गर्ने सम्बन्धमा कार्यक्रम संचालन गर्ने,

(ङ) कृषि व्यवसाय प्रवर्द्धन गर्न आवश्यक पर्ने सीप, प्रविधि तथा अन्य आवश्यक विषयको उचित व्यवस्था गर्न प्रवर्द्धनात्मक कार्यहरु गर्ने,

(च) कृषि व्यवसाय प्रवर्द्धन कोषको सञ्चालन गर्ने,

(छ) तोकिए बमोजिमको अन्य आवश्यक कार्य गर्ने ।

**८. कृषि व्यवसायलाई सुविधा दिनेः-** (१) नगरपालिकाले कृषि व्यवसायका लागि देहाय बमोजिम छुट तथा सुविधा दिन सक्नेछ :-

(क) स्थानीय कर निकासी शुल्क

(ख) कृषि व्यवसाय प्रवर्द्धन सम्बन्धी प्रविधि प्रयोग र विस्तारमा अनुदान जस्तै ढुवानी साधन, यान्त्रिक उपकरण आदि ।

(२) उपदफा (१) बमोजिम दिइने छुट तथा सुविधाहरु तोकिए बमोजिम हुनेछ ।

(३) उपदफा (१) बमोजिम दिइने सुविधाको अतिरिक्त अन्य सुविधा समितिको सिफारिसमा कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

**९.कृषि ऋण:** (१) कुनै पनि बैंक वा वित्तीय संस्थाले सो संस्थाको नियम बमोजिम कृषि ऋण उपलव्ध गराउन सक्नेछ ।

(२) प्रचलित नेपाल कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐन बमोजिमको व्यावसायिक कृषि करार सम्बन्धी सम्झौतालाई धितोको रूपमा स्वीकार गरी कुनै बैंक वा वित्तीय संस्थाले उपदफा (१) बमोजिमको ऋण उपलव्ध गराउन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम उपलव्ध गराउने ऋणलाई सरकारको अति प्राथमकिता क्षेत्रमा कर्जा लगानी गरेको सरह मानी सो वापत उक्त बैंक वा वित्तीय संस्थाले पाउने सुविधा समेत पाउन सक्नेछ ।

(४) कुनै बैंक वा वित्तीय संस्थाले उपदफा (२) बमोजिम गरेको लगानी उठ्न नसक्ने भई अपलेखन गर्नु पर्ने भएमा सो अपलेखन गरेको वर्षको खुद कर योग्य आयबाट सो अङ्क बरावरको रकम घटाउन सक्नेछ ।

## परिच्छेद ४
## कोषको स्थापना तथा सञ्चालन

**१०. कोषको स्थापना:** (१) कृषि व्यवसाय प्रवर्द्धन गर्नका लागि एक छुट्टै कृषि व्यवसाय प्रवर्द्धन कोषको स्थापना गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरु रहने छन् -

(क) संघीय तथा प्रादेशिक सरकारबाट प्राप्त रकम,

(ख) नगरपालिकाबाट प्राप्त रकम,

(ग) नेपाल सरकारबाट विदेशी सरकार, अन्तराष्ट्रिय संघ संस्थासँग सम्झौता गरी स्थानीय तहमा विनियोजित रकम वापत प्राप्त रकम

(घ) अन्य कुनै स्रोतबाट प्राप्त रकम ।

(३) उपदफा (१) को खण्ड (ग) बमोजिमको रकम प्राप्त गर्नु अघि संघीय अर्थ मन्त्रालयको स्वीकृति लिनु पर्नेछ ।

**११. कोषको सञ्चालन:**(१) नगरपालिकाको नीति, कानुन तथा निर्देशन बमोजिम कृषि व्यवसायको प्रवर्द्धन गर्नका लागि कोषको रकम खर्च गरिनेछ ।

(२) कोषको सचिवालय नगरपालिका अन्तर्गतको कृषि शाखामा रहनेछ ।

**१२. कोषको सञ्चालन सम्बन्धी व्यवस्था:** (१) समितिको तर्फबाट गरिने सम्पूर्ण खर्च दफा १० बमोजिमको कोषबाट तोकिए बमेजिम व्यहोरिनेछ ।

(२) समितिको कोषमा रहेको रकम समितिले प्रचलित कानून बमोजिम कुनै बैकमा खाता खोली जम्मा गर्नेछ ।

(३) समितिको कोषको सञ्चालन कार्यालयको अन्य खर्च खाता सञ्चालन गर्ने अधिकारीहरुको संयुक्त दस्तखतबाट हुनेछ ।

(४) कोषको सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**१३. लेखा र लेखापरीक्षण** (१) कोषको आय व्ययको लेखा प्रचलित कानून बमोजिम राख्नु पर्नेछ ।

(२) कोषको लेखापरीक्षण महालेखा परीक्षकबाट हुनेछ ।

## परिच्छेद ५
## व्यवसायिक कृषि करार (लिज)

**१४. व्यवसायिक कृषि करार गर्न सकिने:** (१) यस ऐन बमोजिम कृषि व्यवसायको प्रवर्द्धन गर्न दुई वा दुई भन्दा बढी पक्षबीच व्यवसायिक कृषि करार गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिम करार गर्दा प्रचलित नेपाल कानूनको अधिनमा रही पक्षहरुको आपसी सहमतिमा विद्युतीय प्रणालीको माध्यमबाट समेत गर्न सकिनेछ ।

(३) उपदफा (२) बमोजिमको करार गर्दा अपनाउनु पर्ने प्रक्रिया तोकिए बमोजिम हुनेछ ।

**१५. जग्गा तथा भौतिक साधन उपलब्ध गराउन सकिने:** कुनै व्यक्ति, संस्था वा निकायले कृषि व्यवसाय गर्ने प्रयोजनका लागि व्यक्ति, कृषि फार्म वा व्यवसायी, कृषक समूह वा त्यस्ता कृषक समुह मिलेर बनेको समिति, सहकारीलाई जग्गा तथा भौतिक सम्पत्ति करार गरी उपलब्ध गराउन सक्नेछ ।

**१६. जग्गा तथा भौतिक साधन माग गर्न सक्ने:** (१) कुनै कृषक वा कृषि व्यवसायीले व्यावसायिक रुपमा कृषि सम्बन्धी कार्य गर्नको लागि प्रचलित कानूनको प्रतिकूल नहुने गरी करार बमोजिम जग्गा तथा भौतिक साधन प्राप्त गर्न दफा १५ बमोजिमका व्यक्ति वा निकायसँग माग गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम जग्गा तथा भौतिक साधन माग भई आएमा निश्चित अवधि तोकी प्रचलित कानून बमोजिम सम्बन्धित निकायले करारमा जग्गा तथा भौतिक साधन उपलव्ध गराउन सक्नेछ ।

(३) जग्गा तथा भौतिक साधन उपलब्ध गराउने सम्बन्धी प्रक्रिया तथा अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(४) खेती नगरी लगातार २ बर्षसम्म बाँझो रहेको कृषियोग्य जमिन नेपाल सरकारले तोकिए वमोजिम कृषि प्रयोजनका लागि प्रयोगमा ल्याउन सक्नेछ ।

**१७. स्वामित्व हस्तान्तरण नहुने:** यस ऐनको दफा १५ बमोजिम कुनै जग्गा वा भौतिक साधन उपलब्ध गराएको अवस्थामा करार गरेको वा लिजमा लिएको कारणले मात्र जग्गा वा भौतिक साधनमा करारका पक्षको स्वामित्व हस्तान्तरण हुने छैन ।

**१८. पुनः करार गर्न नहुने:** यस ऐन बमोजिम करार गर्ने पक्षले दोश्रो पक्षको सहमती नलिइ सोही बिषयमा तेश्रो पक्षसँग पुनः करार गर्न पाउने छैनन ।

**१९. व्यवसायिक कृषि करारका विषयवस्तुहरू :** (१) यस ऐन बमोजिम कृषि करार गर्दा करारको प्रकृति र अवस्था अनुरुप अनुसूची( २ मा उल्लेख भए बमोजिम हुनेछ ।

(२) यस ऐनको प्रतिकुल नहुने गरी पक्षहरूको सहमतिमा उपदफा (१) मा उल्लेखित विषय बाहेकका अन्य उपयुक्त विषयवस्तुहरु समेत व्यवसायिक कृषि करारमा समावेश गर्न सकिनेछ ।

**२०. व्यवसायिक कृषि करारका पक्षहरूको दायित्वः** (१) यस ऐनको दफा १५ वा १६ बमोजिम कृषि व्यवसाय सञ्चालन गर्न लिएको जग्गा तथा भौतिक साधनमा पक्षहरूको दायित्व यस ऐनमा उल्लेख भएको अतिरिक्त अन्य दायित्व करारमा तोकिए बमोजिम हुनेछ ।

(२) कृषि वस्तुको परिमाण वा क्षेत्र तोकी गरिने व्यवसायमा पक्षहरूको दायित्व पक्षहरू बीच करार भएकोमा यस ऐनमा उल्लेख भएको अतिरिक्त अन्य कुराहरू करारमा उल्लेख भए बमोजिम हुनेछ ।

(३) व्यवसायिक कृषि करार गर्ने पक्षहरूले कृषि करार प्रयोजनको लागि कृषि उत्पादन सामग्री, प्रविधि र ऋण वा अन्य सहायता आफै वा वित्तीय संस्थाहरू मार्फत तोकिएका शर्तहरूको आधारमा उपलब्ध गराउने गरी आ-आफ्नो दायित्व निर्धारण गर्न सक्नेछन् ।

(४) व्यवसायिक कृषि करार गर्ने पक्षहरुले प्रचलित कानूनको प्रतिकूल नहुने गरी गर्नु पर्नेछ ।

**२१.करार पूरा गर्नु पर्ने समय र तरिकाः** (१) करारमा करार पूरा गर्ने समय र तरिका उल्लेख भएकोमा उल्लिखित समयभित्र र उल्लिखित तरिका बमोजिम करार पूरा गर्नु पर्नेछ ।

(२) करार बमोजिमको काम गर्न करारमा कुनै समय वा तरिका तोकिएको रहनेछ तर सो काम कुनै खास समयमा वा कुनै खास तरिकाले मात्र गर्न सकिने रहेछ भने सोही समयमा सोही तरिका बमोजिम गर्ने गरी करार भएको मानिनेछ ।

(३) उपदफा (२) मा लेखिएको अवस्थामा बाहेक करारमा करार पूरा गर्ने समय र तरिका उल्लेख नभएमा उचित समयभित्र उपयुक्त तरिका अपनाई पूरा गर्नु पर्नेछ ।

**२२.करार पूरा गर्ने स्थानः** (१) करार बमोजिम काम पूरा गर्न कुनै निश्चित स्थान तोकिएको रहेछ भने सो काम सोही स्थानमा पूरा गर्नु पर्नेछ ।

(२) करार बमोजिम कुनै एक पक्षले अर्को पक्षलाई कुनै मालसामान दिने वा बुझाउने स्थान करारमा तोकिएको रहेछ भने सोही स्थानमा नै दिनु वा बुझाउनु पर्नेछ ।

(३) करार बमोजिम काम गर्ने निश्चित स्थान नतोकिएको तर सो काम कुनै खास स्थानमा मात्र गर्न सकिने वा चलन व्यवहार वा सो कामको प्रकृति अनुसार कुनै खास स्थानमा मात्र गर्नु पर्ने किसिमको रहेछ भने सो काम सोही स्थानमा गर्ने गरी करार भएको मानिनेछ ।

(४) उपदफा (२) र (३) मा लेखिए देखि बाहेक अन्य अवस्थामा करार बमोजिम काम गर्ने स्थान करारमा उल्लेख भएको रहेनछ भने करार बमोजिम काम गर्ने पक्षले अर्को पक्षलाई मनासिब माफिकको स्थान तोकिदिन सूचना गर्नु पर्नेछ र अर्को पक्षले पनि सो काम गर्न मनासिब माफिकको स्थान तोकिदिनु पर्नेछ ।

**२३. करार पूरा गर्नु नपर्ने अवस्था:** देहायका अवस्थामा करार बमोजिम काम गर्न आवश्यक पर्ने छैन ।

(क) करारको एक पक्षले अर्को पक्षलाई करार बमोजिमको दायित्व पूरा गर्नु नपर्ने गरी छुट दिएमा,

(ख) बदर गराउन सकिने करार बदर गराउन पाउने पक्षले बदर गराएमा,

(ग) अर्को पक्षले करार उल्लंघन गरेको कारणबाट करारको परिपालना हुने नसक्ने भएमा,

(घ) यस ऐनको कुनै व्यवस्था बमोजिम करार बमोजिमको काम गर्नु नपर्ने भएमा,

(ङ) करार गर्दाको परिस्थितीमा आधारभूत परिवर्तन भै करारको परिपालना गर्न असम्भव भएमा ।

**२४. करार दर्ता गर्नु पर्ने**: (१) यस ऐन अन्तर्गत सम्पन्न गरिएका करारहरु सम्झौता भएको मितिले पैंतिस दिनभित्र नगरपालिकामा दर्ता गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम करार दर्ता गर्दा तोकिए बमोजिमको दस्तुर लाग्नेछ ।

(३) दर्ता नगरिएको करारको आधारमा नेपाल सरकार वा अन्य निकायले दिने सुविधा वा सहुलियत दिने प्रयोजनको लागि मान्यता प्राप्त गर्ने छैन ।

(४) उपदफा (१) बमोजिम भएको करारको आधिकारिक प्रति नगरपालिकाको तोकिएको अधिकारीले अनिवार्य रूपले राख्नु पर्नेछ ।

(५) उपदफा (१) बमोजिमको करार दर्ता गर्न दुवै पक्षहरू स्वयम् वा उनीहरूको कानुन बमोजिमको प्रतिनिधि उपस्थित हुनु पर्नेछ ।

(६) नगरपालिकाले कुनै व्यवसायी वा कृषकले कृषि करार दर्ता गर्न ल्याएकोमा दर्ता गर्ने अधिकारीले यस ऐन बमोजिम उल्लेख हुनुपर्ने कुनै कुरा उल्लेख नभएको वा अनुचित प्रावधान उल्लेख भएकोमा सो परिमार्जन गरेर मात्र दर्ता गर्न आदेश दिन सक्नेछ ।

(७) उपदफा (६) बमोजिम दिइएको आदेश करारका पक्षहरूले पालन गर्नु पर्नेछ ।

## परिच्छेद ६
## विवाद समाधान

**२५. विवादको समाधान:** (१) यस ऐन अन्तर्गत गरिएका कृषि करारको कार्यान्वयनको सम्बन्धमा कुनै विवाद उत्पन्न भएमा पक्षहरूले आपसी बार्ताबाट त्यस्ता विवादहरू समाधान गर्न सक्नेछन् ।

(२) उपदफा (१) बमोजिम वार्ताबाट विवाद समाधान हुन नसकेमा पक्षहरुले प्रचलित कानुन बमोजिम स्थानीय न्यायिक समितिमा निबेदन दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम निबेदन पर्न आएमा स्थानीय न्यायिक समितिले पैंतिस दिन भित्र मेलमिलापको माध्यमबाट विवादको टुंङ्गो लगाउनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम भएको विवादको टुङ्गो उपर चित्त नवुभ्ने पक्षले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम ३५ दिनभित्र सम्वन्धित जिल्ला अदालतमा पुनरावेदन गर्न सक्नेछ ।

(५) उपदफा (३) बमोजिम मेलमिलापबाट विवाद समाधान हुन नसकेमा पक्षहरुले प्रचलित कानुन बमोजिम मध्यस्थता सम्बन्धी कारवाही अगाडी बढाउन समेत सक्नेछन् ।

(६) मध्यस्थता सम्बन्धी कारवाही अगाडी बढाउँदा मध्यस्थकर्ताको नाम करारमा नै उल्लेख भएकोमा सोही बमोजिम हुनेछ ।

(७) उपदफा (६) बमोजिम करारमा नाम उल्लेख नभएकोमा पक्षहरूका प्रतिनिधि, स्थानीय तहका प्रतिनिधि वा स्थानीय तहबाट तोकिएका बिषयविज्ञ वा मेलमिलापकर्ता सहितको मध्यस्थता समितिको गठन गरिनेछ ।

(८) उपदफा (७) बमोजिम मध्यस्थता चयनको लागि दुबै पक्षहरूबाट अनुरोध भई आएमा सम्वन्धित व्यक्ति वा कार्यालयले अनिवार्य रूपमा सात दिनभित्रमा लिखित सहमति वा असहमति दिनु पर्नेछ ।

(९) मध्यस्थता समितिले उजुरी परेको सात दिनभित्र वार्ताद्वारा विवादको समाधान गर्नु पर्नेछ ।

(१०) उपदफा (९) बमोजिम विवाद समाधान हुन नसकेमा सम्वन्धित पक्षलाई उजुरी उपर सात दिनको म्याद दिई प्रतिवाद गर्ने मौका दिनु पर्नेछ ।

(११) उपदफा (१०) बमोजिमको समयावधिभित्र सम्वन्धित पक्षले प्रतिवाद गरी वा नगरी बसेमा सो व्यहोरा उल्लेख गरी मध्यस्थता समितिले थप सात दिनभित्रमा आफ्नो निर्णय दिनु पर्नेछ ।

(१२) उपदफा (११) बमोजिम मध्यस्थता समितिद्वारा गरिएको निर्णय अन्तिम हुनेछ ।

(१३) यस ऐन बमोजिम मध्यस्थता समितिद्वारा गरिएको निर्णय उपर चित्त नवुभ्ने पक्षले मध्यस्थता ऐन, २०५५ को म्यादभित्रै सम्बन्धित उच्च अदालतमा निवेदन दिन सक्नेछ ।

(१४) मध्यस्थता समितिको अन्य कार्यविधि करारमा उल्लेख भएकोमा सोही बमोजिम र अन्यका हकमा मध्यस्थता समितिले तोके बमोजिम हुनेछ ।

(१५) मध्यस्थकर्ताले पारिश्रमिक र सुविधा पक्षहरूबाट लिन सक्नेछन् ।

**२६. म्याद सम्बन्धमा:** यस ऐन बमोजिमको विवादमा पक्षको कावु वाहिरको परिस्थिति परी यस ऐनको दफा २५ को उपदफा (१०) बमोजिमको म्याद गुज्रन गएमा एक पटकलाई बढीमा पन्ध्र दिन म्याद थप्न पाउनेछ ।

**२७. मध्यस्थता समितिको निर्णयको कार्यान्वयन:**(१) मध्यस्थता समितिको निर्णय भएको सात दिनभित्रमा पक्षहरूले निर्णय कार्यान्वयन गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम कुनै पक्षले तोकिएको समयमा निर्णयको कार्यान्वयन नगरेमा त्यस्तो निर्णयको कार्यान्वयनमा जिल्ला प्रशासन कार्यालय र अन्य निकायको सहयोग लिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिमको कार्यालयले निर्णय कार्यान्वयन गर्ने सिलशिलामा सम्बन्धित पक्षको सम्पत्ति वा कारोबार रोक्का राख्न, त्यस्तो सम्पत्ति वा कारोबार रोक्का राखेकोमा फुकुवा गर्न लेखि पठाउन सक्नेछ ।

(४) उपदफा (३) बमोजिम रोक्का वा फुकुवा गरिदिन अनुरोध भई आएमा सम्वन्धित मालपोत कार्यालय, बैंक वा वित्तीय संस्थाले त्यस्तो सम्पत्ति वा कारोबारको रोक्का वा फुकुवा गर्नु पर्र्नेछ ।

(५) मध्यस्थता सम्बन्धी बिषयमा यस ऐनमा उल्लेखित बिषयका हकमा यसै ऐन बमोजिम र अन्य बिषयका हकमा मध्यस्थता ऐन, २०५५ बमोजिम हुनेछ ।

## परिच्छेद ७
## विविध

**२८. व्यवसाय दर्ता गर्नु पर्नेः** (१) करार गरी कृषि व्यवसाय सञ्चालन गर्न चाहने कृषक, कृषि फार्म वा एजेण्ट लगायतले दर्ता नगरी व्यवसाय सञ्चालन गर्नु हुदैन ।

(२) उपदफा (१) बमोजिमको व्यवसायको दर्ता प्रमुख प्रशासकिय अधिकृतले गर्नेछ । निजले अधिकृतस्तरको कुनै कर्मचारीलाई आवश्यकता अनुसार यस्तो करार दर्ता गर्ने अधिकार प्रत्यायोजन गर्न सक्नेछ ।

(३) व्यवसाय करार दर्ता तथा शुल्क लगायतका अन्य व्यवस्था कार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

**२९.क्षतिपूर्ति सम्बन्धी व्यवस्थाः** (१) करार कार्यान्वयनको सन्दर्भमा कुनै पक्षका काम कारवाहीबाट अर्को पक्षलाई क्षति पुग्न गएमा करारमा नै क्षतिपूर्तिको मात्रा तोकिएकोमा सोही बमोजिम र नतोकिएको हकमा सम्झौताको प्रकृति, स्थलगत निरीक्षण, स्थानीय सर्जमिन, विशेषज्ञको राय, प्रचलित दरभाउ समेत बुझी सोको आधारमा मर्का पर्ने पक्षलाई मध्यस्थता समितिले क्षतिपूर्ति भराइदिने निर्णय गर्न सक्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि पक्षको काबु वाहिरको परिस्थितिले गर्दा करारको यथावत् परिपालना हुन नसकेको अवस्थामा यस ऐन बमोजिमको दायित्व तिर्नु व्यहोर्नु पर्ने छैन । तर करार गर्दाको अवस्थामा पक्षवीच कुनै लेनदेन भएको रहेछ भने अवस्था हेरी मर्का पर्ने पक्षलाई लेनदेनको सामान, वस्तु वा नगद फिर्ता दिनु पर्नेछ ।

**३०.कारवाही चलाउने तथा दण्ड सजाय गर्ने अधिकारी :** (१) यस ऐन बमोजिम दण्ड सजाय गर्ने वा क्षतिपूर्ति भराउने अधिकार स्थानीय न्यायिक समितिलाई हुनेछ ।

(२) यस ऐन बमोजिम कारवाही तथा सजाय हुने मुद्दा अनुसन्धान तथा तहकिकात गर्ने अधिकारीले सम्बन्धित जिल्ला सरकारी वकिल कार्यालयको परामर्श तथा सहयोग लिन सक्नेछ ।

**३१.दण्ड सजायः** (१) कसैले यस ऐनको देहाय बमोजिम कसुर गरेमा देहाय बमोजिमको सजाय हुनेछः

(क) दफा ३ र ४ विपरित कृषि बजार स्थापना र सञ्चालन गरेमा पच्चिस हजार देखि पचास हजार रूपैयाँसम्म,

(ख) मनासिव कारण वेगर दफा २८ को उपदफा (२) को कार्य नगरेमा वा गर्न इन्कार गरेमा त्यस्तो कार्यालयको मुख्य भई कार्य गर्ने अधिकारी वा त्यस्तो कार्य कुनै अधिकारीलाई प्रत्यायोजन गरिएकोमा त्यस्तो जिम्मेवारी प्राप्त अधिकारीलाई पच्चिस हजारदेखि पचास हजार रूपैयाँसम्म,

(ग) दफा २९ बमोजिम क्षतिपूर्ति भर्ने आदेश दिएकोमा लापरवाही पूर्वक त्यस्तो क्षतिपूर्ति नदिएमा त्यस्तो अटेर गर्नेलाई पच्चिस हजारदेखि पचास हजार रूपैयाँसम्म ।

(घ) यस ऐन वा यस ऐन अन्तरगत बनेको नियमावली विपरित कुनै कार्य गरी त्यसबाट कसैको हानी नोक्सानी भएको रहेछ भने त्यस्तो हानी नोक्सानी निजबाट नै भराईनेछ ।

**३२.पुनरावेदनः** यस ऐनको दफा ३१ बमोजिम दिएको सजायमा चित्त नबुझ्ने पक्षले पैंतीस दिनभित्र सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन दिन सक्नेछ ।

**३३. बीमा सम्बन्धी व्यवस्थाः** (१) यस ऐन बमोजिम करार गरी गरिएको कृषि उपजको उत्पादनको सम्झौताको आधारमा विमा समितिले तोकेको प्रकृया पुरा गरी त्यस्तो वीमा कार्य गर्न अख्तियार पाएको विमा कम्पनीले विमा गर्नेछ ।

(२) वीमा गर्ने प्रक्रियाका सम्बन्धमा वीमा समितिले समय समयमा निर्धारण गरे बमोजिम हुनेछ ।

(३) यस ऐन बमोजिम गरिने व्यावसायिक कृषि करार सम्वन्धित निकायमा दर्ता हुनासाथ सोही मितिबाट लागू हुने गरी सम्बन्धित वीमा कम्पनीले वीमा गर्न सक्नेछ ।

(४) कुनै वीमा कम्पनीले व्यावसायिक कृषि करारको विमा गर्दा तिर्नु परेको क्षतिको अङ्क बराबर आफ्नो खुद करयोग्य आयबाट घटाउन पाउनेछ ।

**३४.प्रचलित कानून बमोजिम हुनेः** यस ऐनमा लेखिएको विषयमा यसै ऐन बमोजिम र अन्य विषयमा प्रचलित कानून बमोजिम हुनेछ ।

**३५.वौद्धिक सम्पत्तिको संरक्षण गर्नु पर्नेः** यस ऐन बमोजिम कृषि व्यवसायको प्रवर्द्धन गर्दा वा व्यवसायिक कृषि करार गर्दा वौद्धिक सम्पत्ति, भौगोलिक परिचय तथा कृषक अधिकार समेतको संरक्षण हुने गरी गर्नु पर्नेछ ।

**३६.नियम वनाउन सक्नेः** यस ऐनको उद्देश्य कार्यान्वयन गर्न कार्यपालिकाले आवश्यक नियम, निर्देशिका वा कार्यविधि बनाउन सक्नेछ ।

**३७. बचाऊः** यस ऐनको उद्देश्य तथा बिषयक्षेत्रमा प्रचलित नेपाल कानुन बमोजिम यस अघि भएका कार्यहरु यसै ऐन वमोजिम भएको मानिनेछ ।

## अनुसूचि १
## दफा २ को खण्ड (छ) सँग सम्बन्धित

(१) खाद्यान्न बाली,

(२) वागवानी जन्य: फलफूल, तरकारी, मसलाबाली, पूष्प

(३) पशु, पन्छी

(४) माछा, मासु, दुध, फुल, हाड, छाला, ऊन

(५) च्याउ,

(६) मौरी, रेशम

(७) चिया, कफी, अलैची, सुपारी, घाँसेवाली

(८) तेलहन, दलहन

(९) कपास, जुट, उखु, रबरखेती, टिमुर

(१०) कृषि पर्यटन

(११) कृषिका सबै उपक्षेत्रसँग सम्बद्ध उत्पादन र सो शब्दले औधोगिक प्रयोजनमा हुने कृषिवस्तुहरु

(१२) कृषि तथा पशुजन्य उत्पादनको प्रशोधन उद्योग

(१३) कृषि तथा पशुजन्य उत्पादन सामाग्री (दाना, मलखाद्य, विषादी, औषधी) आदिको प्रशोधन उद्योग

(१४) खेती प्रणालीमा समाबिष्ट कृषि तथा पशुजन्य बस्तहरु ।

अर्जुनधारा राजपत्र

## अनुसूची (२)
## दफा १९ सँग सम्बन्धित

(क) करारका पक्षहरू,
(ख) करार खेतीको क्षेत्र,
(ग) जग्गा र भौतिक साधन,
(घ) वस्तुको विवरण, मात्रा,
(ङ) गुणस्तर,
(ङ) सम्झौताको अवधि,
(च) उत्पादन गरिने वस्तुको खरिद/बिक्री मूल्य,
(छ) भुक्तानीको प्रक्रिया,
(ज) ढुवानीको दायित्व,
(झ) उत्पादन प्रक्रिया,
(ञ) अनुगमनका पक्षहरू,
(ट) काबु बाहिरको परिस्थितिबाट उत्पादनमा पर्न सक्ने असर र त्यसको दायित्व,
(ठ) गुणस्तर निर्धारणका आधारहरू,
(ड) पक्षहरूले एक अर्कोलाई उपलब्ध गराउने सेवा तथा सुविधा,
(ढ) करारको पालनामा विवाद भएमा अपनाइने समाधानका उपाय जस्तै मेलमिलाप तथा मध्यस्थता लगायतका विषय वस्तुहरू आदि ।
(ण) कृषि उपजको मूल्य निर्धारण सम्वन्धी व्यवस्था

**आज्ञाले,**
**अम्बिकाप्रसाद चम्लागाई**
**अर्जुनधारा नगर कार्यपालिकाको**
**कार्यालयको प्रमुख प्रशासकीय अधिकृत**